# न्यूनतम पारिश्रमिक निर्धारण समितिको

# प्रतिवेदन २०६५

सिंहदरवार, काठमाण्डौं

नेपाल

# न्यूनतम पारिश्रमिक निर्धारण समिति

## प्रतिवेदन २०६५

........................
सुरेश आचार्य
अध्यक्ष

| | | |
|---|---|---|
| ................................ | ................................ | ...................... |
| नारायणप्रसाद रेग्मी | विष्णुप्रसाद लम्साल | धर्मेन्द्र झा |
| सदस्य | सदस्य | सदस्य |
| ........................ | ............................. | ...................... |
| महेन्द्र शेरचन | गोपाल बुढाथोकी | शीतल साह |
| सदस्य | सदस्य | सदस्य |
| ........................ | ..................... | ........................ |
| विनोद ढुङ्गेल | विष्णु शर्मा | विष्णु रिजाल |
| सदस्य | सदस्य | सदस्य |
| ........................ | ................................. | ........................ |
| स्नेह सायमि | नीमबहादुर बुढाथोकी | श्रीधर गौतम |
| सदस्य | सदस्य | सदस्य सचिव |

# भूमिका

नेपाली पत्रकारिताको प्रारम्भदेखि नै श्रमजीवी पत्रकारहरूले आफ्नो पहिचानको खोजी गर्दै आएका छन् । कानुनी रुपमा आफ्नो अधिकार स्थापित गर्न उनीहरूले गरेको कोसिस २०५१ सालमा श्रमजीवी पत्रकार ऐन बनेपछि प्राप्त भयो भन्ने ठानिएको थियो । ऐन बनेको दुई वर्षपछि नियमावली पनि तर्जुमा गरियो । त्यसको दुई वर्षपछि ऐनले व्यवस्था गरेबमोजिमको पारिश्रमिक तथा क्षतिपूर्ति निर्धारण समिति पनि गठन भयो । यी सबै सकारात्मक पहलकदमी थिए । यसलाई नेपाली श्रमजीवी पत्रकारहरूले पनि स्वाभाविक रुपमा स्वागत गरे ।

यी सकारात्मक प्रयासहरूको परिणामको सन्दर्भलाई हेर्दा भने निराशाजनक स्थिति रह्यो । यसको मूल कारण कानुन कार्यान्वयनको अभाव थियो । फलतः समिति गठन गर्नेसम्मका सबै प्रयासको औचित्य सावित हुन सकेन । यसका लागि कुनै एक पक्ष मात्र जिम्मेवार वा दोषी रहेन । सरकारले कानुन कार्यान्वयनमा हात हालेर निजी क्षेत्रको मिडियालाई अप्रिय लाग्ने काम गर्न चाहेन । मिडिया सञ्चालकहरू विना नियुक्ति र विना पारिश्रमिक वा अति कम पारिश्रमिकमा काम लगाउन पाइरहेको अवस्थामा बाधा पर्ने गरी कानुनको झञ्झट बोक्नतिर लागेनन् । यसैगरी जो श्रमजीवी पत्रकारहरूका लागि कानुन बन्यो, उनीहरूले कानुनी अधिकार खोज्नुको साटो पाएको श्रम गर्ने अवसरलाई नै उपलब्धी ठाने । फलतः सबै पक्षको उदासीनताको शिकार भएर श्रमजीवी पत्रकार ऐन र नियमावली प्रभावहीन भएर १२ वर्ष कायम रह्यो ।

दोस्रो जनआन्दोलन २०६२/६३ सम्म आइपुग्दा सञ्चारजगत लोकतन्त्र र पूर्ण प्रेस स्वतन्त्रताका पक्षमा प्रखर भएर देखा पऱ्यो । श्रमजीवीहरू त सडक आन्दोलनमै उत्रिए । त्यसपछि गठन भएको सरकारलाई अब श्रमजीवीहरूका लागि केही गर्नुपर्छ भन्ने महसूस भएको देखिन्छ । त्यसो त २०४६ सालको जनआन्दोलनपछि गठन भएको सरकारले पनि श्रमजीवी पत्रकारका लागि कानुन बनाउने प्रतिवद्धता जनाएको थियो र कानुन पनि बनायो तर त्यो व्यवहारमा कार्यान्वयन भएन । त्यसैको पृष्ठभूमिमा नेपाल सरकारले २०६४ सालमा श्रमजीवी पत्रकार ऐनमा संशोधन गऱ्यो र नयाँ ऐनले गरेको व्यवस्थाअनुरुपको न्यूनतम पारिश्रमिक निर्धारण समिति गठन गऱ्यो । यो समिति यसकै परिणाम हो ।

अघिल्ला समितिहरूको तुलनामा यो समितिमा त्रिपक्षीय सन्तुलन खोज्ने प्रयास भएको छ । सरकार, सञ्चार प्रतिष्ठानका सञ्चालक र श्रमजीवी पत्रकारको समान प्रतिनिधित्व यो समितिमा छ । यसका साथै श्रम तथा अर्थ विशेषज्ञ, कामदार प्रतिनिधि र नेपाल पत्रकार महासंघका सभापति

(अध्यक्ष) समितिमा रहेकाछन् । संरचनागत शून्यताबाट काम थाल्नुपर्ने भएकाले समितिले शुरुका दिनमा केही व्यावधान खेप्नु स्वभाविक थियो । अझै पनि यसका आफ्नै कानुनी र व्यवहारिक सीमा छन् । सीमित स्रोत र साधनका आधारमा समितिले तहगत पद वर्गीकरण र तदनुरुपको न्यूनतम पारिश्रमिक निर्धारण गर्ने प्राथमिक दायित्व पूरा गरेको छ ।

यस क्रममा पत्रकार र प्रतिष्ठान सञ्चालकहरूसँग धेरैभन्दा धेरै अन्तर्क्रिया गर्ने प्रयास समितिले गरेको छ । यहाँ उल्लेख गर्नै पर्ने प्रसंग के छ भने, जति पनि अन्तर्क्रिया वा भेटघाट भए, समितिले आफ्नो अवधारणासमेत राख्न नपाउँदै प्रतिष्ठान सञ्चालकहरूले समितिको सिफारिश कार्यान्वयन गर्ने हो भने सञ्चार प्रतिष्ठान नै बन्द गर्नु पर्ने अवस्था आउने अभिव्यक्ति दिए । अर्कातिर जति पनि श्रमजीवीहरूसँग अन्तर्क्रिया भयो; श्रमवापतको पारिश्रमिक पाइरहेकाहरूले राम्रो पारिश्रमिक पाउने र नपाएकाहरूले अब त पाइने भो भन्ने भावका साथ खुशी व्यक्त गरे । समितिले सबै मिडिया विधिसम्मत, सहज र स्वभाविक रुपमा चल्न सकून र प्रकाशन, प्रसारण प्रतिष्ठानहरू व्यवस्थित र संस्थागत होउन् भावनाका साथ काम भइरहेको जानकारीसहित समितिलाई सहयोग गर्न आग्रह गर्ने काम गरिरह्यो । सञ्चार प्रतिष्ठानमा काम गरेर व्यवस्थित र सम्मानजनक तवरले पारिश्रमिक प्राप्त गर्न सकिन्छ र पेशागत विकास गर्न सम्भव छ भन्ने विश्वास दिलाउने प्रयास समितिले गर्न खोजेको हो ।

यस प्रसङ्गमा समितिले काम थालेपछि कानुन क्रियाशील हुँदैछ भन्ने सन्देश देशभरिका सञ्चारमाध्यमका सञ्चालक र श्रमजीवीहरूमा प्रवाह भएको वास्तविकतालाई समितिले सकारात्मक पक्षको रुपमा लिएको छ । समिति आफ्नो कर्तव्य निर्वाहमा क्रियाशील भइरहँदा कतिपय सञ्चार प्रतिष्ठानले कानुनबमोजिमको संरचना तयार गरी पारिश्रमिक तोक्नका लागि समितिसँग सुझावसमेत मागेका छन् । अन्तर्क्रियाका क्रममा पनि धेरैजसो सुझाव र प्रतिक्रियाहरू स्वाभाविक, सकारात्मक र उत्साहजनक नै पाइए । यस्तो विचार र समर्थनलाई सम्मान गर्दै हामीले त्यस प्रकारका सुझाव र समितिका कानुनी कर्तव्यका आधारमा समेत यो प्रतिवेदन तयार पारेका छौं । समितिले गरेको सिफारिश कार्यान्वयन हुन सकोस् भनेर मिडियाको अवस्थालाई समेत मध्यनजर गर्दै यसलाई यथासम्भव व्यवहारिक बनाउने प्रयास गरिएको छ । यस क्रममा विभिन्न सञ्चारमाध्यमलाई फरक ढंगमा वर्गीकरण गर्न प्रस्ताव गरिएको छ । सबै मिडियाको कानुनी हैसियत बराबर हुँदाहुँदै पनि सबैको आर्थिक अवस्था समान नभएको यथार्थलाई मनन गर्दै भिन्न खालको वर्गीकरणको प्रस्ताव गरिएको हो । तर प्रसारण संस्थाहरू हालसम्म वर्गीकरणको प्रक्रियामा नै नआएका र प्रकाशनहरू पनि प्रस्तावित ढङ्गमा वर्गीकरण नहुञ्जेलका लागि सञ्चारमाध्यमका

सञ्चालकलाई नै आआफ्नो श्रेणीको स्वघोषणा गर्न दिनुपर्छ भन्ने मान्यता समितिले अघि सारेको छ । यो प्रतिवेदन कार्यान्वयन गर्दा राज्यले सञ्चार प्रतिष्ठानलाई गर्नुपर्ने सहयोगको पक्षलाई सुझावका रुपमा प्रस्तुत गरेका छौं । यो प्रतिवेदनमा सिफारिश गरेको रकम 'तलबमान' होइन; यो 'न्यूनतम पारिश्रमिक' मात्र हो भन्ने कुरा समिति प्रष्ट पार्न चाहन्छ । यहाँ निर्धारण गरिएकोभन्दा कम पारिश्रमिक दिएर मिडियाले काम लगाउनु हुँदैन भन्ने आधार मात्र हामीले प्रस्ताव गरेका हौं । थप सेवा सुविधा नियमावली मार्फत व्यवस्थित गर्ने कानुनको मनसाय देखिएकाले समितिले केही बोलेको छैन ।

समितिले सुझाव माग्ने क्रममा केही तीतो अपवाद पनि बेहोरेको छ । समितिको कामलाई सबै पक्षले सकारात्मक रुपमा लिए पनि मुलुकका ठूला सञ्चारमाध्यमका सञ्चालकहरूले पर्याप्त सुझाव दिन आनाकानी गर्नुभएको प्रसंङ्ग विस्मृतिमा जाओस् र प्रतिवेदनको कार्यान्वयनमा तदारुकता देखाइयोस् भन्ने समितिका आग्रह छ । सबै सञ्चारमाध्यमको दीगो विकास हुन सकोस् र यस क्षेत्रमा क्रियाशील श्रमजीवीले विना वा नाम मात्रको पारिश्रमिक लिएर पसिना बगाउने अवस्थाको अन्त्य होस् भन्नका लागि व्यावहारिक बाटो खोज्न अधिकतम प्रयास समितिले गरेको छ । सञ्चारजगतमा संलग्न मानव संसाधनको दक्षता अभिवृद्धि गरी व्यावसायिक पत्रकारिताको उत्थानकालागि सञ्चार प्रतिष्ठान र राज्यले छुट्टै लगानी गर्नु पर्दैन भन्ने मानसिकता अद्यापि पाइन्छ । र, यस क्षेत्रमा क्रियाशील श्रमजीवीहरूलाई गलत ढङ्गले चित्रण गर्ने वा पत्रकार स्वयम्मा रहेको गैर व्यावसयिक प्रवृत्तिलाई निरुत्साहित गर्न यो प्रतिवेदनले सहयोग गर्नेछ भन्ने समितिको मान्यता छ । यसो भएमा मात्रै पत्रकारिताले राज्यको चौथो अङ्गको रुपमा प्राप्त गरेको मान्यताको सम्मान हुनेछ र यो क्षेत्रमा श्रम, समय र सम्पत्ति लगानी गर्नेहरूले पनि सम्मान प्राप्त गर्ने छन् भन्ने समितिको विश्वास रहेको छ । यही विश्वासका साथ समितिले गरेको प्रयास र परिश्रममा साथ दिनु हुने तमाम सहयोगी र शुभेच्छुकहरूप्रति हार्दिक आभार प्रकट गर्दै सरोकारवाला सबै पक्षको प्रतिनिधित्व रहेको समितिले तयार पारेको यो प्रतिवेदन कार्यान्वयन गरेर पत्रकारिता क्षेत्र उद्योगको रुपमा विकसित हुन सकोस् र संस्थागत पत्रकारिताको विकासमा सम्वद्ध सबै पक्षबाट सकारात्मक पहलको थालनी होस् भन्ने कामना समितिले गरेको छ ।

धन्यवाद !

**सुरेश आचार्य**

**अध्यक्ष**

# प्रतिवेदनको सारांश

कानुनी रूपमा श्रमजीवी पत्रकारहरूको अस्तित्वलाई छापाखाना तथा प्रकाशन ऐन २०३९ ले पहिलोपटक स्वीकार गऱ्यो । यस ऐनको परिच्छेद ६ मा गरिएको प्रेस काउन्सिलसम्बन्धी व्यवस्थामा काउन्सिलका ११ जना सदस्यहरूमा श्रमजीवी पत्रकारहरूमध्येबाट दुई जना रहने व्यवस्था गरियो । ऐनको कुनै पनि दफामा श्रमजीवी पत्रकारको परिभाषा भने गरिएन । त्यसैको परिणामस्वरुप, प्रेस काउन्सिलमा सम्पादक र प्रकाशक रहिरहेका वा रहिसकेका व्यक्तिहरू पनि श्रमजीवी पत्रकारको हैसियतमा सदस्यमा नियुक्त गर्ने प्रचलन कायम हुन पुग्यो ।

२०४६ सालको राजनीतिक परिवर्तनपछि जारी छापाखाना र प्रकाशनसम्बन्धी ऐन २०४८ ले सम्पादक, प्रकाशक र पत्रकारलाई परिभाषित गरे पनि श्रमजीवी पत्रकारको विषयमा केही बोलेन । छापाखाना र प्रकाशनसम्बन्धी नियमावली २०४९ मा सम्पादक, पत्रकार र स्वतन्त्र पत्रकारको योग्यतासमेत तोकियो  तर श्रमजीवी पत्रकारबारे केही उल्लेख गरिएन । पञ्चायती शासन व्यवस्थाको उत्तरार्द्धदेखि प्रेस काउन्सिलमा श्रमजीवी पत्रकारका नाममा  हुँदै आएको दुई जनाको प्रतिनिधित्व २०४८ सालमा घटाएर एक जनामा सीमित गरियो । जबकि २०४७ सालमै तत्कालीन अन्तरिम सरकारले जारी गरेको राष्ट्रिय प्रेस नीतिमा श्रमजीवी पत्रकारहरूको अस्तित्व स्वीकार गरी उनीहरूका बारेमा आवश्यक कानुनी व्यवस्था गर्ने घोषणा गरिएको थियो ।

२०५१ सालमा श्रमजीवी पत्रकारसम्बन्धी ऐन तर्जुमा गरिएपछि श्रमजीवी पत्रकारहरू पहिलोपटक परिभाषित हुन पुगे । यस ऐनमा २०६४ सालमा गरिएको संशोधनले 'पत्रिका व्यवस्थापन' को सट्टा 'सञ्चार प्रतिष्ठानमा काम गर्ने' भन्ने मात्र उल्लेख गरेन, प्रसारणमाध्यममा काम गर्नेलाई समेत समेट्ने गरी समाचार सामग्री सङ्कलन, उत्पादन, सम्पादन वा सम्प्रेषण गर्ने समाचारवाचक, कार्यक्रम निर्देशक, अनुवादक, वेभ डिजाइनर, प्रेस क्यामराम्यान, कार्यक्रम निर्माता वा सञ्चालक तथा दृश्य वा भाषा सम्पादकलाई समेत श्रमजीवी पत्रकारको रुपमा परिभाषित गऱ्यो ।

ऐन संशोधन गर्दा सञ्चार प्रतिष्ठानमा काम गर्ने कर्मचारी र कामदारलाई पनि श्रमजीवीको रुपमा समेटियो । संशोधनअघिको ऐनमा कामदारको व्यवस्था गरिएको थिएन भने व्यवस्थापक र श्रमजीवी पत्रकारबाहेक पत्रिका व्यवस्थापनको प्रशासनिक वा अन्य काममा संलग्न व्यक्तिलाई कर्मचारीको रुपमा परिभाषित गरिएको थियो ।

## न्यूनतम पारिश्रमिक निर्धारण समिति गठन तथा उद्देश्य

श्रमजीवी पत्रकारसम्बन्धी ऐन २०५१ (पहिलो संशोधन- २०६४) को दफा ११ बमोजिम **न्यूनतम पारिश्रमिक निर्धारण समिति** गठन भएको हो। नेपाल सरकारको मन्त्रीस्तरीय निर्णयबाट २०६४ भदौ २८ गते सूचना तथा सञ्चार मन्त्रालयले समिति गठन भएको सूचना सार्वजनिक गऱ्यो। सञ्चार प्रतिष्ठानमा श्रमजीवी पत्रकारले पाउने न्यूनतम पारिश्रमिक रकम निर्धारण गर्ने तथा त्यस्तो न्यूनतम पारिश्रमिक रकम आवश्यकताअनुसार पुनरावलोकन गर्ने सम्बन्धमा नेपाल सरकारसमक्ष सिफारिश गर्ने ऐनबमोजिमको उद्देश्यले यो समिति गठन भएको हो। समितिलाई सञ्चार प्रतिष्ठानमा काम गर्ने श्रमजीवी पत्रकार, कर्मचारी र कामदारको न्यूनतम पारिश्रमिक निर्धारण गर्ने अधिकार छ। यसरी न्यूनतम पारिश्रमिक निर्धारण गर्दा उनीहरूको पद र त्यस्तो पदको तहगत वर्गीकरणसमेत गर्नुपर्ने जिम्मेवारी तोकिएको छ।

सञ्चार प्रतिष्ठानमा काम गर्ने श्रमजीवीहरूको सङ्ख्याको यथार्थ अभिलेख कतै पाइँदैन। नेपाल पत्रकार महासङ्घका सदस्यताहरूको सङ्ख्या ८ हजारभन्दा बढी छ। सञ्चार प्रतिष्ठानमा व्यवस्थापकीय दायित्व निर्वाह गरिरहेका व्यक्तिहरू पनि महासङ्घको सदस्य रहेको र महासङ्घको वैधानिक प्रावधानले गर्दा पनि कतिपय श्रमजीवी पत्रकार पनि सदस्य नबनेका हुनसक्ने अवस्थाले महासङ्घका सदस्यहरू सबै वा उनीहरू मात्रै श्रमजीवी पत्रकार हुन् भन्ने अवस्था देखिँदैन। अर्कातिर कर्मचारी र कामदारसमेतको अभिलेख राख्ने दायित्व तोकिएको प्रेस रजिष्ट्रारको अलग्गै कार्यालयसमेत स्थापना हुन नसकेका कारणले पनि तथ्याङ्कको अभाव छ।

समितिले काम थालेलगत्तै पहिलो चरणमा राजधानीका सञ्चार प्रतिष्ठान र दोस्रो चरणमा राजधानीबाहिरका नियमित प्रकाशन, प्रसारण भएका प्रतिष्ठानमा हाल कायम रहेका पद र दिइँदै आएको पारिश्रमिकबारे जानकारी गराइदिन लिखित आग्रह गरेको थियो। केही सञ्चार प्रतिष्ठानले समितिलाई विवरण उपलब्ध गराए। राजधानीबाहिर कैलाली, पोखरा र विराटनगरबाट उत्साहजनक प्रतिक्रिया प्राप्त भए। तर राजधानीकै अधिकांश प्रतिष्ठानबाट त्यस्तो सहयोग प्राप्त हुन सकेन। समितिले कानुनद्वारा निर्धारित सरोकारवाला व्यक्ति तथा समूहहरूसँग सुझाव संकलन गर्न छलफल र अन्तर्क्रियाको प्रक्रिया अवलम्बन गऱ्यो। समितिले राजधानीमा १२ र राजधानीबाहिर ९ वटा अन्तर्क्रिया कार्यक्रम गरी सुझाव सङ्कलन गरेको छ। यी कार्यक्रममा झण्डै एक हजार जना सहभागी रहे। समितिले कुल ३१ वटा बैठक गरी यो प्रतिवेदन तयार गरेको छ।

प्रतिवेदन तयार गर्दा मूलतः प्राप्त सुझाव र सल्लाहलाई नै आधार बनाइएको छ । सबै सञ्चार प्रतिष्ठानको कानुनी हैसियत बराबर हुँदाहुँदै पनि ऐन कार्यान्यवनमा पर्नसक्ने व्यावहारिक कठिनाइलाई समेत मध्यनजर गरी समितिले छापामाध्यमलाई राष्ट्रिय, क्षेत्रीय र स्थानीय स्तरभित्र 'क', 'ख' र 'ग' वर्गमा वर्गीकरण गर्नु उपयुक्त ठानेको छ। यसै गरी एफएम रेडियोलाई 'क', 'ख' र 'ग' तथा टेलिभिजनलाई 'क', र 'ख' वर्गमा निर्धारण गरी कार्यान्वयन प्रक्रिया थाल्न समितिले प्रस्ताव गरेको छ । श्रमजीवीहरूको न्यूनतम पारिश्रमिक निर्धारण र कार्यान्वयनका लागि सञ्चारमाध्यमहरूको भिन्न ढङ्गमा वर्गीकरण गर्नु उचित, आवश्यक र वैज्ञानिकसमेत हुन्छ ।

## सञ्चारमाध्यमको वर्गीकरण

### (क) छापामाध्यम

छापामाध्यमलाई राष्ट्रिय, क्षेत्रीय र स्थानीय स्तर कायम गरी तीमध्ये पनि 'क', 'ख' र 'ग'- तीन श्रेणीमा वर्गीकरण गर्न सिफारिश गरिएको छ। छापामाध्यमलाई राष्ट्रिय, क्षेत्रीय र स्थानीयभित्र पनि दैनिक पत्रिका र समाचारमूलक साप्ताहिक तथा पाक्षिक म्यागेजिन अलग, साप्ताहिक पत्रिका तथा अन्य पाक्षिक म्यागेजिन अलग र मासिक अलग गरी वर्गीकरण गरिएको छ। सोही वर्गीकरणका आधारमा अलग-अलग न्यूनतम पारिश्रमिक निर्धारण गरिएको छ ।

### (ख) एफ.एम. रेडियो

एफ.एम. रेडियोलाई हालसम्म राज्यका तहबाट वर्गीकरण गरिएको छैन । यो अवस्थामा यस्ता स्वतन्त्र रेडियोहरुको प्रसारण क्षेत्र, स्रोता सङ्ख्या, प्रसारण क्षमता, लगानी, कार्यक्रमको गुणस्तर, मानव स्रोतलगायतका आधारमा 'क', 'ख' र 'ग' गरी तीन तहमा वर्गीकरण गरिएको छ । समितिले आयोजना गरेका अन्तर्क्रियाहरुका क्रममा एफ.एम. रेडियोलाई व्यापारिक, सार्वजनिक र सामुदायिक गरी त्यसभित्र पनि 'क', 'ख' र 'ग' वर्गमा विभाजन गर्न सुझाव प्राप्त भएको थियो । तर, हालसम्म कानुनी रूपमा कुनै पनि एफ.एम. रेडियोले यस प्रकारको मान्यता नपाएकाले अर्को कानुनी व्यवस्था नभएसम्मका लागि 'क', 'ख' र 'ग' गरी तीन वर्गमा विभाजन गर्न सिफारिश गरिएको हो ।

### (ग) टेलिभिजन

टेलिभिजनमा प्रसारण प्रविधिका आधारमा भन्दा लगानी, प्रसारणको क्षेत्र, कार्यक्रमको गुणस्तर, प्रसारण समय, कार्यरत मानवस्रोत जस्ता आधारमा 'क' र 'ख' गरी दुई तहमा मात्र वर्गीकरण गर्न प्रस्ताव गरिएको छ ।

**(घ) समाचार एजेन्सी**

समाचार एजेन्सीहरुलाई दैनिक पत्रपत्रिकासरह वर्गीकरण गरी तिनमा कार्यरत श्रमजीवीलाई न्यूनतम पारिश्रमिक उपलब्ध गराउनु पर्नेछ ।

**(ङ) उत्पादन–गृह**

कार्यक्रम उत्पादन-गृहलाई उनीहरूको कार्यक्रम उत्पादन सङ्ख्या, कार्यक्रमको प्रसारण क्षेत्र, ग्राहक सङ्ख्या, कार्यरत मानव स्रोतलगायतका आधारमा 'क', 'ख' र 'ग' तीन श्रेणीमै विभाजन गर्नु उपयुक्त हुन्छ । त्यहाँ कार्यरत श्रमजीवीलाई रेडियो कार्यक्रम उत्पादनका हकमा रेडियो वर्गीकरण सरह र टेलिभिजन कार्यक्रम उत्पादनका हकमा टेलिभिजन वर्गीकरण सरह न्यूनतम पारिश्रमिक दिनु पर्नेछ ।

**(च) अनलाइन**

अनलाइन पत्रकारिता कानुनी रूपमा व्यवस्थित हुन सकेको छैन । तथापि, उनीहरूलाई कानुनी दायरामा ल्याई ती अनलाइन 'हिट्' हुने सङ्ख्या, उत्पादनको गुणस्तर, आर्थिक कारोवार, कार्यरत मानव स्रोतलगायतका आधारमा वर्गीकरण गरी श्रमजीवी पत्रकारसम्बन्धी कानुन कार्यान्वयन गर्नुपर्ने देखिन्छ । यहाँ कार्यरत श्रमजीवीलाई रेडियो वर्गीकरणसरह न्यूनतम पारिश्रमिक दिनु पर्नेछ ।

छापामाध्यमका सञ्चार प्रतिष्ठानका हकमा पनि राष्ट्रिय, क्षेत्रीय र स्थानीय रूपमा वर्गीकरण गर्दा सरकारले केही मापदण्डहरू तय गर्नु आवश्यक हुन्छ। यसो गर्दा सम्बन्धित पत्रपत्रिकाको वितरणलाई पहिलो प्राथमिकता दिनुपर्छ। यसबाहेक लगानी, स्रोतसाधन, मानव स्रोत, प्रकाशित सामग्रीजस्ता आधार पनि निर्धारण गर्न सकिन्छ भन्ने समितिको राय छ । वर्गीकरण नभएसम्मका लागि सबै सञ्चालक वा सञ्चार प्रतिष्ठानलाई आफूले सञ्चालन गरिरहेको सञ्चारमाध्यम कुन श्रेणीको हो भनेर स्वयम् घोषणा गर्ने अवसर प्रदान गरिनुपर्छ ।

## न्यूनतम पारिश्रमिक निर्धारणका आधार

सञ्चार प्रतिष्ठानमा काम गर्ने कुनै पनि तहको श्रमजीवीको पारिश्रमिक श्रम ऐन २०४८ अन्तर्गत तोकिएका कामदारको ज्यालाभन्दा कम नहोस् भन्ने मान्यताका आधारमा पारिश्रमिकको न्यूनतम अङ्क निर्धारण गरिएको छ । हाल श्रम कानुनमा न्यूनतम पारिश्रमिक ३ हजार ३  सय रुपियाँ कायम रहेको र यो पारिश्रमिक पुनरावलोकनको प्रक्रिया सुरु भइसकेकाले अहिलेका लागि सबैभन्दा तल्लो तहमा ४ हजार रुपैयाँ न्यूनतम पारिश्रमिक कायम गरिएको छ ।

यसरी न्यूनतम पारिश्रमिक निर्धारण गर्दा राष्ट्रिय सञ्चारमाध्यमका 'ख' र 'ग' वर्गमा एक पददेखि अर्को पदबीच न्यूनतम एक सयदेखि अधिकतम दुई हजार रुपैयाँसम्म, र 'क' वर्गमा दुई सयदेखि तीन हजार रुपैयाँको अन्तर राखिएको छ । यसैगरी, क्षेत्रीय सञ्चारमाध्यमका हकमा 'ख' र 'ग' वर्गमा एक सयदेखि अधिकतम एक हजार पाँच सयसम्म, र 'क' वर्गमा दुई सयदेखि दुई हजारसम्म तथा स्थानीय सञ्चारमाध्यमका लागि ख' र 'ग' वर्गमा एक सयदेखि अधिकतम चार सयसम्म, र 'क' वर्गमा एक सयदेखि दुई हजारसम्म अन्तर गरिएको छ ।

एफ.एम. रेडियोमा कार्यरत श्रमजीवीहरूलाई राष्ट्रिय दैनिक सरह र टेलिभिजनमा कार्यरतलाई त्यसभन्दा केही बढी हुने गरी न्यूनतम पारिश्रमिक कायम गरिएको छ । न्यूनतम पारिश्रमिकको अनुपात बढीमा १:४ देखि घटीमा १:१.५ अनुपात कायम गरी पारिश्रमिक अन्तरलाई कम गर्ने कोसिस गरिएको छ । निजामती सेवामा भने हाल यो अनुपात १:५ कायम रहेको छ ।

न्यूनतम पारिश्रमिक निर्धारण गरेर स्वीकृत भइसकेपछि सोभन्दा कम रकममा कुनै पनि अवस्थामा काम लगाउन पाइँदैन, कममा काम लगाए कानुनतः सजायँको भागी हुन्छ र न्यूनतम पारिश्रमिक निर्धारण हुँदाका बखत कसैले सोभन्दा बढी नै खाइपाई आएको रहेछ भने सोभन्दा कम हुनेगरी भुक्तानी गर्न पाइँदैन भन्ने कानुनी व्यवस्थाको कार्यान्वयन गर्नुपर्छ । अतिरिक्त समय काम लगाउँदा अन्तर्राष्ट्रिय प्रचलन अनुसार थप भत्ताको व्यवस्था गर्ने कुरालाई पनि समावेश गरिएको छ । श्रमका आधारभूत मापदण्डहरुलाई अन्तर्राष्ट्रिय श्रम संगठनको सदस्य राष्ट्रका हैसियतले पूर्णतः पालना गर्नुपर्ने हुन्छ । साथै कार्य समय, विदा र अन्य सेवा तथा सुविधासम्बन्धी व्यवस्थालाई नियमावलीले प्रष्ट गर्नुपर्दछ भन्ने समितिको राय छ ।

## सुझाव

श्रमजीवी पत्रकार ऐन २०५१ (पहिलो संशोधन २०६४) लाई सहज रूपमा कार्यान्वयन गर्न गराउन सरकारले देहायबमोजिमको व्यवस्था गर्नु आवश्यक ठानी यी सुझावहरू प्रस्तुत गरिएको छः

- हाल सूचना विभागको महानिर्देशकलाई जिम्मेवारी तोकिएकोमा सर्वोच्च अदालतले समेत छुट्टै प्रेस रजिष्ट्रार नियुक्त गर्न आदेश दिएको हुँदा तत्काल प्रेस रजिष्ट्रार नियुक्त गरी चुस्त किसिमले कानुन कार्यान्वयनको प्रवन्ध मिलाइनु पर्दछ ।
- सञ्चारमाध्यमहरूको नयाँ वर्गीकरण नभएसम्मका लागि सबै सञ्चार प्रतिष्ठानलाई आफू कुन श्रेणीमा बस्न चाहने हो, त्यसको स्वघोषणा गर्ने मौका दिनुपर्छ ।

- राज्यले वितरण गर्नुपर्ने विज्ञापन समानुपातिक आधारमा उपलब्ध गराउने गरी राष्ट्रिय विज्ञापन नीति बनाउनुपर्छ। तर, स्थानीय सरोकारका विज्ञापन स्थानीय सञ्चारमाध्यमलाई दिनैपर्ने अनिवार्य व्यवस्था गर्नुपर्छ।
- ऐनले सञ्चार प्रतिष्ठानमा व्यवस्थापकीय तथा प्रशासकीय कार्यको अन्तिम निर्णय गर्ने अधिकार प्राप्त व्यक्तिबाहेकका सबैलाई कर्मचारी र कामदारको कोटीमा राखेको छ। नेपालका सन्दर्भमा यसरी अलग जिम्मेवारी र तदनुरूप न्यूनतम पारिश्रमिक तथा सेवा-सुविधा दिएका निकै कम मात्र प्रतिष्ठान छन्। अधिकांश सञ्चार प्रतिष्ठानमा सम्पादकीय विभाग बलियो छ। तैपनि सम्पादकीय स्वतन्त्रताको ग्यारेण्टी हुनसकेको छैन । अर्कातिर, कामदार र कर्मचारीको संस्थागत स्वरूप बन्न सकेको छैन। कानुन कार्यान्वयन गर्दा यी दुवै अवस्थातर्फ विशेष ध्यान दिनु जरुरी छ।
- सञ्चार प्रतिष्ठानलाई उद्योगसरहको मान्यता दिनुपर्छ । यसो गरिएमा राष्ट्रिय सञ्चार नीतिअनुसार श्रमजीवीहरूको हक, हित र अधिकारको संरक्षणको लागि थप मार्ग प्रशस्त हुनसक्छ।
- सञ्चार प्रतिष्ठानमा कार्यरत श्रमजीवीहरू र उनीहरूले विद्युतीय सञ्चारमाध्यममा उत्पादन गर्ने कार्यक्रमहरूको अभिलेख राख्ने निकायको अभाव रहेकोले सूचना तथा सञ्चार मन्त्रालय वा सूचना विभाग वा प्रेस काउन्सिल वा प्रेस रजिष्ट्रार कसैप्रति अभिलेख पठाउनुपर्ने दायित्व निर्धारण गर्ने र त्यस्तो दायित्व पूरा भए-नभएको अनुगमन गर्ने अधिकारयुक्त निकाय हुनुपर्छ। तर, यस्तो निकायले सञ्चारमाध्यमबाट प्रसारण हुने विषयवस्तुमा नियन्त्रण गर्ने अवस्था भने हुनुहुँदैन।
- पूर्णकालीन र अल्पकालीन समय काम गर्ने श्रमजीवी पत्रकार, कर्मचारी वा कामदारहरूको सेवा-सुविधाका बारेमा भिन्न ढङ्गबाट सोच्नु जरूरी हुन्छ। ठूलो सङ्ख्यामा रहेका स्ट्रिन्जर, स्वतन्त्र पत्रकार र स्तम्भकारलाई प्रदान गरिनुपर्ने सेवासुविधाका बारेमा सञ्चार प्रतिष्ठानको भूमिका के-कस्तो रहेको छ भन्ने प्रति समेत सरकारले ध्यान दिनुपर्छ।
- प्रतिवेदन कार्यान्वयन भए नभएको निरन्तर अनुगमनकालागि स्थायी प्रकृतिको संयन्त्रलाई जिम्मेवारी तोकी क्रियाशील बनाइनुपर्छ। यस्तो संयन्त्रलाई स्थानीय तहमा समेत उपस्थित भइ प्रतिवेदन कार्यान्वयनको अख्तियारी दिइनुपर्छ।

- एफ.एम. रेडियोलाई सामुदायिक, सार्वजनिक र व्यवसायिक मान्यता दिई तिनीहरूको अलग-अलग वर्गीकरण गरिनुपर्छ। त्यस्तो मान्यता प्रसारण इजाजत पत्रमा मात्र सीमित नराखी प्रसारणका विषयवस्तु, स्वामित्वको प्रकृति, समुदायको सहभागिता, लगानीको अवस्था, श्रोतामा उनीहरूको पहुँच तथा उनीहरूसम्म श्रोताको पहुँच र सहभागिता जस्ता विभिन्न पक्षहरूको अध्ययनका आधारमा तय गरिनुपर्छ।
- सञ्चारमाध्यम दर्ता गर्दा वा इजाजत पत्र लिँदा नै छापामाध्यमका हकमा राष्ट्रिय, क्षेत्रीय र स्थानीय, एफ.एम. रेडियोका हकमा सामुदायिक, सार्वजनिक र व्यावसायिक र टेलिभिजनका हकमा कुन श्रेणीको सञ्चारमाध्यम सञ्चालन गर्न लागेको हो भन्ने खुलाउने व्यवस्था मिलाइनुपर्छ।
- एफ.एम. रेडियो तथा टेलिभिजनसँग लिइँदै आएको रोयल्टी र नवीकरण वापत लिइँदै आएको रकम कम गर्नुपर्छ।
- केवल टेलिभिजन तथा इन्टरनेट सर्भिस प्रोभाइडर (आइएसपी) को पनि कानुनी दायरा स्पष्ट गरी समाचारमूलक वेबसाइट (News Portal) मा कार्यरत श्रमजीवीहरूका हकमा पनि यो कानुन कार्यान्वयन गर्नुपर्छ।
- श्रमजीवी पत्रकार ऐन कार्यान्वयन नगर्ने नगराउने सञ्चार प्रतिष्ठानहरूलाई राज्यले उपलब्ध गराउने सुविधाबाट वञ्चित गर्नुपर्छ।

# विषयसूची


| | | |
|---|---|---|
| १. | **पृष्ठभूमि** | १ |
| २. | **परिभाषा** | ५ |
| ३. | **न्यूनतम पारिश्रमिक निर्धारण समिति गठन तथा उद्देश्य** | ७ |
| ४. | **समितिको क्षेत्राधिकार, सीमा र समस्या** | ११ |
| ५. | **श्रमजीवी पत्रकार, कर्मचारी र कामदारको अवस्था** | १६ |
| ६. | **समितिका गतिविधि** | २० |
| ७. | **अघिल्ला समितिका सिफारिशहरू** | २१ |
| | क. मिडिया वर्गीकरणको पृष्ठभूमि | २१ |
| | ख. तत्कालीन समितिको सिफारिश | २२ |
| | अ. प्रकाशन/प्रसारण संस्थाको वर्गीकरण | २२ |
| | आ. पदहरूको तहगत वर्गीकरण तथा आधारहरू | २३ |
| | इ. न्यूनतम पारिश्रमिक | २४ |
| ८. | **वर्तमान समितिको सिफारिश** | २५ |
| | क. मिडिया वर्गीकरण | २५ |
| | अ) छापामाध्यम | २५ |
| | आ) एफ.एम. रेडियो | २५ |
| | (इ) टेलिभिजन | २५ |
| | (ई) समाचार एजेन्सी | २६ |
| | (उ) उत्पादन–गृह | २६ |
| | (ऊ) अनलाइन | २६ |
| | ख. पद वर्गीकरणका आधार | २६ |
| | ग. न्यूनतम पारिश्रमिक निर्धारणका आधार | २७ |
| | घ. तहगत पद वर्गीकरण तथा न्यूनतम पारिश्रमिक निर्धारण | २९ |
| ९. | **सिफारीश कार्यान्वयनका शर्त** | ४५ |
| १०. | **सुझाव** | ४६ |
| | **अनुसूची १ न्यूनतम पारिश्रमिक निर्धारण समिति– २०६४ का पदाधिकारी** | ४९ |
| | **अनुसूची २ राजधानी बाहिर भएका अन्तरक्रिया कार्यक्रमहरू** | ५० |
| | **अनुसूची ३ काठमाडौंमा गरिएका अन्तर्क्रिया** | ९७ |

**अनुसूची ४ समितिका विभिन्न मितिका बैठकहरुबाट भएका मूलभूत निर्णयहरु** ११३

**अनुसूची ५ सुझावका लागि प्रस्तुत अवधारणाको खाका** ११७

**अनुसूची ६ न्यूनतम ज्याला/पारिश्रमिकको आधारभूत सिद्धान्त** १२०

**अनुसूची ७ आर्थिक गतिविधि** १२२

**अनुसूची ८ अन्तर्क्रियामा उपस्थित महानुभावहरु** १२४

# न्यूनतम पारिश्रमिक निर्धारण समितिको प्रतिवेदन २०६५

## १. पृष्ठभूमि

नेपालमा पत्रकारिताको इतिहास वि. सं. १९५८ मा 'गोरखापत्र'को प्रकाशनबाट प्रारम्भ भएको मानिन्छ। व्यावसायिक पत्रकारिताको प्रारम्भ भने २००७ सालमा प्रजातन्त्र स्थापनासँगै भएको हो। व्यावसायिक पत्रकारिताको छ दशक लामो यात्रामा राजनीतिक आरोह-अवरोहसँगै पत्रपत्रिकाहरू उदाउने र अस्ताउने क्रम पनि चली नै रह्यो। कतिपय पत्रपत्रिकाहरूले सीमित सङ्ख्यामा प्रकाशन गरेर भए पनि नियमितता दिने कोसिस गरिरहे। खासगरी २०१७ सालमा प्रजातन्त्रलाई समाप्त गरी निरङ्कुश निर्दलीय पञ्चायती व्यवस्था लादिएपछि पत्रकारिताको मूल्य-मान्यता जोगाउन ठूलो संघर्ष गर्नुपर्‍यो। कतिपय सन्दर्भमा तत्कालीन राजनीतिक व्यवस्थासँग सौदाबाजी गरेर पेसालाई निरन्तरता दिइएका कारणले व्यावसायिक पत्रकारिता विकासका परिकल्पनाहरू धराशायी भए। यद्यपि, २००७ सालको अन्त्यतिरबाट सुरु भएको नेपाली पत्रकारितामा श्रमजीवीहरू व्यावसायिक रूपमा निरन्तर क्रियाशील रहँदै आएका छन्।

निजी क्षेत्रको सहभागिता र सक्रियताको छ दशक लामो यो अवधिमा पत्रकारिताको विकासका लागि तीन वटा उच्चस्तरीय आयोगहरूसमेत गठन भए। २०१४ सालमा गठित प्रेस कमिसनले तत्कालीन नेपाली पत्रकारिताको अवस्था चित्रण गर्दै भनेको थियो-

> जुन स्थितिमा पत्रकारिता छ, त्यसले गर्दा कुनै पनि व्यक्तिलाई यस विशिष्ट व्यवसायप्रति आकर्षित हुने कुनै कारण र तर्क छैन। अतः समाजका धेरैजसो योग्य व्यक्तिहरू आफ्नो अभिरुचिका बावजुद यस क्षेत्रमा आउन चाहँदैनन्, जसले गर्दा केही हदसम्म पत्रकारिताको क्षेत्रमा अवाञ्छित तत्वहरूको प्रवेश एवम् प्रश्रयको पनि गुञ्जायस भएको छ।[१]

पञ्चायती निरङ्कुशताका कारण नेपाली पत्रकारिताको स्वाभाविक विकास अघि बढ्न सकेन। व्यावसायिक प्रयासभित्र राजनीतिक उद्देश्यसहितको पत्रकारिता गर्नुपरेका कारण पहिलो तीन दशक बित्दा पनि यो क्षेत्र व्यवस्थित र वास्तविक अर्थमा व्यावसायिक हुने अवस्था रहेन; न त यो अवधिमा

---

[१] प्रेस कमिशनको रिपोर्ट २०१४, परिच्छेद ६, अनुच्छेद ४

श्रमजीवी पत्रकारहरूले नै आफ्ना हक-अधिकार स्थापित गर्न सके। व्यावहारिक र कानुनी कुनै पनि दृष्टिले श्रमजीवी पत्रकारको हकको पहिचान र स्थापित गर्ने काम गरिएन; कुरा मात्रै भयो। २०३७ साल फागुन ११ गते गठित शाही प्रेस आयोगले श्रमजीवी पत्रकारलाई कानुनी मान्यता दिँदै प्रेस काउन्सिल नेपालमा श्रमजीवी पत्रकारहरूमध्येबाट एक जना सदस्य राख्न सिफारिशसमेत गरेको थियो।[२] त्यस आयोगले श्रमजीवी पत्रकारका बारेमा कानुन बनाउन सिफारिश गर्दै भनेको थियो-

> "श्रमजीवी पत्रकारहरूको पारिश्रमिक तथा सेवासम्बन्धी सर्त-सुविधालाई व्यवस्थित गर्न आवश्यक कानुन-नियमको तर्जुमा हुनुपर्छ भन्ने आयोगको ठहर छ।"[३]

निरङ्कुश पञ्चायती कालभरि नेपाली पत्रकारिता पञ्चायती व्यवस्थाको समर्थक वा विरोधीका रुपमा विभाजित रह्यो। पञ्चायतको समर्थन गर्नेहरूले राज्यबाट गलत किसिमले सुविधा लिइरहे। उनीहरूले सञ्चार जगतको विकासका लागि पटक्कै सोचेनन्। पञ्चायतविरोधी पत्रकारिता सरकारको कोपभाजनमा परिरह्यो र प्रजातान्त्रिक आन्दोलनको हिस्साका रूपमा सक्रिय रह्यो।

जनआन्दोलन २०४६ को सफलतापछि निर्मित नेपाल अधिराज्यको संविधान २०४७ ले प्रेस र अभिव्यक्ति स्वतन्त्रतालाई मौलिक हकका रुपमा सुनिश्चित गऱ्यो। त्यसपछि सञ्चार माध्यममा संस्थागत लगानी प्रारम्भ भयो। सञ्चारमाध्यममा कार्यरत श्रमजीवीहरूको अवस्था सुधारका लागि राज्यले कानुनी र संस्थागत सुधार गर्दै लगेसँगै पछिल्लो कालमा पत्रकारिता पेशाप्रति युवा पुस्ताको आकर्षण पनि बढ्दो छ। तैपनि, नेपाली पत्रकारिता क्षेत्रमा भएका गुणात्मक र व्यावसायिक विकासप्रति सन्तोष मान्न सकिने अवस्था छैन।

ऐतिहासिक जनआन्दोलन २०६२/६३ को सफलतालगत्तै आम सञ्चारका माध्यमहरूले प्रेस स्वतन्त्रताको उपयोग एवम् मर्यादित व्यावसायिक र संस्थागत पत्रकारिताको विकासको सन्दर्भमा भोग्नुपरेका समस्याको पहिचान गरी त्यसको समाधानका लागि सुझाव दिन[४] गठन भएको उच्चस्तरीय मिडिया सुझाव आयोगले २०६३ भदौ ३० गते सरकारलाई प्रतिवेदन बुझायो। आयोगले नेपाली पत्रकारिताको अवस्थाबारे भनेको छ-

---

[२] ऐजन, पृष्ठ ७३

[३] शाही प्रेस आयोगको प्रतिवेदन २०३७, पृष्ठ ८६

[४] उच्चस्तरीय मिडिया सुझाव आयोगको प्रतिवेदन २०६३, पृष्ठ १

नेपालमा लोकतान्त्रिक समाज निर्माणमा आमसञ्चार माध्यमले निर्वाह गरेको भूमिका उल्लेखनीय रहेको कुरा स्थापित तथ्य हो । तत्कालीन निरङ्कुश पञ्चायती व्यवस्थाविरुद्ध र बहुदलीय पद्धतिको स्थापनामा सञ्चार जगतले खेलेको भूमिकालाई मनन गर्दै नेपाल अधिराज्यको संविधान- २०४७ ले प्रेस स्वतन्त्रताका आधारभूत मान्यताहरूलाई संरक्षित गर्न पुग्यो । उक्त संविधानले प्रत्याभूत गरेको छापाखाना र प्रकाशनसम्बन्धी हकको कारण सञ्चार जगतको विस्तार र विकास अत्यन्तै उल्लेख्य रह्यो । पछिल्ला दिनमा निरङ्कुश राज्य व्यवस्थाविरुद्ध जनताको हक-अधिकारको संरक्षण मानव अधिकारको प्रत्याभूति, प्रतिस्पर्धी बहुदलीय र समावेशी राज्य व्यवस्थाको निर्माण, द्वन्द्व व्यवस्थापन र दिगो शान्ति स्थापनाको पक्षमा नेपाली प्रेसको आन्दोलनले निश्चय नै ऐतिहासिक भूमिका निर्वाह गरेको छ । १९ माघ, २०६१ को शाही कदमले नेपाली प्रेसमाथि चर्को दमन गरी नागरिक स्वतन्त्रतालाई अभूतपूर्व रूपमा कुण्ठित गर्न पुग्यो ।[५]

आयोगको यस विश्लेषणले नेपाली मिडिया अहिलेसम्म व्यावसायिक पत्रकारिताको विकासमा भन्दा राजनीतिक आन्दोलनको हिस्साका रूपमा रहेको संकेत गर्छ । आयोगले प्रस्ट शब्दमा नबोले पनि पत्रकारिताको व्यावसायिक विकास हुन नसकेको तथ्यलाई औँल्याएको छ । पत्रकारिताको व्यावसायिक विकासका लागि आवश्यक पर्ने आधुनिक व्यवस्थापकीय सोच र अवधारणा अझै स्थापित हुन सकेको छैन । यसले गर्दा सञ्चार जगतको संस्थागत विकास हुननसकी सञ्चार प्रतिष्ठानको व्यवस्थापन पक्ष अझै कमजोर अवस्थामा छ । यसको असर स्वाभाविक रूपमा त्यहाँ कार्यरत श्रमजीवीहरूमा परेको छ ।

आयोगले श्रमजीवी पत्रकारहरूको अधिकार सुरक्षित हुन नसकेको पक्षलाई भने उल्लेख गरेको छ । प्रतिवेदनमा श्रमजीवी पत्रकारहरूको हक-हितको संरक्षण हुन नसकेको र श्रमजीवी पत्रकारसम्बन्धी कानुनको प्रभावकारी कार्यान्वयन हुन नसकेको अवस्थालाई प्रेस र सञ्चार जगत्का समस्याको रुपमा चित्रित गरिएको छ ।[६]

२०४७ सालमा प्रजातन्त्र पुनर्स्थापित हुनुभन्दा अघिसम्म सम्पादक हुन् वा प्रकाशक; केही अपवादलाई छाडेर सबै नै श्रमजीवी पत्रकारका रूपमा रहेका थिए । तर, लामो समयसम्म श्रमजीवी पत्रकारको परिभाषा बन्न सकेन । कसैले कुनै पनि सञ्चारमाध्यमसँग सम्वद्ध नभएका कारण आफूलाई 'स्वतन्त्र पत्रकार' परिभाषित गरे र त्यसकारण श्रमजीवी पत्रकार भएको व्याख्या गरे । कुनै बेला यस्तो पनि रह्यो- समाचार सङ्कलन, सम्पादन र वितरणसमेतको सम्पूर्ण जिम्मेवारी एउटै व्यक्तिले निर्वाह

---

[५] उच्चस्तरीय मिडिया सुझाव आयोग २०६३ को प्रतिवेदन, पृष्ठ ५

[६] ऐजन, पृष्ठ ६

गर्नुपर्थ्यो, चाहे उसको नाम सम्पादक भनेर छापियोस् वा प्रकाशकका रूपमा।[७] २०४६ मा जनआन्दोलनबाट बहुदलीय संसदीय प्रजातन्त्र पुन:स्थापना भएपछि बनेको नेपाल अधिराज्यको संविधान २०४७ ले कुनै पनि सामग्री प्रकाशन गरेकै आधारमा पत्रपत्रिकाको दर्ता खारेज नगर्ने र छापाखाना जफत नगर्ने अधिकार सुनिश्चित गऱ्यो ।[८] यसपछि सञ्चारमाध्यममा ठूला लगानीकर्ताहरू उत्साहजनक रुपमा सहभागी हुनथालेको देखिन्छ। कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. ले २०४९ साल फागुन ७ गतेदेखि निजी क्षेत्रबाट पहिलोपटक नेपाली र अङ्ग्रेजी दुबै भाषामा ब्रोडसिट दैनिक अखबार प्रकाशन सुरु गऱ्यो । यसपछि निजी क्षेत्रबाट अन्य ब्रोडसिट दैनिक पत्रिकाको प्रकाशनमा तीव्रता आएको पाइन्छ । २०४९ मा सरकारद्वारा जारी राष्ट्रिय सञ्चार नीतिले निजी क्षेत्रका लागि पत्रपत्रिकालाई उद्योगसरहको मान्यता दिने नीतिगत व्यवस्था गर्नुका साथै पहिलोपटक रेडियो र टेलिभिजन प्रसारणको अधिकार सुनिश्चित गऱ्यो ।[९]

२०४६ सालपछि निजी क्षेत्रको नेपाली पत्रकारितामा उल्लेखनीय उपलब्धि हासिल भएका छन् । पछिल्लो दस वर्षको अवधिमा रेडियो र टेलिभिजन प्रसारणमा समेत निजी क्षेत्रको पत्रकारिताले ठूलै फड्को मारेको छ। यस अवधिमा अनुमति पाएका र प्रसारणमा रहेका रेडियो र टेलिभिजनहरूको संख्याले प्रसारण-सञ्चारको क्षेत्रमा भएको विकासको एउटा सूचकको भूमिका खेलेका छन् ।

मुलुकमा प्रजातान्त्रिक शासन पद्धति संकटमा परेको बेला नेपाली श्रमजीवी पत्रकारको अवस्थालाई चित्रण गर्दै प्रेस काउन्सिलले भनेको थियो-[१०]

> सञ्चार संस्थाहरु पत्रकारहरुको सुरक्षाप्रति गम्भीर भएका छैनन् । पत्रकारहरुको वीमा छैन, क्षतिपूर्ति छैन, आपदमा उपचार छैन र त्यस्ता कठिन क्षेत्रका समाचार पठाउँदा उचित पारिश्रमिक र प्रोत्साहन पनि छैन । प्रेस काउन्सिलले हरेक वर्ष श्रमजीवी पत्रकारहरुको अधिकारको रक्षाका लागि बनेका कानुनहरुको प्रभावकारी कार्यान्वयनको सुझाव प्रस्तुत गर्दै आए पनि सञ्चारमाध्यमका सञ्चालकहरुबाट त्यसको सम्मान हुन सकेको छैन । श्रमजीवी पत्रकार कानुनको सशक्त कार्यान्वयनतर्फ गम्भीर नबन्ने हो भने स्वतन्त्र प्रेसको खम्बा मानिने श्रमजीवी पत्रकारहरु विस्तारै पेशाबाटै पलायन हुँदै जाने खतरालाई पनि नकार्न सकिँदैन । प्रेस जगतलाई आवश्यक योग्य एवम् दक्ष

---

[७] पत्रकारिताका तीन आयाम, नेपाली पत्रकारिता र श्रमजीवी पत्रकार प्रेस काउन्सिल नेपाल २०६१, पृष्ठ संख्या ७९

[८] नेपाल अधिराज्यको संविधान २०४७ धारा १३

[९] राष्ट्रिय सञ्चार नीति २०४९ को पत्रपत्रिकासम्बन्धी नीतिको २.१.२ मा 'पत्रपत्रिकाको संस्थागत विकास गर्न पत्रपत्रिका व्यवसायलाई उद्योगको रुपमा मान्यता दिने' उल्लेख गरिएको छ भने प्रसारणसम्बन्धी नीति २.२ मा सरकारी र निजी क्षेत्रका रेडियो र टेलिभिजन जस्ता प्रसारण माध्यमहरूका लागि विभिन्न व्यवस्था गरिएको छ ।

[१०] प्रेस काउन्सिल नेपालको उनन्तीसौं वार्षिक प्रतिवेदन २०६०-२०६१ (२००३-२००४), पृष्ठ ५

जनशक्तिलाई आकर्षित गर्न तथा पेशामा उनीहरुलाई टिकाइराख्न पनि यो कानुनको कार्यान्वयनले मात्र उचित वातावरण बनाउन सक्दछ । पत्रकारिता क्षेत्रको व्यावसायिक विकास तथा जिम्मेवार एवम् मर्यादित पत्रकारिताको लक्ष्य हासिल गर्न पनि श्रमजीवी पत्रकारहरुलाई जीवनवृत्तिका दृष्टिमा सुरक्षित महसूस गराउन आवश्यक छ ।

प्रकाशन र प्रसारणका माध्यमहरूमा भएको संख्यात्मक विकाससँगै ती माध्यममा काम गर्ने श्रमजीवीहरूको सङ्ख्या पनि बढेको छ। यसलाई सञ्चारकर्मप्रति नयाँ पुस्तामा बढेको आकर्षणको रुपमा लिन सकिन्छ। तर, विषयगत रुपमा योग्य र दक्ष जनशक्तिको विकास तथा सञ्चार क्षेत्रको व्यावसायिक र संस्थागत प्रवर्द्धनको दृष्टिले गुणात्मक विकास हुन नसकेको तीतो अनुभव सिङ्गो पत्रकारिता जगतले गरिरहेको छ । यसबीचको मौलिक भिन्नता भनेको सम्पादक र प्रकाशक आफैँ भएर अखबार चलाउने परम्परामा कमी आएको छ र सञ्चार जगतमा रोजगारीको अवसर बढेको छ ।

## २. परिभाषा

जनमतसङ्ग्रहपछि २०३७ सालमा लागू गरिएको छापाखाना तथा प्रकाशन ऐन २०३९ ले पहिलोपटक कानुनी रूपमा श्रमजीवी पत्रकारहरूको अस्तित्वलाई स्वीकार गर्‍यो । यस ऐनको परिच्छेद ६ मा गरिएको प्रेस काउन्सिलसम्बन्धी व्यवस्थामा प्रेस काउन्सिलको गठनविधि निर्धारण गरिनुका साथै काउन्सिलका ११ जना सदस्यहरूमा श्रमजीवी पत्रकारहरूमध्येबाट दुई जना सदस्य रहने व्यवस्था गरियो ।[११] तर, ऐनको कुनै पनि दफामा श्रमजीवी पत्रकारको परिभाषा गरिएन । त्यसैको परिणामस्वरुप गठन गरिएको प्रेस काउन्सिलमा सम्पादक र प्रकाशक रहिरहेका वा रहिसकेका व्यक्तिहरू पनि श्रमजीवी पत्रकारको हैसियतमा सदस्यमा नियुक्त गर्ने प्रचलन कायम हुन पुग्यो ।

२०४६ सालको राजनीतिक परिवर्तनपछि जारी छापाखाना र प्रकाशनसम्बन्धी ऐन २०४८ ले सम्पादक, प्रकाशक र पत्रकारलाई परिभाषित गरे पनि श्रमजीवी पत्रकारको विषयमा ऐन मौन रहेको पाइन्छ। छापाखाना र प्रकाशनसम्बन्धी नियमावली २०४९ मा सम्पादक, पत्रकार र स्वतन्त्र पत्रकारको योग्यतासमेत तोकियो । तर, श्रमजीवी पत्रकारका बारेमा ऐन जस्तै नियमावली पनि मौन रह्यो । अर्कातिर, पञ्चायती शासन व्यवस्थाको उत्तरार्द्धबाट[१२] प्रेस काउन्सिलमा दुई जना श्रमजीवी पत्रकारले

---

[११] छापाखाना तथा प्रकाशन ऐन २०३८, दफा ३३ ज

[१२] २०३८ सालदेखि छापाखाना तथा प्रकाशन ऐन २०३८, दफा ३३ (ज) बमोजिम प्रेस काउन्सिलमा श्रमजीवी पत्रकारको प्रतिनिधित्वको व्यवस्था

प्रतिनिधित्व गर्दै आएकोमा २०४८ सालमा नयाँ कानुनी व्यवस्था गरियो र काउन्सिलमा श्रमजीवी पत्रकारको सङ्ख्या घटाएर एकमा सीमित गरियो ।[१३]

तत्कालीन अन्तरिम सरकारले राष्ट्रिय प्रेस नीति २०४७ जारी गरी पत्रकारिता पेसा प्रजातन्त्रको संरक्षण र सम्बर्द्धनका लागि आवश्यक भएको स्वीकार गर्दै मुलुकलाई प्रजातान्त्रिक दिशामा अगाडि बढाउन यसले मद्दत पुऱ्याउने ठहर गऱ्यो । सरकारले यो निष्कर्ष निकाल्दा श्रमजीवी पत्रकारहरूको अस्तित्वलाई पनि स्वीकार गऱ्यो । र, उनीहरूका बारेमा आवश्यक कानुनी व्यवस्था गर्ने घोषणा गरियो । यसमा भनिएको थियो:[१४]

श्रमजीवी पत्रकारहरुको हक, हितका सम्बन्धमा आवश्यक कानुनी व्यवस्था गरिने छ ।

२०५१ सालमा श्रमजीवी पत्रकारसम्बन्धी ऐन तर्जुमा गरियो । यो ऐन बनाउँदा 'श्रमजीवी पत्रकारहरूको हक, हित, सुविधा र सुरक्षाको समयोचित व्यवस्था गर्न तथा निजहरूको व्यावसायिक दक्षता प्रवर्द्धन गर्न प्रोत्साहित गरी स्वच्छ पत्रकारिताको विकास गर्ने'[१५] उद्देश्य राखिएको थियो । यो ऐन बनेपछि श्रमजीवी पत्रकारहरू अलग्गै रूपमा पहिलोपटक परिभाषित हुन पुगे । यस ऐनको दफा २ को परिभाषा (घ) मा भनिएको थियो- [१६]

> "श्रमजीवी पत्रकार" भन्नाले कुनै पत्रिका व्यवस्थापनमा व्यवस्थापकीय तथा प्रशासकीय अधिकार प्राप्त गरेको व्यक्तिबाहेक पत्रकारिता पेसालाई प्रमुख व्यवसाय अपनाई पारिश्रमिक लिई कुनै पत्रिका व्यवस्थापनमा पूर्ण वा आंशिक काम गर्ने व्यक्तिलाई सम्झनुपर्दछ र सो शब्दले समाचारपत्रको प्रधान सम्पादक, सम्पादक वा सम्पादकमण्डलका सदस्यहरू, सम्वाददाता, शीर्षक लेखक, स्तम्भ लेखक, प्रेस फोटोग्राफर वा ब्यङ्गचित्रकारलाई समेत जनाउँछ ।

यस ऐनमा २०६४ सालमा गरिएको संशोधनले 'पत्रिका व्यवस्थापन' को सट्टा 'सञ्चार प्रतिष्ठानमा काम गर्ने' भन्ने उल्लेख गरेको छ । साथै, प्रसारण माध्यममा काम गर्नेलाई समेत समेट्ने गरी समाचार सामग्री सङ्कलन, उत्पादन, सम्पादन वा सम्प्रेषण गर्ने समाचारवाचक, कार्यक्रम निर्देशक, अनुवादक, वेभ डिजाइनर, प्रेस क्यामराम्यान, कार्यक्रम निर्माता वा सञ्चालक तथा दृश्य वा भाषा

---

[१३] प्रेस काउन्सिल ऐन २०४८ को दफा ६ (१) (ङ)

[१४] श्री ५ को सरकारको प्रेस नीति २०४७, दफा १२ (प्रकाशनको दिग्दर्शन २०५०, पृष्ठ ९१)

[१५] श्रमजीवी पत्रकार ऐन २०५१ को प्रस्तावना

[१६] श्रमजीवी पत्रकार सम्बन्धी ऐन २०५१ दफा २ (घ)

सम्पादकलाई समेत श्रमजीवी पत्रकारको परिभाषामा समेटेको छ । संशोधित ऐनले श्रमजीवी पत्रकारको परिभाषा यसरी गरेको छः[१७]

> "श्रमजीवी पत्रकार" भन्नाले सञ्चार प्रतिष्ठानमा व्यवस्थापकीय तथा प्रशासकीय अधिकार प्राप्त गरेको व्यक्तिबाहेक सञ्चारसम्बन्धी व्यवसाय वा सेवालाई प्रमुख व्यवसाय अपनाई पारिश्रमिक लिई सञ्चार प्रतिष्ठानमा पूर्ण वा आंशिक समय काम गर्ने व्यक्ति सम्झनुपर्छ र सो शब्दले सञ्चार प्रतिष्ठानमा समाचार सामग्री सङ्कलन, उत्पादन, सम्पादन वा सम्प्रेषण गर्ने प्रधान सम्पादक, सम्पादक, संवाददाता, स्ट्रिन्जर, समाचारवाचक, कार्यक्रम निर्देशक, अनुवादक, वेभ डिजाइनर, स्तम्भ लेखक, फोटो पत्रकार, प्रेस क्यामेरामेन, व्यङ्ग्य चित्रकार, कार्यक्रम निर्माता वा सञ्चालक, दृश्य वा भाषा सम्पादकजस्ता पत्रकारिता पेसासँग सम्बन्धित व्यक्ति समेतलाई जनाउँछ ।

श्रमजीवी पत्रकारसम्बन्धी संशोधित ऐन आएपछि सञ्चार प्रतिष्ठानमा काम गर्ने कर्मचारी र कामदारलाई पनि समेटिएको छ । संशोधनअघिको ऐनमा कामदारको व्यवस्था गरिएको थिएन भने व्यवस्थापक र श्रमजीवी पत्रकारबाहेक पत्रिका व्यवस्थापनको प्रशासनिक वा अन्य काममा संलग्न व्यक्तिलाई कर्मचारीको रुपमा परिभाषित गरिएको थियो ।[१८]

संशोधित ऐनले भने कर्मचारी र कामदारलाई यसरी परिभाषित गरेको छ-[१९]

> "कर्मचारी" भन्नाले सञ्चार प्रतिष्ठानमा व्यवस्थापकीय तथा प्रशासकीय कार्यको अन्तिम निर्णय गर्न अधिकार प्राप्त व्यक्तिबाहेक त्यस्तो प्रतिष्ठानको प्रशासनिक, व्यवस्थापकीय, प्राविधिक वा अन्य कार्यमा संलग्न व्यक्ति सम्झनुपर्छ ।
>
> "कामदार" भन्नाले श्रमजीवी पत्रकार वा कर्मचारीबाहेक सञ्चार प्रतिष्ठानमा सञ्चार सामग्री बिक्री-वितरण वा उत्पादन गर्ने वा अन्य श्रममूलक कार्यमा संलग्न व्यक्ति सम्झनुपर्छ ।

## ३. न्यूनतम पारिश्रमिक निर्धारण समिति गठन तथा उद्देश्य

श्रमजीवी पत्रकारसम्बन्धी ऐन २०५१ (पहिलो संशोधन- २०६४) को दफा ११ बमोजिम **न्यूनतम पारिश्रमिक निर्धारण समिति** गठन भएको हो । नेपाल सरकारको मन्त्रीस्तरीय निर्णयबाट २०६४ भदौ २८ गते सूचना तथा सञ्चार मन्त्रालयले समिति गठन भएको सूचना सार्वजनिक गर्‍यो । सञ्चार

---

[१७] श्रमजीवी पत्रकार सम्बन्धी ऐन २०५१ (पहिलो संशोधन २०६४) को दफा २ (घ)

[१८] श्रमजीवी पत्रकार सम्बन्धी ऐन २०५१ दफा २ (ङ)

[१९] श्रमजीवी पत्रकार सम्बन्धी ऐन २०५१ (पहिलो संशोधन २०६४) दफा २ (ङ) र (ङ १)

प्रतिष्ठानमा श्रमजीवी पत्रकारले पाउने न्यूनतम पारिश्रमिक रकम निर्धारण गर्न तथा त्यस्तो न्यूनतम पारिश्रमिक रकम आवश्यकताअनुसार पुनरावलोकन गर्ने सम्बन्धमा नेपाल सरकारसमक्ष सिफारिश गर्ने[२०] ऐनबमोजिमको उद्देश्यले यो समिति गठन भएको हो । समितिको गठन प्रक्रिया देहायबमोजिम छ :[२१]

| | | |
|---|---|---|
| (क) | सञ्चारको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका व्यक्तिहरूमध्येबाट नेपाल सरकारले नियुक्त गरेको व्यक्ति | - अध्यक्ष |
| (ख) | प्रतिनिधि (राजपत्राङ्कित प्रथम श्रेणी), सूचना तथा सञ्चार मन्त्रालय | - सदस्य |
| (ग) | प्रतिनिधि (राजपत्राङ्कित प्रथम श्रेणी), श्रम तथा यातायात व्यवस्था मन्त्रालय | - सदस्य |
| (घ) | नेपाल पत्रकार महासङ्घको सभापति | - सदस्य |
| (ङ) | श्रमजीवी पत्रकारहरूमध्येबाट कम्तीमा एक जना महिला रहने गरी नेपाल पत्रकार महासङ्घले तोकेका तीनजना | - सदस्य |
| (च) | व्यवस्थापकहरूमध्येबाट नेपाल सरकारले मनोनीत गरेका तीनजना | - सदस्य |
| (छ) | कर्मचारी वा कामदारमध्येबाट नेपाल सरकारले मनोनीत गरेको एकजना | - सदस्य |
| (ज) | श्रम तथा अर्थसम्बन्धी विशेषज्ञहरूमध्येबाट नेपाल सरकारले मनोनीत गरेको एकजना | - सदस्य |
| (झ) | प्रेस रजिस्ट्रार | - सदस्य-सचिव |

श्रमजीवी पत्रकारहरूको नियुक्ति, सेवाका शर्त र सुविधाका सम्बन्धमा भएका व्यवस्थाहरू कर्मचारी र कामदारका हकमा समेत समान रुपमा लागू हुने[२२] व्यवस्था पनि ऐनले गरेको छ । समितिले सञ्चार प्रतिष्ठानमा काम गर्ने कामदार, कर्मचारी र श्रमजीवी पत्रकारले पाउने पारिश्रमिक रकम सिफारिश गर्दा सञ्चार प्रतिष्ठानमा काम गर्ने श्रमजीवी पत्रकारहरूको पद र त्यस्तो पदको तहगत पद वर्गीकरणसमेत गर्नुपर्ने[२३] व्यवस्था गरिएको छ ।

---

[२०] ऐजन, दफा ११ (१)
[२१] ऐजन, दफा ११
[२२] ऐजन, दफा ३४ (१)
[२३] ऐजन, दफा ३

ऐनमा संशोधन नभएकै अवस्थामा पारिश्रमिक तथा क्षतिपूर्ति निर्धारण समिति गठन गरिएको थियो । त्यस समितिमा देहायका पदाधिकारी रहेका थिए:[२४]

| | | |
|---|---|---|
| १. | सुरेश आचार्य (काठमाडौं)- | - अध्यक्ष |
| २. | विनोद ढुङ्गेल (काठमाडौं)- | - सदस्य |
| ३. | दीपेन्द्र रोकाया (नेपालगन्ज)- | - सदस्य |
| ४. | दामोदर तिमिल्सेना (काठमाडौं)- | - सदस्य |
| ५. | निर्मला शर्मा (काठमाडौं)- | - सदस्य |
| ६. | विष्णुकुमारी शर्मा (काठमाडौं)- | - सदस्य |
| ७. | धर्मेन्द्र कर्ण (काठमाडौं)- | - सदस्य |
| ८. | विष्णु रिजाल (काठमाडौं)- | - सदस्य |
| ९. | नारायणप्रसाद रेग्मी, सहसचिव, सूचना तथा सञ्चार मन्त्रालय | - सदस्य |
| १०. | प्रतिनिधि, सहसचिवस्तर, श्रम तथा यातायात व्यवस्था मन्त्रालय | - सदस्य |
| ११. | प्रतिनिधि, नेपाल पत्रकार महासङ्घ- | - सदस्य |
| १२. | प्रतिनिधि, प्रेस काउन्सिल नेपाल- | - सदस्य |
| १३. | प्रेस रजिष्ट्रार | - सदस्य-सचिव |

समितिमा श्रम मन्त्रालयबाट सहसचिव विष्णुप्रसाद लम्साल र प्रेस काउन्सिलबाट सदस्य परशुराम घिमिरेले प्रतिनिधित्व गरे पनि नेपाल पत्रकार महासङ्घले प्रतिनिधि पठाइसकेको थिएन । यस समितिले कामको सुरुवात गर्ने क्रममा दुईवटा बैठक मात्र गर्न भ्याएको थियो; त्यसै बेला २०६४ साउन २८ गते ऐन संशोधन भयो र समितिको नामसमेत परिवर्तन भयो । फलतः तत्कालीन समिति स्वतः भङ्ग हुन पुग्यो । त्यस समितिलाई आफूले गरेको सिफारिश सरकारको पूर्वस्वीकृति लिई कार्यान्वयन गर्ने जिम्मेवारीसमेत दिइएको थियो ।

यसअघि उज्ज्वल शर्माको अध्यक्षतामा पहिलो, पुष्करलाल श्रेष्ठको अध्यक्षतामा दोस्रो र महेन्द्र शेरचनको अध्यक्षतामा तेस्रो 'पारिश्रमिक तथा क्षतिपूर्ति निर्धारण समिति' गठन गरिएका थिए ।

ती समितिको गठन विधि यसप्रकार थियो :[२५]

(क) श्री ५ को सरकारले तोकेको व्यक्ति - अध्यक्ष

[२४] नेपाल सरकारको मिति २०६४ असार २७ गतेको निर्णयबमोजिम गठित समिति

[२५] श्रमजीवी पत्रकार सम्बन्धी ऐन २०५१ दफा ११

| | | |
|---|---|---|
| (ख) | प्रतिनिधि, सूचना तथा सञ्चार मन्त्रालय | - सदस्य |
| (ग) | प्रतिनिधि, श्रम मन्त्रालय | - सदस्य |
| (घ) | प्रतिनिधि, श्री ५ को सरकारले तोकेको नेपाल पत्रकार महासङ्घ | - सदस्य |
| (ङ) | श्रमजीवी पत्रकारहरूमध्येबाट श्री ५ को सरकारबाट मनोनित तीन जना | - सदस्य |
| (च) | प्रतिनिधि, प्रेस काउन्सिल | - सदस्य |
| (छ) | प्रेस रजिस्ट्रार | - सदस्य-सचिव |

पहिलो समितिमा रहेका पदाधिकारीहरूको नामावली यसप्रकार छ :[२६]

| | | |
|---|---|---|
| (१) | उज्ज्वल शर्मा, प्रकाशक, हिमालय टाइम्स | - अध्यक्ष |
| (२) | प्रतिनिधि, सूचना तथा सञ्चार मन्त्रालय | - सदस्य |
| (३) | प्रतिनिधि, श्रम मन्त्रालय | - सदस्य |
| (४) | सुरेश आचार्य, महासचिव, नेपाल पत्रकार महासङ्घ | - सदस्य |
| (५) | राजेश्वर नेपाली, श्रमजीवी पत्रकार | - सदस्य |
| (६) | कविर राणा, श्रमजीवी पत्रकार | - सदस्य |
| (७) | जनार्दन मैनाली, श्रमजीवी पत्रकार | - सदस्य |
| (८) | तारानाथ दाहाल, सदस्य, प्रेस काउन्सिल | - सदस्य |
| (९) | युवराज पाण्डे, महानिर्देशक, सूचना विभाग | - सदस्य-सचिव |

सरकारद्वारा २०५७ मा 'नेपाल समाचारपत्र' का प्रकाशक तथा प्रधान सम्पादक पुष्करलाल श्रेष्ठलाई समितिको दोस्रो कार्यकालका लागि अध्यक्ष तोकिएको थियो। यस समितिमा देहायको प्रतिनिधित्व थियो :[२७]

| | | |
|---|---|---|
| १. | पुष्करलाल श्रेष्ठ | - अध्यक्ष |
| २. | केदार सुवेदी (काठमाडौँ) | - सदस्य |
| ३. | नारायण कार्की (पोखरा) | - सदस्य |
| ४. | गणेश देव (राजविराज) | - सदस्य |

[२६] श्री ५ को सरकार, सूचना तथा सूचना तथा सञ्चार मन्त्रालयको निर्णय अनुसार २०५४।१०।२६ मा नेपाल राजपत्रमा प्रकाशित सूचना

[२७] श्री ५ को सरकार, सूचना तथा सूचना तथा सञ्चार मन्त्रालयको मिति २०५७।९।१८ को मन्त्रीस्तरीय निर्णय

अध्यक्ष श्रेष्ठले सार्वजनिक रूपमा सो पद अस्वीकार गरेको घोषणा गरेकाले समितिको बैठक नै बस्न सकेन । बैठक नै नभएपछि पदेन पदाधिकारीहरू कोही पनि समितिमा सहभागी हुने अवस्था नै रहेन ।

सरकारले 'राजधानी' दैनिकका प्रकाशक महेन्द्र शेरचनको अध्यक्षतामा तेस्रो समिति गठन गऱ्यो । त्यस समितिको बनोट यस्तो थियो :[२८]

| | |
|---|---|
| १. महेन्द्र शेरचन | - अध्यक्ष |
| २. शिवहरि भट्टराई | - सदस्य |
| ३. दिलीप भट्टराई | - सदस्य |
| ४. किरण पोखरेल | - सदस्य |
| ५. विष्णु निष्ठुरी, प्रतिनिधि, नेपाल पत्रकार महासङ्घ | - सदस्य |
| ६. विष्णुप्रसाद शर्मा, प्रतिनिधि, प्रेस काउन्सिल नेपाल | - सदस्य |
| ७. बलराम पौडेल, प्रतिनिधि, सूचना तथा सञ्चार मन्त्रालय | - सदस्य |
| ८. डिलबहादुर बानियाँ, प्रतिनिधि, श्रम मन्त्रालय | - सदस्य |
| ९. शान्तराज सुवेदी, महानिर्देशक, सूचना विभाग | - सदस्य-सचिव |

यी समितिमा व्यवस्थापन पक्षबाट कानुनतः प्रतिनिधित्व हुने व्यवस्था थिएन । त्यसैले नेपाल पत्रकार महासङ्घसमेतको सुझावमा तत्कालीन सरकारले प्रकाशककै अध्यक्षतामा समिति गठन गर्ने गरेको पाइन्छ ।

## ४. समितिको क्षेत्राधिकार, सीमा र समस्या

यस समितिलाई सञ्चार प्रतिष्ठानमा काम गर्ने श्रमजीवी पत्रकार, कर्मचारी र कामदारको न्यूनतम पारिश्रमिक निर्धारण गर्ने अधिकार छ । यसरी न्यूनतम पारिश्रमिक निर्धारण गर्दा उनीहरूको पद र त्यस्तो पदको तहगत वर्गीकरणसमेत गर्नुपर्ने कानुनी व्यवस्था छ ।[२९] श्रमजीवी पत्रकारले पाउने न्यूनतम पारिश्रमिक रकम निर्धारण गर्नुका साथै त्यस्तो न्यूनतम पारिश्रमिक रकम आवश्यकताअनुसार पुनरावलोकन गर्नका लागि नेपाल सरकारसमक्ष सिफारिश गर्ने अधिकार पनि समितिसँग छ ।[३०] न्यूनतम

[२८] श्री ५ को सरकार, सूचना तथा सूचना तथा सञ्चार मन्त्रालयको मिति २०६०।४।१९ को मन्त्रीस्तरीय निर्णय

[२९] श्रमजीवी पत्रकारसम्बन्धी ऐन २०५१ (पहिलो संशोधन २०६४) को दफा ३ (१)

[३०] ऐजन, दफा ११ (१)

पारिश्रमिक सिफारिश गर्ने मात्र नभई ऐनमा जे सुकै लेखिएको भए तापनि नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कुनै सञ्चार प्रतिष्ठानको हकमा यो ऐनको कुनै व्यवस्था लागू नगर्ने प्रयोजनका लागि सरकारलाई परामर्श दिने कानुनी अधिकार पनि समितिलाई प्राप्त छ।[३१] त्यसरी ऐनको कुनै व्यवस्था कुनै सञ्चार प्रतिष्ठानका हकमा लागू नहुने गरी सरकारले तोक्नु पर्दाका आधार पनि ऐनमै खुलाइएको छ।[३२] यो व्यवस्था भने समितिको परामर्शसम्म मात्र सीमित रहेकोले सरकारको अधिकारका रुपमा ग्रहण गर्नुपर्ने हुन्छ ।

समितिले कर्तव्य निर्वाह गर्ने क्रममा प्राप्त गरेको कानुनी अधिकार, सो अधिकारको उपभोग गरेर अघि बढाउनुपर्ने कार्य र यसका निम्ति पर्ने आवश्यकताको दृष्टिले समितिका तीन प्रकारका सीमा वा समस्या देखिएका छन् । ती हुन्- कानुनी सीमा, आर्थिक सीमा र व्यावहारिक सीमा । कानुनीबाहेक आर्थिक तथा व्यावहारिक सीमा र समस्या परिपूरक एवम् अन्तरनिर्भर पनि देखिएका छन् ।

सञ्चार प्रतिष्ठानमा काम गर्ने श्रमजीवीहरूको न्यूनतम पारिश्रमिक निर्धारण गर्ने, न्यूनतम पारिश्रमिक निर्धारण गर्दा उनीहरूको पद र पदको तहगत वर्गीकरण गर्नुपर्ने र त्यस्तो न्यूनतम पारिश्रमिक रकम आवश्यकताअनुसार पुनरावलोकन गर्नका लागि नेपाल सरकारसमक्ष सिफारिश गर्नेबाहेकका कानुनी अधिकार समितिसँग नहुनु आफैंमा एउटा कानुनी सीमा हो । तोकिएको न्यूनतम पारिश्रमिक लागू भएको छ कि छैन; न्यूनतमभन्दा कम पारिश्रमिकमा काम गराइएको अवस्था छ कि छैन; यदि छ भने त्यस्तो समस्याको समाधान कसरी गर्न सकिन्छ; सञ्चार प्रतिष्ठानमा कार्यरत श्रमजीवीहरूले कानुनबमोजिम पाउनुपर्ने अधिकार र सुविधाबाट वञ्चित गर्ने रोजगारदाताहरूले कानुनको परिपालना गर्ने संयन्त्रलाई व्यावहारिक रुपमा कसरी चुस्त बनाउन सकिन्छ; समितिले तोकेको न्यूनतम पारिश्रमिकको व्यवस्थालाई कसरी लागू गराउन सकिन्छ भन्ने जस्ता पक्षमा समितिले परिणामदायी भूमिका निर्वाह गर्नसक्ने व्यवस्था नहुनु कानुनी सीमा हो ।

यसैगरी श्रमजीवी पत्रकारसम्बन्धी ऐनमा करिब डेढ दर्जन[३३] ठाउँमा विभिन्न कर्तव्य र अधिकारसहित व्यवस्था गरिएको समितिको सदस्य सचिवसमेत रहेको प्रेस रजिष्ट्रारको अधिकार प्रयोग र समितिका बीचमा कहीँ कतै समन्वय र संयोजनको व्यवस्था नरहनु पनि समितिको सीमाको रुपमा रहेको छ । यसका साथै ऐनले करिब डेढ दर्जन जति नै ठाउँमा ऐनबमोजिमको नियमको खाँचो महसूस

---

[३१] ऐजन, दफा ३४ ङ (१)

[३२] ऐजन दफा ३४ ङ (२)

[३३] ऐजन, दफा २ (भ्र); ३ (३); ५ (१); ५ क (१) र (२); ११ (१) (भ्र); २२ (२), (५), (६) र (७); २३ (१); २४; ३३ (३); ३३ क; ३४ ख; ३४ घ (१) र (२)

गराएको भए पनि त्यस्तो नियमावली नभएको अवस्थाले समितिलाई सीमित गरिदिएको छ । समितिको कार्यप्रकृति स्थायी तोकेर कार्यप्रणाली अस्थायी प्रकारको व्यवस्था गरिएको कानुनी अवस्थाले समितिलाई खुम्च्याएको महसूस गरिएको छ । समितिको सिफारिश कार्यान्वयन गर्ने गराउने सञ्चार प्रतिष्ठान र नेपाल सरकार मौन वा उदासिन रहने हो भने समितिको मेहनत उपलब्धिहीन हुने मात्र नभई श्रमजीवीहरूमा थप निराशाको स्थिति आउने खतरा रहन्छ। यो समितिको सीमा मात्र होइन, सञ्चारजगतको गुणात्मक विकासका लागि नै बाधक सावित हुनसक्ने अवस्था विद्यमान छ। यस्ता कानुनी व्यवस्थाहरू कतिपय अर्थमा सोझै समितिका सीमाका रुपमा नदेखिए पनि तिनको व्यावहारिक प्रभावलाई हेर्दा समितिको सीमा वा समस्याका रुपमा उभिएका छन् ।

सबै सञ्चार प्रतिष्ठानको कानुनी हैसियत बराबर हुँदाहुँदै पनि ऐनको कार्यान्यवनमा पर्न सक्ने व्यावहारिक कठिनाइलाई समेत मध्यनजर गरी समितिले सञ्चार प्रतिष्ठानलाई राष्ट्रिय, क्षेत्रीय र स्थानीय स्तरभित्र 'क', 'ख' र 'ग' वर्गमा वर्गीकरण गर्नु उपयुक्त ठानेको छ। जबकि सञ्चारमाध्यमहरूको वर्गीकरण प्रेस काउन्सिलको परामर्शमा सरकारले गठन गर्ने पत्रपत्रिका वितरण सम्परीक्षण समितिको अधिकार क्षेत्रभित्र रहिआएको कार्य हो ।[३४] यसरी यो व्यवस्था समितिको क्षेत्राधिकारभित्र सोझो अर्थमा नपर्नु पनि कानुनी सीमा नै हो । तर, श्रमजीवीहरूको न्यूनतम पारिश्रमिक निर्धारण गरेर त्यसको कार्यान्वयनका लागि सञ्चारमाध्यमहरूको भिन्न ढंगमा वर्गीकरण गर्नु उचित, आवश्यक र वैज्ञानिकसमेत हुन आउँछ ।

सञ्चार प्रतिष्ठानमा काम गर्ने श्रमजीवीहरूको सङ्ख्याको यथार्थ अभिलेख कतै पाइँदैन । नेपाल पत्रकार महासङ्घको सदस्यता पाएका पत्रकारको सङ्ख्या ८ हजारभन्दा बढी छ। सञ्चार प्रतिष्ठानमा रही व्यवस्थापकीय दायित्व निर्वाह गरिरहेका व्यक्तिहरू पनि महासङ्घको सदस्य रहेको अवस्थाले महासङ्घका सदस्यहरू सबै वा उनीहरू मात्रै श्रमजीवी पत्रकार हुन् भन्ने अवस्था देखिँदैन । महासङ्घको वैधानिक प्रावधानले गर्दा पनि कतिपय पत्रकार सदस्य नबनेका हुनसक्ने अवस्था छ। अर्कातिर कर्मचारी र कामदारसमेतको अभिलेख राख्ने दायित्व तोकिएको प्रेस रजिष्ट्रारको अलग्गै कार्यालय स्थापना हुन नसकेका कारणले पनि तथ्याङ्कको अभाव रहेको छ। समितिले सञ्चार प्रतिष्ठानहरूसँग माग गरेको तथ्याङ्क केहीबाट मात्र उपलब्ध भएका कारणले समेत समितिले केही सीमित हुनुपरेको महसूस गरेको छ ।

---

[३४] प्रेस काउन्सिल ऐन २०४८, दफा १०

यो समितिले गठन कालदेखि नै विभिन्न कठिनाइहरूको सामना गर्नुपर्‍यो । कानुनले समितिलाई स्थायी स्वरूप दिएको भए पनि गठन हुँदा न यसको कार्यालय थियो; न त काम अघि बढाउनका लागि बजेटको व्यवस्था नै । सुरुका दिनमा सूचना विभागको एउटा कोठामा कार्यालय खडा गरी विभागका महानिर्देशक तथा समितिका सदस्य-सचिवको कार्यकक्षमा बैठक बस्ने गर्‍यो । बैठकको कार्यविधि बनाउनुका साथै बैठकले सरकारसँग ९२ लाख ८० हजार रुपियाँको बजेट माग गरिएकोमा अर्थ मन्त्रालयले ६ लाख ८५ हजार रुपियाँ मात्र निकासा दियो । यो रकम कार्यालय स्थापनाका लागि समेत पर्याप्त थिएन । प्रशासनिक खर्च र कार्यक्रमका लागि बजेटको अभाव यथावत् नै रह्यो ।

यसो भए पनि काम गर्दै जाँदा थप रकम दिने आश्वासनका आधारमा मङ्सिरमा पहिलो पत्रकार सम्मेलन गरेर समितिले काम थालेको जानकारी गराइयो । कार्यालय व्यवस्थित हुन नसक्दा काममा बाधा पुगेको महसुस गरी २०६४ माघको अन्तिम साता मुद्रण विभागको पुरानो भवनमा कार्यालय स्थापना गरियो । कार्यालय कोठाहरूको मर्मत, रङ्गरोगन, फ्लोरिङ्-फनिर्सिङ्गको खर्च सूचना तथा सञ्चार मन्त्रालयले बेहोरिदिएकोले समितिका नाममा निकासा भएको रकमबाट कार्यक्रम सञ्चालन गर्न सम्भव भयो ।

समितिसँग बजेटको अभाव भएका कारण प्रेस काउन्सिल नेपालसँग संयुक्तरुपमा कार्यक्रम गरी राय-सुझाव सङ्कलन गर्ने प्रयास ०६४ पुसको उत्तरार्द्धबाट थालियो । त्यो प्रयास २०६४ चैत १७ गते महोत्तरीको जलेश्वरमा आयोजित एक कार्यक्रममा मात्र सीमित हुनपुग्यो । यद्यपि एफएम रेडियो सञ्चालकसँग प्रेस काउन्सिलले काठमाण्डौंमा गरेको कार्यक्रममा समितिका अवधारणा राख्ने अवसर मिलेको थियो । यसरी अवसरको सदुपयोग गर्ने सन्दर्भमा इक्वल एक्सेस नेपालले रेडियो सञ्चालकहरुको आचारसंहिता बनाउने सन्दर्भमा गरेका अन्तर्क्रियामा पनि समितिका अवधारणा प्रस्तुत गरिएको थियो ।

आर्थिक अभावमा कार्यक्रम हुन नसक्ने अवस्थामा सरकारसँग थप ९ लाख ७१ हजार ९ सय रुपियाँ माग गरिएकोमा अर्थ मन्त्रालयबाट ५ लाख रुपियाँ निकासा प्राप्त भयो । कार्यक्रमका लागि फेरि ६ लाख ४५ हजार रकम माग गरियो र तेस्रोपटक सरकारले ४ लाख रुपियाँ दिएपछि समितिले कामलाई निरन्तरता दिने काम भएको छ । सकभर सबै अञ्चल र जिल्लाका पत्रकार तथा सञ्चार प्रतिष्ठानका सञ्चालकहरूसँग छलफल गर्ने समितिको कार्ययोजना रहे पनि आर्थिक अभावका कारण कर्णाली अञ्चलमा पुग्न सम्भव भएन । अरू अञ्चललाई भने सकभर समेट्ने कोसिस गरियो । आर्थिक समस्याले समितिको कार्यप्रगतिमा निकै सुस्तता ल्याइदियो । भौगोलिक र भाषिक विविधताका बीच

सीमित आर्थिक स्रोतसाधनका आधारमा छलफल र अन्तरक्रियाहरू गर्नुपरेको समितिले महसूस गरेको छ । यसलाई समितिले आफ्नो बाध्यता र सीमाको रुपमा आत्मसात गरेको छ ।

आर्थिक कठिनाइको यो पाटोबाहेक संविधानसभाको ऐतिहासिक चुनाव र त्यससँग सम्बन्धित भएर देखा परेको राजनीतिक अन्योलले पनि समितिको कामलाई असर पार्‍यो । संविधानसभाको निर्वाचन २०६४ मङ्सिरमा हुन नसकेपछि तत्कालै निर्वाचनको अर्को मिति तय नभएकाले उत्पन्न राजनीतिक अन्योलका कारण मुलुकका अरु क्षेत्र र निकायहरूजस्तै समितिको कामलाई सहज रूपमा अगाडि बढाउन सकिने अवस्था रहेन । यसबीचमा दलहरूबीच उत्पन्न गतिरोध र एक महिना लामो तराई बन्दले पनि समितिको कामलाई प्रभावित गरिरह्यो । चुनावको मिति तोकिएपछि अधिकांश पत्रकारहरू स्वाभाविक रूपमा संविधानसभा चुनावलाई सफल पार्न व्यस्त भए । तथापि, यस्तो ऐतिहासिक घडीमा पनि सञ्चारकर्मीहरूद्वारा समय व्यवस्थापन गरी सहयोग प्राप्त भएकाले यसबीचमा २०६४ चैतको पहिलो सातादेखि राजधानीबाहिर अन्तर्क्रिया कार्यक्रमहरू सञ्चालन गरिए ।

संविधानसभाको निर्वाचन सम्पन्न भए लगत्तै २०६५ वैशाख २१ र २२ गते नेपाल पत्रकार महासङ्घको २२ औ महाधिवेशन पनि यसै अवधिमा परेकोले धेरै जिल्लाका पत्रकारलाई कुनै निश्चित ठाउँमा भेला गर्न सम्भव भएन । महाधिवेशनअघि हरेक दिन जसो कुनै न कुनै जिल्लामा शाखाका अधिवेशन भएकाले महासङ्घका गतिविधिमा बाधा पुग्ने गरी कार्यक्रम गर्ने कुरै थिएन । राजधानीबाहिर सम्पन्न कार्यक्रमहरू महासङ्घका जिल्ला शाखाहरूकै संयोजनमा गरिएका हुन् । सीमित स्रोत-साधन भएको अवस्थामा महासङ्घका शाखाहरूको सहयोगपूर्ण संयोजन समितिका लागि निकै महत्वपूर्ण रह्यो ।

अन्तरक्रिया र छलफलको क्रम काठमाडौंमा पनि सञ्चालन गरियो । यसमा समितिले सरोकारवालाहरुबाट अपेक्षित सहयोग प्राप्त गरेको भए कामलाई अघि बढाउन थप मद्दत मिल्ने थियो । केही ठूला प्रकाशन तथा प्रसारण माध्यमहरूको प्रतिनिधित्व गर्ने संस्था मिडिया सोसाइटीसँग समितिले पटक-पटक गरेको प्रयास र आग्रहपछि ०६५ बैशाख १६ गते सोसाइटीकै कार्यालयमा अनौपचारिक छलफल भयो । समितिले आफ्नो कार्यक्षेत्र र प्रयासबारे जानकारी गराएपछि सोसाइटीका पदाधिकारीहरू उत्साहित भएको पाइयो । थप छलफलका लागि सोसाइटीले समय तय गरी जानकारी गराउने समझदारी भए पनि त्यस्तो जानकारी प्राप्त हुन नसकेपछि समितिका तर्फबाट छलफल एवम् अन्तरक्रियाको प्रयास र आग्रहलाई निरन्तरता दिइएको थियो । अन्ततः समितिले सिफारिशको खाका तयार गरेर छलफलका लागि अलग-अलग आग्रह गर्दा पनि सोसाइटीका पदाधिकारीहरू कसैको उपस्थिति रहन सकेन । यस परिस्थितिमा समितिले मिडिया सोसाइटीका तर्फबाट असहयोग भएको

महसूस गरेको छ । यस प्रकारको अवस्थालाई पनि समितिले आफ्नो कामको सिलसिलामा आएको व्यावधानको रुपमा लिएको छ ।

समितिले काम थाले लगत्तै राजधानीका मात्र नभइ राजधानीबाहिरका सञ्चार प्रतिष्ठान समेतसँग आआफ्ना प्रतिष्ठानमा कायम रहेका पद र दिइदै आएको पारिश्रमिकबारे जानकारी गराइदिन लिखत आग्रह गर्‍यो । केही सञ्चार प्रतिष्ठानले तदारुकता जनाइ समितिलाई विवरण उपलब्ध गराए । तर राजधानीकै अधिकांश प्रतिष्ठानबाट त्यस्तो सहयोग प्राप्त हुन नसक्दा निश्चित आधार बनाएर छलफल अगाडि बढाउने अवस्था रहन सकेन ।

समितिले सञ्चार प्रतिष्ठानमा कार्यरत श्रमजीवीहरूको न्यूनतम पारिश्रमिक निर्धारणका लागि विभिन्न पेशा, व्यावसाय र क्षेत्रमा प्रचलनमा रहेको पारिश्रमिकको तुलनात्मक अध्ययन; यस विषयमा विशेषज्ञता हासिल गरेका विभिन्न क्षेत्रका व्यक्तित्वहरूसँग अन्तरक्रिया र विगतमा यस सन्दर्भसँग मिल्दाजुल्दा प्रयासहरूको विश्लेषण गर्नसकेको छ । यस विषयमा दक्षिण एसियाका केही मुलुकका सञ्चार प्रतिष्ठानका श्रमजीवीको अवस्थाबारे इन्टरनेटका माध्यमबाट सीमित अध्ययन गर्न सम्भव भए पनि ती वा त्यसबाहेकका मुलुकमा गएर अध्ययन गर्ने वा त्यहाँका विशेषज्ञहरूसँग जानकारी आदानप्रदान गर्न सम्भव भएन ।

## ५. श्रमजीवी पत्रकार, कर्मचारी र कामदारको अवस्था

नेपाली पत्रकारिताको व्यावसायिक अभ्यास सुरु भएदेखि नै श्रमजीवीहरू संलग्न रहँदै आए पनि सञ्चार प्रतिष्ठानहरूको संख्यात्मक विकाससँगै यही पेसामा संलग्न भएर बाँच्ने श्रमजीवीको सङ्ख्या पनि बढेको छ। २०५१ सालमा श्रमजीवी पत्रकारसम्बन्धी कानुन बनेपछि कतिपय सञ्चार प्रतिष्ठानहरूले कानुनी प्रावधानअनुरूपको न्यूनतम पारिश्रमिक तथा सेवा-सुविधा दिन थालेको पाइन्छ। अझ २०६४ मा ऐन संशोधन भएर न्यूनतम पारिश्रमिक निर्धारण समिति गठन भएपछि यसप्रति लगानीकर्ता र श्रमजीवी दुबै पक्षको चासो बढेको छ। कतिपय प्रतिष्ठानले श्रमजीवीहरूलाई स्थायी नियुक्तिसमेत दिएका छन् । कानुनले तोकेअनुसारका बिदा, सञ्चय कोषजस्ता सुविधा पनि कतिपय प्रतिष्ठानले दिन सुरु गरेको पाइन्छ। यी सबै सन्दर्भहरू केलाउँदा कानुनको पालनाप्रति सकारात्मक सन्देश भने प्रवाहित भएको पाइन्छ।

यो सकारात्मक पक्षका वावजूद सञ्चार प्रतिष्ठानमा काम गर्ने आम श्रमजीवीहरूको अवस्था सन्तोषजनक छैन । अधिकांश श्रमजीवीले नियुक्तिपत्र पाएका छैनन् । ऐनबमोजिम नियुक्ति पत्र नदिई काममा लगाउनु नहुने[३५], खुल्ला प्रतियोगिताबाट पदपूर्ति गर्नुपर्ने[३६], नियुक्तिको जानकारी प्रेस रजिष्ट्रारलाई दिनुपर्ने र त्यस्तो जानकारी प्रेस रजिष्ट्रारले राख्नुपर्ने व्यवस्था[३७] कानुनमा मात्रै सीमित हुन पुगेका छन् । नियुक्तिपत्र दिइएकामध्ये पनि अधिकांश करारमा नियुक्त छन् । एकपटक करारमा नियुक्ति दिएपछि करार नवीकरण नगराई निरन्तर काम गराइरहेको अवस्था पनि छ । सूचना विभागबाट प्रेस प्रतिनिधि प्रमाणपत्र लिनका लागि नियुक्तिपत्रको व्यवस्था अनिवार्य गरिए पनि श्रमजीवी पत्रकारलाई दिइएको नियुक्तिपत्रको प्रयोजन त्यही प्रमाणपत्र लिनमा मात्र सीमित भएको छ। उनीहरू मौखिक समझदारीका आधारमा काम गर्न बाध्य भएकोले ऐन वा नियमको रीत नपुऱ्याई कुनै पनि श्रमजीवीको सेवाको अन्त्य गर्न नसकिने[३८] कानुनी व्यवस्थाको प्रयोग नगण्य मात्रै भएको छ । व्यवस्थापनका पक्षबाट कानुनको प्रयोगमा बेवास्ता गरिएको अवस्थामा श्रमजीवीहरूले पनि सञ्चार प्रतिष्ठानको सेवाबाट स्वेच्छिक अवकास लिँदा तीन महिनाको अग्रीम सूचना दिनुपर्ने कानुनी दायित्व[३९] सामान्यतः पालना गरेको पाइँदैन । दरबन्दी कटौतीसम्बन्धमा गरिएका विभिन्न कानुनी व्यवस्थाहरूको प्रयोग कानुनमा मात्र सीमित[४०] छ । श्रमजीवीहरूले आफ्नो दक्षता र योग्यताका आधारमा कानुनबमोजिमको नियुक्तिपत्र र न्यूनतम पारिश्रमिकको दावी प्रस्तुत गर्न नसकेका कारणले पनि यस्तो अवस्था विकास हुनमा प्रोत्साहन मिलेको देखिन्छ ।

सञ्चार प्रतिष्ठानहरू निरन्तर सञ्चालन भइरहेको अवस्थामा पनि तोकिएको न्यूनतम पारिश्रमिकसमेत अधिकांश श्रमजीवीले समयमै पाएका छैनन् । श्रमजीवीले सञ्चार प्रतिष्ठानमा काम गरेवापत मासिक पारिश्रमिक पाउने कानुनी प्रावधान[४१] नै भए पनि कार्यान्वयनको अभावमा यसले आम पत्रकारहरूको जीवनमा कुनै अर्थ राख्न सकेको छैन भने वार्षिक तलब वृद्धि[४२] त बहुसंख्यक पत्रकारहरूले कल्पना मात्र गर्नसक्ने अवस्था छ । यसैको परिणामस्वरुप शैक्षिक योग्यता, व्यावसायिक दक्षता र अनुभव भए पनि अधिकांश श्रमजीवीहरूले जीवनयापनसम्म नहुने गरी अत्यन्त न्यून

[३५] ऐजन, दफा ३ (१)
[३६] ऐजन, दफा ४
[३७] ऐजन, दफा ५
[३८] ऐजन, दफा ८
[३९] ऐजन, दफा २१ (२)
[४०] ऐजन, दफा २२
[४१] ऐजन, दफा १२
[४२] ऐजन, दफा १३

पारिश्रमिकमा काम गरिरहेका पाइन्छन् । श्रमजीवीहरूको काम गर्ने समय र हाजिरी तथा विदासम्बन्धी व्यवस्था[४३] एक दुई बाहेकका सञ्चार प्रतिष्ठानमा लागू भएको छैन । यसले गर्दा पत्रकारिता पेसा अवलम्वन गरे पनि जीवनयापनका लागि वैकल्पिक पेसामा संलग्न हुनुपर्ने बाध्यता छ । सीप विकासका लागि संशोधित कानुनले स्पष्ट व्यवस्था गरे पनि[४४] राज्य र सञ्चार प्रतिष्ठान दुबै पक्षले चासो दिएको पाइँदैन ।

ऐनमा भएको परिभाषाले स्पष्ट रूपमा पत्रिकाको व्यवस्थापकीय र प्रकाशकीय अधिकार भएको व्यक्तिलाई श्रमजीवी पत्रकार मानेको छैन । तर, नेपालका सन्दर्भमा श्रमजीवी पत्रकारको यस परिभाषाले कतिपय श्रमजीवी पत्रकारलाई समेट्न सक्दैन । राजधानीका केही तथा खासगरी मोफसलका कतिपय सम्पादकहरू प्रकाशन एवम् व्यवस्थापनको जिम्मेवारी पनि सम्हालेर बसेका छन् । तिनै पत्रकारहरू राजधानीबाट प्रकाशित हुने अखवारका सम्वाददातासमेत छन् ।

श्रमजीवीहरूको पेशागत असुरक्षाको कुरा त कानुन कार्यान्वयन नै नभएको अवस्थाले प्रष्ट पारेकै छ; यसबाहेक उनीहरूको भौतिक र सामाजिक सुरक्षाको अवस्था पनि नाजुक छ । दुर्घटनामा परेर मृत्यु भएमा वा अरू कुनै कारणले उनीहरू मानसिक वा शारीरिक रूपमा अशक्त हुन पुगेमा आफू र आफ्नो परिवारको जीवनयापनका लागि कुनै व्यवस्था छैन । स्वास्थ्यका कारणले यस पेसामा सक्रिय हुन नसक्ने भएपछि त्यस्ता पत्रकारको जीवनवृत्तिको कुनै व्यवस्था गरिएको पाइँदैन । अधिकांश श्रमजीवीहरूको हालसम्म दुर्घटना वीमा र जीवन बीमा समेत गरिएको छैन ।

सञ्चार प्रतिष्ठानको कामको सिलसिलामा कुनै श्रमजीवी पत्रकारलाई चोटपटक लागेमा वा निजको मृत्यु भएमा वा निजको व्यक्तिगत सम्पत्ति नष्ट भएमा उपचार खर्च वा क्षतिपूर्तिको रकम सम्बन्धित सञ्चार प्रतिष्ठानबाट पाउने कानूनी व्यवस्था[४५] मात्र लागु हुनसक्ने हो भने पनि केही राहत महसूस हुनसक्ने अवस्था छ । श्रमजीवी पत्रकारको हक, हित र सुरक्षाको लागि कल्याणकारी कोष खडा गर्नुपर्ने[४६] कर्तव्यबाट व्यवस्थापन उदासीन रहेजस्तै नियम बनाएर श्रमजीवीहरूको उपदान, सञ्चय कोष, औषधि उपचार खर्च तथा अन्य सुविधाको व्यवस्था गर्नुपर्ने[४७] कर्तव्य सरकारले पूरा गरेको छैन ।

---

[४३] ऐजन, दफा ९ र १०

[४४] ऐजन, दफा ३४ (ग) १ र २

[४५] ऐजन, दफा १४

[४६] ऐजन, दफा १७

[४७] ऐजन, दफा १८

आफूले सञ्चालन गरेको सञ्चारमाध्यम कुनै कारणले बन्द गर्न चाहेमा सो कुराको सूचना प्रेस रजिष्ट्रार र सम्बन्धित श्रमजीवी पत्रकारहरूलाई तीन महिना अगावै दिनुपर्ने व्यवस्था[४८] पालना भएको देखिएको छैन ।

त्यसो त आफू शोषित भएको ठानिरहेका श्रमजीवीहरूले पनि कानुनले दिएको अधिकार उपभोग गर्दै आफ्नो व्यवसायिक तथा पेशागत हक हितको संरक्षण र संवर्द्धन गर्नका लागि आफू कार्यरत सञ्चार प्रतिष्ठानमा ट्रेड युनियनसम्बन्धी प्रचलित कानुनको अधीनमा रही ट्रेड यूनियन गठन गर्नसक्ने[४९] अधिकारलाई त्यति महत्व दिएको पाइँदैन । यसमा मजदुरहरूको तर्फबाट केही प्रयास थालिएको भए पनि पत्रकार र कर्मचारीहरू त्यस्तो प्रयासमा अत्यन्त न्यून मात्रामा सहभागी भएको पाइन्छ । सञ्चार प्रतिष्ठानहरुले पनि ट्रेड यूनियन गठन गर्न प्रोत्साहन गरेको पाइँदैन ।

कानुनी प्रावधानहरूको कसीमा हेर्दा श्रमजीवीहरूको तथ्याङ्क व्यवस्थित किसिमले राख्ने काम सञ्चार प्रतिष्ठानहरूले गरेको पाइँदैन । यही कारणले र सरकारी उदासीनतासमेतका कारणले पत्रकारहरूको योग्यता, अनुभव, काम, कर्तव्य र अधिकार तथा उत्तरदायित्वसमेत उल्लेख भएको विवरण राख्ने[५०] कानुनी प्रावधान कार्यान्वयन हुनसकेको छैन ।

यी कानुनी व्यवस्थाहरूलाई समग्रमा मूल्याङ्कन गर्दा विद्यमान श्रमजीवी पत्रकार ऐनका विभिन्न दफामा विभिन्न अधिकार र कर्तव्यको व्यवस्था गरिएको प्रेस रजिष्ट्रार[५१]को नियुक्ति नगरी सूचना विभागको महानिर्देशकलाई जिम्मेवारी दिएतापनि हालसम्मको व्यवस्थाले गर्दा सञ्चारजगत कानुनको प्रभावकारी कार्यान्वयनको अभावबाट गुज्रिनु परेको छ । यो अवस्थालाई उच्चस्तरीय मिडिया सुझाव आयोगले पनि स्वीकार गरेको छ । 'श्रमजीवी पत्रकारहरूको हक-हितको संरक्षण हुन नसक्नु, भएका कानूनको पनि प्रभावकारी कार्यान्वयन हुन नसक्नु'[५२] लाई आयोगले 'प्रेस र सञ्चार जगतका समस्या' का रुपमा उल्लेख गरेको छ ।

---

[४८] ऐजन, दफा २३ (१)

[४९] ऐजन, दफा ३४ क र ट्रेड युनियन ऐन २०४९

[५०] ऐजन, दफा ३ क

[५१] प्रेस रजिष्ट्रारको व्यवस्था भन्नाले छापाखाना र प्रकाशन सम्बन्धी ऐन २०४८ को दफा १९ बमोजिम नियुक्त गरिएको प्रेस रजिष्ट्रार भन्ने व्यवस्था श्रमजीवी पत्रकार सम्बन्धी विद्यमान ऐनको दफा २ (झ) मा गरिएको छ। त्यस्तो प्रेस रजिष्ट्रारको नियुक्ति सरकारले गर्ने गरी निजको काम, कर्तव्य र अधिकार समेत छापाखाना र प्रकाशन सम्बन्धी ऐन २०४८ को दफा १९ मा तोकिएको छ। यसमा उल्लेख भएका शब्दावलीहरूको आधारमा सो ऐन नै छापा माध्यमको हकमा मात्र लागू हुने गरी तर्जुमा गरिएको देखिए पनि सामयिक सन्दर्भमा सो ऐन अन्य माध्यममा पनि लागू हुने देखिन्छ।

[५२] उच्चस्तरीय मिडिया सुझाव आयोग प्रतिवेदन-२०६३, पृष्ठ ६

समग्रमा नेपाली सञ्चारमाध्यमहरूमा कार्यरत श्रमजीवीहरूको हकमा भएका कानूनी व्यवस्था र तिनको कार्यान्वयनको अवस्थालाई हेर्दा आम रुपमा उनीहरू असंगठित क्षेत्रका मजदुरहरूको अवस्थामा छन् भन्दा अत्युक्ति हुँदैन ।

## ६. समितिका गतिविधि

समितिको गठन ०६४ भदौ २८ गते भएको हो । समितिको पहिलो बैठक सूचना विभाग, सञ्चारग्राममा असोज १८ गते बस्यो । समितिको कार्यालय २०६४ माघ २४ गते सिंहदरवारमा सारिएको हो । आफ्नो दायित्व निर्वाह गर्ने क्रममा समितिले कानुनद्वारा निर्धारित सरोकारवाला व्यक्ति तथा समूहहरू (Stakeholders) सँग सुझाव संकलन गर्न छलफल र अन्तर्क्रियाको प्रक्रिया अवलम्बन गर्‍यो । यसअघि, समितिले काम थाले लगत्तै पहिलो चरणमा राजधानीका सञ्चार प्रतिष्ठान र दोस्रो चरणमा राजधानीबाहिरका नियमित प्रकाशन, प्रसारण भएका प्रतिष्ठानमा हाल कायम रहेका पद र दिइदै आएको पारिश्रमिकबारे जानकारी गराइदिन लिखत आग्रह गरियो । केही सञ्चार प्रतिष्ठानले तदारुकता जनाइ समितिलाई विवरण उपलव्ध गराए । राजधानीबाहिर कैलाली, पोखरा र विराटनगरबाट उत्साहजनक प्रतिक्रिया प्राप्त भए । ती विवरणहरु समितिमा सुरक्षित गरिएको छ ।

समितिले राजधानीमा १२ र राजधानीबाहिर ९ वटा अन्तर्क्रिया कार्यक्रम गरी सुझाव सङ्कलन गरेको छ । यी कार्यक्रममा झण्डै एक हजार जना सहभागी रहे । समितिले कुल ३१ वटा बैठक गरी यो प्रतिवेदन तयार गरेको छ ।

### क) राजधानीमा भएका कार्यक्रम

| | | |
|---|---|---|
| २०६४ पुस ३ | - | पत्रकार सम्मेलन |
| २०६४ पुस १३ | - | विभिन्न ट्रेड युनियनका नेताहरू ( सौजन्यः श्रम तथा यातायात व्यवस्था मन्त्रालय) |
| २०६४ पुस १८ | - | होटल अर्किड- सामूहिक अन्तर्क्रिया |
| २०६४ पुस २४ | - | दैनिक प्रकाशनका प्रकाशक |
| २०६४ पुस २७ | - | साप्ताहिक-पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल |
| २०६४ माघ १० | - | विभिन्न सङ्घ/संस्थाका प्रतिनिधिसँग छलफल |
| २०६४ माघ २० | - | काठमाडौं उपत्यका एफ.एम. प्रसारक मञ्च |
| २०६४ चैत ६ | - | होटल मल्ल- देशभरका एफ.एम. रेडियोका सञ्चालक (सौजन्यः प्रेस काउन्सिल नेपाल) |
| २०६५ बैशाख १६ | - | मिडिया सोसाइटी |
| २०६५ असार १० | - | एफ.एम. रेडियो सञ्चालकहरू (सौजन्यः इक्वेल एक्सेस) |

२०६५ असार ११ - श्रम, कानुन र अर्थ विशेषज्ञहरूसँग छलफल (सहभागीहरू- डा. नारायण मानन्धर, डा. चिरञ्जीवी नेपाल, रमेश बडाल र राजेन्द्र नेपाल)

२०६५ असार २१ - सञ्चारसम्बन्धी विभिन्न पेसागत सङ्घ/संस्था र सञ्चार प्रतिष्ठानबीच सिफारिशको अवधारणाबारे अन्तरक्रिया (साप फाल्चा)

### ख) राजधानीबाहिर भएका कार्यक्रमहरू

२०६४ चैत २ धनगढी - सेती र महाकाली अञ्चल

२०६४ चैत ६ विराटनगर - कोसी अञ्चल

२०६४ चैत १६ जलेश्वर - जनकपुर र सगरमाथा अञ्चल (सौजन्यः प्रेस काउन्सिल नेपाल)

२०६४ चैत २३ बुटवल - लुम्बिनी अञ्चल

२०६५ बैशाख ३० पोखरा - गण्डकी र धौलागिरि अञ्चल

२०६५ जेठ १४ वीरगन्ज - नारायणी अञ्चल

२०६५ जेठ १७ बिर्तामोड - मेची अञ्चल

२०६५ जेठ १८ घोराही - राप्ती अञ्चल

२०६५ जेठ १९ नेपालगन्ज - भेरी अञ्चल

## ७. अघिल्ला समितिका सिफारिशहरू

### क. मिडिया वर्गीकरणको पृष्ठभूमि

पत्रपत्रिकाको वर्गीकरणको सुरुवात सरकारले न्युज प्रिन्टमा दिने सुविधालाई व्यवस्थित गर्न ०५१ सालदेखि सुरु गरेको हो । तर त्यसअघि पत्रपत्रिकाको मूल्यांकन प्रेस काउन्सिल नेपाल मार्फत हुँदै आएको थियो । अहिले प्रेस काउन्सिल ऐन २०४८ अन्तर्गत गठन हुने वितरण सम्परीक्षण समिति[५३] ले छापामाध्यमको मात्रै वर्गीकरण गर्दै आएको छ । सम्परीक्षण र वर्गीकरण गराउन इच्छुक प्रकाशनले सम्परीक्षण समितिसमक्ष तोकिएको शुल्कसहित तोकिएको सर्त र ढाँचामा आवेदन दिनुपर्छ । यसरी सम्परीक्षण र वर्गीकरण गराउन चाहने प्रकाशन/प्रसारणले आफ्नो प्रकाशन/प्रसारण राष्ट्रिय, क्षेत्रीय वा स्थानीय कुन स्तरको हो, सो कुरा स्पष्ट उल्लेख गरी आवेदन गरेको हुनुपर्ने व्यवस्था छ ।[५४]

सम्परीक्षण समितिले सञ्चारमाध्यमको सम्परीक्षण र वर्गीकरण गर्दा राष्ट्रिय, क्षेत्रीय र स्थानीय गरी तीन श्रेणीमा वर्गीकृत गर्ने र हरेक तहको वर्गीकरणका निम्ति पाठक र श्रोता सङ्ख्या, वितरण क्षेत्र, जनसङ्ख्या, जनशक्तिको स्थिति र श्रमजीवी पत्रकारहरूको हक-हितको संरक्षणको अवस्था, प्रविधि,

[५३] प्रेस काउन्सिल ऐन २०४८ दफा १०

[५४] प्रेस काउन्सिल (कार्य व्यवस्था) नियमावली २०४९ नियम ८

पृष्ठ, आकार एवम् सङ्ख्याजस्ता विभिन्न आधारहरू तय गरी[५५] त्यसका आधारमा सम्परीक्षण र वर्गीकरण गर्नु पर्ने सुझाव उच्चस्तरीय मिडिया सुझाव आयोगले दिएको छ ।

प्रेस र सञ्चारमाध्यममा काम गर्ने जनशक्तिको व्यावसायिक दक्षता र सीप विकासका निम्ति स्वदेश तथा विदेशमा अध्ययन, अवलोकन, तालिम, प्रशिक्षणको व्यवस्था हुनुपर्ने व्यवस्था समेतलाई वर्गीकरणको आधार मान्नु पर्ने आयोगको सुझाव छ ।[५६]

## ख. तत्कालीन समितिको सिफारिश

श्रमजीवी पत्रकारको न्यूनतम पारिश्रमिक सेवा र सुविधाका बारेमा पहिलो समितिले सरकारलाई सिफारिश बुझाएको थियो ।[५७] समितिले अखवारको वर्गीकरणका आधारमा एक तह कम अर्थात् 'ख' श्रेणीको प्रकाशन वा प्रसारण संस्थाले 'क' श्रेणीको भन्दा एक तह कम गरी श्रमजीवी पत्रकारको नियुक्ति तथा सुबिधा दिनसक्ने गरी सुझाव दिएको थियो । प्रतिवेदन तयार भएलगत्तै आर्थिक वर्ष २०५७/५८ मा सरकारले कर्मचारीको पारिश्रमिकमा झण्डै दोब्बर बृद्धि गरेकाले समितिले श्रमजीवी पत्रकारहरूका लागि निर्धारण गरेको पारिश्रमिक सामयिक र सान्दर्भिक हुन सकेन । त्यसलाई परिमार्जन गरी लागू गर्ने चासो सरकारले पनि देखाएन ।

तत्कालीन समितिले गरेको सिफारिश यसप्रकार थियो- [५८]

### अ. प्रकाशन/प्रसारण संस्थाको वर्गीकरण

प्रकाशन/प्रसारण संस्थामा गरिएको लगानी, त्यहाँ क्रियाशील पत्रकारहरूको दायित्व एवम् जिम्मेवारीका आधारमा ती संस्थाहरूलाई वर्गीकरण गरी पारिश्रमिक तथा क्षतिपूर्ति निर्धारण गर्नु उपयुक्त देखिन्छ । वर्तमान अवस्थामा ती संस्थाहरूको वर्गीकरण यसरी गरिनु उपयुक्त हुनसक्छ :

क) ब्रोडसिट प्रकाशित हुने दैनिक अखबार, समाचार एजेन्सीहरू र विद्युतीय प्रसारण संस्थाहरू ।

---

[५५] उच्चस्तरीय मिडिया सुझाव आयोग २०६३ को प्रतिवेदन पृष्ठ ३२

[५६] ऐजन पृष्ठ १२

[५७] तत्कालीन समितिले आफ्नो कार्यकालमा पत्रकारहरूको पद वर्गीकरण र त्यसअनुरूप पारिश्रमिक निर्धारण गर्न समितिका सदस्यहरू सुरेश आचार्य, तारानाथ दाहाल र कविर राणाको एक उपसमितिलाई जिम्मेवारी दिएको थियो । श्रमजीवी पत्रकारहरूको पारिश्रमिक तथा क्षतिपूर्ति निर्धारण गर्न समितिले नै गठन गरेको उपसमितिको सुझावका आधारमा यस अवधिमा प्रकाशन एवम् प्रसारण संस्थाको वर्गीकरण, श्रमजीवी पत्रकारहरूको पद वर्गीकरण र न्यूनतम पारिश्रमिक निर्धारण गरेर सरकारलाई बुझाइएको थियो ।

[५८] पारिश्रमिक तथा क्षतिपूर्ति समितिको प्रतिवेदन २०५६

ख) वितरण सम्परीक्षण समितिले 'क' श्रेणी निर्धारण गरेका राजधानीका सबै साप्ताहिक अखबारहरू,

ग) वितरण सम्परीक्षण समितिले 'ख' श्रेणी निर्धारण गरेको राजधानीका र राजधानी बाहिरका 'क' श्रेणीका सबै अखबारहरू,

घ) राजधानीका 'ग' र राजधानी बाहिरका 'ख' श्रेणी एवम् सो भन्दा तलका अखबारहरू

**आ. पदहरूको तहगत वर्गीकरण तथा आधारहरू**

श्रमजीवी पत्रकारसम्बन्धी नियमावली- २०५३ को नियम ३ बमोजिम श्रमजीवी पत्रकार एवम् व्यवस्थापनको वर्गीकरण निम्नानुसार गर्नु उपयुक्त देखिन्छ :

**क) श्रमजीवी पत्रकार**

| **तह** | **पद** |
|---|---|
| एघारौँ | प्रधानसम्पादक/सम्पादक |
| दसौँ | नायव प्रधान सम्पादक/कार्यकारी सम्पादक |
| नवौँ | सहसम्पादक |
| आठौँ | सहायक सम्पादक/विशेष सम्वाददाता/प्रुफ प्रमुख/वरिष्ठ फोटो पत्रकार/वरिष्ठ कार्टुनिस्ट |
| सातौँ | वरिष्ठ उपसम्पादक/विशेष सम्वाददाता/प्रमुख प्रुफ रिडर/ वरिष्ठ फोटो पत्रकार/ वरिष्ठ कार्टुनिस्ट |
| छैठौँ | उपसम्पादक/संवाददाता/प्रुफ रिडर/फोटो पत्रकार/काटुनिस्ट |
| पाँचौँ | कनिष्ट उपसम्पादक/प्रशिक्षार्थी पत्रकार/सहायक प्रुफ रिडर |

अखबारको वर्गीकरण अनुसार श्रमजीवी पत्रकारहरूको तहमा एक तहका दरले कम गर्न सकिनेछ। साथै, प्रकाशन संस्थाले आफ्नो आवश्यकता अनुसार कुनै पद खाली राख्न सक्नेछ।

**ख) व्यवस्थापन**

| **तह** | **पद** |
|---|---|
| दस | मुख्य प्रबन्धक/सदस्य-सचिव |
| नवौँ | विभागीय प्रवन्धक/मुख्य लेखापाल |
| आठौँ | सम्पर्क अधिकृत/वरिष्ठ लेखा अधिकृत/मुख्य आन्तरिक लेखा परीक्षक/विभागीय सहायक प्रमुख/प्रशासकीय प्रमुख |

सातौँ वितरण अधिकृत/वरिष्ठ कम्प्युटर अपरेटर/लेखा अधिकृत

छैटौं सहायक लेखा अधिकृत/सहायक वितरण अधिकृत/कम्प्युटर अपरेटर/प्रेस अपरेटर

पाचौं लेखासहायक/वितरण सहायक/कार्यालय सहायक/पेस्टर/प्रेस हेल्पर

चौथो बिल वितरण/सङ्कलन, सुरक्षा गार्ड/टेलिप्रिन्ट अपरेटर

तेस्रो सहायक

व्यवस्थापन तहमा पनि अखबारको वर्गीकरण अनुसार एक तह कम गर्न सकिनेछ। व्यवस्थापनले आफ्नो आवश्यकताअनुसार कुनै पद खाली राख्न सक्नेछ।

## इ. न्यूनतम पारिश्रमिक

**(क) श्रमजीवी पत्रकार**

| तह | मासिक भत्ता | महङ्गी भत्ता | टेलिफोन | खाजा | यातायात | पत्रपत्रिका |
|---|---|---|---|---|---|---|
| दसौं | ८,२०० | ५०० | ५०० | ९०० | १००० | ६०० |
| नवौं | ७,४०० | ५०० | ५०० | ९०० | १००० | ६०० |
| आठौं | ६,८०० | ५०० | ५०० | ९०० | ५०० | ६०० |
| सातौ | ५,८०० | ५०० | ३०० | ६०० | ५०० | ४०० |
| छैटौं | ४,८०० | ५०० | २०० | ६०० | ५०० | ४०० |
| पाँचौं | ३,००० | ५०० | ६०० | | | |

**ख) व्यवस्थापन**

| तह | तलब | महङ्गी भत्ता | खाजा | यातायात | टेलिफोन | जनसम्पर्क |
|---|---|---|---|---|---|---|
| दसौं | ७२०० | ५०० | ९०० | १००० | ५०० | १५०० |
| नवौं | ६१०० | ५०० | ९०० | १००० | ५०० | १५०० |
| आठौं | ४९०० | ५०० | ९०० | १००० | ५०० | १००० |
| सातौ | ४२०० | ५०० | ६०० | ५०० | ४०० | ८०० |
| छैटौं | ३१०० | ५०० | ६०० | ५०० | २०० | |
| पाँचौं | २६०० | ५०० | ५०० | | | |
| चौथो | २२०० | ५०० | ५०० | | | |
| तेस्रो | १९०० | ५०० | ५०० | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| कनिष्ठ | १४०० | ५०० | ५०० | | | |

यो समितिले माथि तोकिएका सेवा-सुविधाका साथै अतिरिक्त समय काम गरेको बारेमा भनेको थियो- "बिदाको दिनमा काम गर्नुपरेका श्रमजीवी पत्रकारहरूलाई एक दिन बराबरको ओभरटाइम पारिश्रमिक उपलब्ध गराउनुपर्नेछ। व्यवस्थापन कर्मचारीहरूको हकमा बिदाको दिनबाहेक अन्य दिन काममा लगाउँदा उनीहरूको काम गरेको घण्टाको आधारमा ओभरटाइम पारिश्रमिक उपलब्ध गराउनु पर्नेछ।"

# ८. वर्तमान समितिको सिफारिश

## क. मिडिया वर्गीकरण

### अ) छापामाध्यम

छापामाध्यमलाई राष्ट्रिय, क्षेत्रीय र स्थानीय गरी सबैलाई अलग अलग 'क', 'ख' र 'ग' गरी तीन तहमा वर्गीकरण गर्न सिफारिश गरिएको छ। छापामाध्यमलाई राष्ट्रिय, क्षेत्रीय र स्थानीयभित्र पनि दैनिक पत्रिका र समाचारमूलक साप्ताहिक तथा पाक्षिक म्यागेजिन अलग, साप्ताहिक पत्रिका तथा अन्य पाक्षिक म्यागेजिन अलग र मासिक अलग गरी वर्गीकरण गरिएको छ। सोही वर्गीकरणका आधारमा अलग-अलग न्यूनतम पारिश्रमिक निर्धारण गरिएको छ।

### आ) एफ.एम. रेडियो

एफ.एम. रेडियोलाई हालसम्म राज्यका तहबाट वर्गीकरण गरिएको छैन। यो अवस्थामा यस्ता स्वतन्त्र रेडियोहरुको प्रसारण क्षेत्र, स्रोता सङ्ख्या, प्रसारण क्षमता, लगानी, कार्यक्रमको गुणस्तर, मानव स्रोतलगायतका आधारमा 'क', 'ख' र 'ग' गरी तीन तहमा वर्गीकरण गरिएको छ। समितिले आयोजना गरेका अन्तर्क्रियाहरुका क्रममा एफ.एम. रेडियोलाई व्यापारिक, सार्वजनिक र सामुदायिक गरी त्यसभित्र पनि 'क', 'ख' र 'ग' वर्गमा विभाजन गर्न सुझाव प्राप्त भएको थियो। तर, हालसम्म कानुनी रूपमा कुनै पनि एफ.एम. रेडियोले यसप्रकारको मान्यता नपाएकाले अर्को कानुनी व्यवस्था नभएसम्मका लागि 'क', 'ख' र 'ग' गरी तीन वर्गमा विभाजन गर्न सिफारिश गरिएको हो।

### (इ) टेलिभिजन

टेलिभिजनमा प्रसारण प्रविधिका आधारमा भन्दा लगानी, प्रसारणको क्षेत्र, कार्यक्रमको गुणस्तर, प्रसारण समय, कार्यरत मानवस्रोत जस्ता आधारमा 'क' र 'ख' गरी दुई तहमा मात्र वर्गीकरण गर्न प्रस्ताव गरिएको छ।

**(ई) समाचार एजेन्सी**

समाचार एजेन्सीहरुलाई दैनिक पत्रपत्रिकासरह वर्गीकरण गरी तिनमा कार्यरत श्रमजीवीलाई न्यूनतम पारिश्रमिक उपलब्ध गराउनु पर्नेछ ।

**(उ) उत्पादन–गृह**

कार्यक्रम उत्पादन-गृहलाई उनीहरूको कार्यक्रम उत्पादन सङ्ख्या, कार्यक्रमको प्रसारण क्षेत्र, ग्राहक सङ्ख्या, कार्यरत मानव स्रोतलगायतका आधारमा 'क', 'ख' र 'ग' तीन श्रेणीमै विभाजन गर्नु उपयुक्त हुन्छ । त्यहाँ कार्यरत श्रमजीवीलाई रेडियो कार्यक्रम उत्पादनका हकमा रेडियो वर्गीकरण सरह र टेलिभिजन कार्यक्रम उत्पादनका हकमा टेलिभिजन वर्गीकरण सरह न्यूनतम पारिश्रमिक दिनु पर्नेछ ।

**(ऊ) अनलाइन**

अनलाइन पत्रकारिता कानुनी रूपमा व्यवस्थित हुन सकेको छैन । तथापि, उनीहरूलाई कानुनी दायरामा ल्याई ती अनलाइन 'हिट्' हुने सङ्ख्या, उत्पादनको गुणस्तर, आर्थिक कारोवार, कार्यरत मानव स्रोतलगायतका आधारमा वर्गीकरण गरी श्रमजीवी पत्रकारसम्बन्धी कानुन कार्यान्वयन गर्नुपर्ने देखिन्छ । यहाँ कार्यरत श्रमजीवीलाई रेडियो वर्गीकरणसरह न्यूनतम पारिश्रमिक दिनु पर्नेछ ।

छापामाध्यमका सञ्चार प्रतिष्ठानका हकमा पनि राष्ट्रिय, क्षेत्रीय र स्थानीय रूपमा वर्गीकरण गर्दा सरकारले केही मापदण्डहरू तय गर्नु आवश्यक हुन्छ । यसो गर्दा सम्बन्धित पत्रपत्रिकाको वितरणलाई पहिलो प्राथमिकता दिनुपर्छ । यसबाहेक लगानी, स्रोतसाधन, मानव स्रोत, प्रकाशित सामग्रीजस्ता आधार पनि निर्धारण गर्न सकिन्छ भन्ने समितिको राय छ । वर्गीकरण नभएसम्मका लागि सबै सञ्चालक वा सञ्चार प्रतिष्ठानलाई आफूले सञ्चालन गरिरहेको सञ्चारमाध्यम कुन श्रेणीको हो भनेर स्वयम् घोषणा गर्ने अवसर प्रदान गरिनुपर्छ ।

## ख. पद वर्गीकरणका आधार

मिडिया वर्गीकरणका यी आधार उच्चस्तरीय मिडिया सुझाव आयोगको प्रतिवेदनमा समेत आधारित छ ।[५९] साथै, नेपाल पत्रकार महासङ्घले आयोजना गरेको श्रमजीवी पत्रकार कानुन कार्यान्वयनसम्बन्धी अन्तर्क्रियामा पनि यस्तै सुझाव प्राप्त भएको थियो ।[६०]

---

[५९] उच्चस्तरीय मिडिया सुझाव आयोग प्रतिवेदन-२०६३, पृष्ठ ३२

नेपालका सञ्चार संस्थाहरूको हैसियत कानुनी रूपमा समान छ । तर, लगानीलगायतका आधारमा उनीहरू समान छैनन् । समितिले तोक्ने भनेको पारिश्रमिक न्यूनतम हो । तर, समितिले कुनै एउटा तहलाई आधार मानेर तोक्न सम्भव हुँदैन । कानुनले समितिलाई सञ्चार प्रतिष्ठानमा काम गर्ने पत्रकारदेखि अरू कामदारसम्मको पाक्षिक पारिश्रमिक र पद वर्गीकरणसमेतको दायित्व दिएको छ । एउटा संस्थामा काम गर्ने सबै पत्रकार वा सबै कामदारको समान हैसियत हुँदैन । त्यसैले न्यूनतम पारिश्रमिक पनि हरेक पद अनुसार निर्धारण गर्नु पर्दछ । जसरी पत्रकारहरू समान हैसियतका हुँदैनन्, त्यसरी नै सञ्चार प्रतिष्ठान पनि समान हैसियतका छैनन् । प्रेस काउन्सिलमार्फत वितरण सम्परीक्षण समितिद्वारा अखबारहरूको वर्गीकरण हुने गरेको छ । तर, प्रसारण माध्यमतर्फ पनि सबैको समान हैसियत छैन । लगानीका हिसाबले मात्र होइन, प्रस्तुति र सामग्रीका हिसाबमा पनि सबै समान छैनन् । यस अर्थमा प्रसारण माध्यमको पनि वर्गीकरण आवश्यक देखिन्छ । प्रसारण माध्यमको वर्गीकरण गर्दा उसका श्रोता वा दर्शक, पहुँच, प्रसारण क्षमता र लगानीसमेतलाई विचार गर्न सकिन्छ ।

समितिले श्रमजीवी ऐनले तोकेका श्रमजीवी पत्रकार, कामदार र कमर्चारीहरू सबैको पदलाई समेट्ने गरी तह र पद वर्गीकरण गरेको छ । पहिलो तीन तहलाई श्रेणीविहीनका अर्थमा राखिएको छ भने श्रमजीवी पत्रकारको पद वर्गीकरण चौथो तहबाट सुरु गरिएको छ । सरकारी सञ्चारमाध्यममा स्थायी नियुक्ति लिएर समाचार सङ्कलन, सम्पादन गर्ने काममा अधिकृत तहबाट वर्गीकरण सुरु गरेको पाइन्छ । तर, छापाखाना तथा प्रकाशनसम्बन्धी नियमावली- २०४९ मा प्रेस प्रतिनिधि (पत्रकार) हुन प्रवेशिका वा सो सरह उत्तीर्ण गरेको हुनुपर्ने व्यवस्था गरिएको छ ।[६१]

कतिपय सञ्चार प्रतिष्ठानले पृष्ठ वा स्तम्भका रूपमा समसामयिक घटनाक्रम लेख्न एकमुष्ट सहमति गरेको पाइयो । एफ. एम. रेडियो र टेलिभिजनमा कतिपय कार्यक्रम आवधिक हुने गरेका छन् । यस्तो अवस्थालाई दृष्टिगत गरी त्यस्ता कार्यक्रममा दैनिक आठ घण्टा खट्नुपर्ने स्थिति नरहेमा उनीहरूलाई कार्यक्रम करार र आंशिक नियुक्ति दिन सकिने प्रस्तावसमेत गरिएको छ ।

## ग. न्यूनतम पारिश्रमिक निर्धारणका आधार

सञ्चार प्रतिष्ठानमा काम गर्ने कुनै पनि तहको श्रमजीवीको पारिश्रमिक श्रम ऐन २०४८ अन्तर्गत तोकिएका कामदारको ज्यालाभन्दा कम नहोस् भन्ने मान्यताका आधारमा पारिश्रमिकको

---

[६०] श्रमजीवी पत्रकार ऐन कार्यान्वयन वर्तमान अवस्था, चुनौती र सम्भावनाहरू विषयमा नेपाल पत्रकार महासंघले २०६४ मंसिर १८-१९ गते काठमाडौँमा आयोजित प्रेस स्वतन्त्रता राष्ट्रिय सम्मेलनमा गरेको अन्तर्क्रिया कार्यक्रममा सुरेश आचार्य, महेन्द्र विष्ट र रमेश बडालद्वारा संयुक्त रुपमा प्रस्तुत कार्यपत्र ।

[६१] छापाखाना तथा प्रकाशनसम्बन्धी नियमावली २०४९ को नियम १५(२)

न्यूनतम अङ्क निर्धारण गरिएको छ । हाल श्रम कानुनमा न्यूनतम पारिश्रमिक ३ हजार ३  सय रुपियाँ कायम रहेको र यो पारिश्रमिक पुनरावलोकनको प्रक्रिया सुरु भइसकेकाले अहिलेका लागि सबैभन्दा तल्लो तहमा ४ हजार रुपैयाँ न्यूनतम पारिश्रमिक कायम गरिएको छ ।

यसरी न्यूनतम पारिश्रमिक निर्धारण गर्दा राष्ट्रिय सञ्चारमाध्यमका 'ख' र 'ग' वर्गमा एक पददेखि अर्को पदबीच न्यूनतम एक सयदेखि अधिकतम दुई हजार रुपैयाँसम्म, र 'क' वर्गमा दुई सयदेखि तीन हजार रुपैयाँको अन्तर राखिएको छ । यसैगरी, क्षेत्रीय सञ्चारमाध्यमका हकमा 'ख' र 'ग' वर्गमा एक सयदेखि अधिकतम एक हजार पाँच सयसम्म, र 'क' वर्गमा दुई सयदेखि दुई हजारसम्म तथा स्थानीय सञ्चारमाध्यमका लागि ख' र 'ग' वर्गमा एक सयदेखि अधिकतम चार सयसम्म, र 'क' वर्गमा एक सयदेखि दुई हजारसम्म अन्तर गरिएको छ ।

एफ.एम. रेडियोमा कार्यरत श्रमजीवीहरूलाई राष्ट्रिय दैनिक सरह र टेलिभिजनमा कार्यरतलाई त्यसभन्दा केही बढी हुने गरी न्यूनतम पारिश्रमिक कायम गरिएको छ । न्यूनतम पारिश्रमिकको अनुपात बढीमा १:४ देखि घटीमा १:१.५ अनुपात कायम गरी पारिश्रमिक अन्तरलाई कम गर्ने कोसिस गरिएको छ । निजामती सेवामा भने हाल यो अनुपात १:५ कायम रहेको छ ।

न्यूनतम पारिश्रमिक निर्धारण गरेर स्वीकृत भइसकेपछि सोभन्दा कम रकममा कुनै पनि अवस्थामा काम लगाउन पाइँदैन, कममा काम लगाए कानुनतः सजायँको भागी हुन्छ र न्यूनतम पारिश्रमिक निर्धारण हुँदाका बखत कसैले सोभन्दा बढी नै खाइपाई आएको रहेछ भने सोभन्दा कम हुनेगरी भुक्तानी गर्न पाइँदैन भन्ने कानुनी व्यवस्थाको कार्यान्वयन गर्नुपर्छ । अतिरिक्त समय काम लगाउँदा अन्तर्राष्ट्रिय प्रचलन अनुसार थप भत्ताको व्यवस्था गर्ने कुरालाई पनि समावेश गरिएको छ । श्रमका आधारभूत मापदण्डहरुलाई अन्तर्राष्ट्रिय श्रम संगठनको सदस्य राष्ट्रका हैसियतले पूर्णतः पालना गर्नुपर्ने हुन्छ । साथै कार्य समय, विदा र अन्य सेवा तथा सुविधासम्बन्धी व्यवस्थालाई नियमावलीले प्रष्ट गर्नुपर्दछ भन्ने समितिको राय छ ।

## घ. तहगत पद वर्गीकरण तथा न्यूनतम पारिश्रमिक निर्धारण

### पत्रपत्रिकाको पद वर्गीकरण तथा न्यूनतम पारिश्रमिक निर्धारण

### राष्ट्रिय मिडिया

| तह | सम्पादन | क | | | ख | | | ग | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दैनिक र सूचनामूलक साप्ताहिक तथा पाक्षिक म्यागेजिन | साप्ताहिक तथा अन्य पाक्षिक म्यागेजिन | मासिक | दैनिक र सूचनामूलक साप्ताहिक तथा पाक्षिक म्यागेजिन | साप्ताहिक तथा अन्य पाक्षिक म्यागेजिन | मासिक | दैनिक र सूचनामूलक साप्ताहिक तथा पाक्षिक म्यागेजिन | साप्ताहिक तथा अन्य पाक्षिक म्यागेजिन | मासिक |
| ४ | कनिष्ठ सम्वाददाता | ६६०० | ५३०० | ५००० | ६१०० | ५१०० | ४८०० | ५६०० | ४९०० | ४६०० |
| ५ | सहायक सम्वाददाता | ७६०० | ५४०० | ५५०० | ७१०० | ५२०० | ५००० | ६१०० | ५००० | ४७०० |
| ६ | सम्वाददाता, सहायक भाषा सम्पादक, फोटो पत्रकार, व्यङ्ग चित्रकार | ८१०० | ५६०० | ५५०० | ७६०० | ५४०० | ५१०० | ६६०० | ५२०० | ५००० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | वरिष्ठ सम्वाददाता,<br>भाषा सम्पादक, व्यङ्ग<br>चित्रकार, अनुवादक | ९१०० | ६१०० | ५८०० | ८६०० | ५९०० | ५६०० | ७६०० | ५७०० | ५४०० |
| ८ | सहायक सम्पादक,<br>भाषा सम्पादक,<br>फोटो पत्रकार,<br>व्यङ्ग चित्रकार, | १०१०० | ६४०० | ५९०० | ९६०० | ६२०० | ५७०० | ८६०० | ६००० | ५५०० |
| ९ | उपसम्पादक,<br>वरिष्ठ भाषा सम्पादक,<br>वरिष्ठ फोटो पत्रकार,<br>वरिष्ठ भाषा सम्पादक,<br>वरिष्ठ व्यङ्गचित्रकार | ११९०० | ६६०० | ६१०० | १०६०० | ६४०० | ५९०० | ९६०० | ६२०० | ५७०० |
| १० | सह सम्पादक,<br>प्रमुख समाचारदाता | १३१०० | ६८०० | ६३०० | १२१०० | ६६०० | ६१०० | ११९०० | ६४०० | ५९०० |
| ११ | सम्पादक | १६१०० | ७३०० | ६८०० | १४१०० | ७१०० | ६६०० | १३१०० | ६९०० | ६४०० |
| १२ | प्रधान सम्पादक | | | | | | | | | |

**पत्रपत्रिकाको पद वर्गीकरण तथा न्यूनतम पारिश्रमिक निर्धारण**

**राष्ट्रिय मिडिया**

| तह | पद | | क | | | ख | | | ग | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रशासनिक | प्राविधिक | दैनिक र सूचनामूलक साप्ताहिक तथा पाक्षिक म्यागेजिन | साप्ताहिक तथा अन्य पाक्षिक म्यागेजिन | मासिक | दैनिक र सूचनामूलक साप्ताहिक तथा पाक्षिक म्यागेजिन | साप्ताहिक तथा अन्य पाक्षिक म्यागेजिन | मासिक | दैनिक र सूचनामूलक साप्ताहिक तथा पाक्षिक म्यागेजिन | साप्ताहिक तथा अन्य पाक्षिक म्यागेजिन | मासिक |
| १ | कार्यालय सहयोगी | | ४७०० | ४५०० | ४३०० | ४५०० | ४३०० | ४२०० | ४३०० | ४२०० | ४१०० |
| २ | | | ४९०० | ४७०० | ४५०० | ४७०० | ४५०० | ४३०० | ४५०० | ४३०० | ४२०० |
| ३ | | | ५२०० | ५००० | ४८०० | ५००० | ४८०० | ४६०० | ४८०० | ४६०० | ४४०० |
| ४ | कार्यालय सहायक | सहायक अपरेटर, पेष्टर | ६६०० | ५३०० | ५००० | ६१०० | ५१०० | ४८०० | ५६०० | ४९०० | ४६०० |
| ५ | वरिष्ठ कार्यालय | कम्प्युटर अपरेटर, वरिष्ठ प्रेस हेल्पर, | ७६०० | ५४०० | ५५०० | ७१०० | ५२०० | ५००० | ६१०० | ५००० | ४७०० |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सहायक | वरिष्ठ पेष्टर | | | | | | | | | |
| ६ | अधिकृत | कम्प्युटर अधिकृत, प्रेस अपरेटर, प्रेस क्यामराम्यान | ८१०० | ५६०० | ५५०० | ७६०० | ५४०० | ५१०० | ६६०० | ५२०० | ५००० |
| ७ | वरिष्ठ अधिकृत | वरिष्ठ कम्प्युटर अधिकृत, वरिष्ठ प्रेस अपरेटर, वरिष्ठ प्रेस क्यामराम्यान | ९१०० | ६१०० | ५८०० | ८६०० | ५९०० | ५६०० | ७६०० | ५७०० | ५४०० |
| ८ | सहायक निर्देशक | | १०१०० | ६४०० | ५९०० | ९६०० | ६२०० | ५७०० | ८६०० | ६००० | ५५०० |
| ९ | उपनिर्देशक | | ११९०० | ६६०० | ६१०० | १०६०० | ६४०० | ५९०० | ९६०० | ६२०० | ५७०० |
| १० | निर्देशक | | १३१०० | ६८०० | ६३०० | १२१०० | ६६०० | ६१०० | ११९०० | ६४०० | ५९०० |
| १३ | प्रमुख कार्यकारी वा प्रवन्ध निर्देशक | | | | | | | | | | |

## पत्रपत्रिकाको पद वर्गीकरण तथा न्यूनतम पारिश्रमिक निर्धारण

### क्षेत्रीय मिडिया

| तह | सम्पादन | क | | | ख | | | ग | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दैनिक र सूचनामूलक साप्ताहिक तथा पाक्षिक म्यागेजिन | साप्ताहिक तथा अन्य पाक्षिक म्यागेजिन | मासिक | दैनिक र सूचनामूलक साप्ताहिक तथा पाक्षिक म्यागेजिन | साप्ताहिक तथा अन्य पाक्षिक म्यागेजिन | मासिक | दैनिक र सूचनामूलक साप्ताहिक तथा पाक्षिक म्यागेजिन | साप्ताहिक तथा अन्य पाक्षिक म्यागेजिन | मासिक |
| ४ | कनिष्ठ सम्वाददाता | ६१०० | ५१०० | ४८०० | ५६०० | ४९०० | ४६०० | ५१०० | ४६०० | ४५०० |
| ५ | सहायक सम्वाददाता | ७१०० | ५२०० | ५००० | ६१०० | ५००० | ४७०० | ५४०० | ४७०० | ४६०० |
| ६ | सम्वाददाता, सहायक भाषा सम्पादक, फोटो पत्रकार, व्यङ्ग चित्रकार | ७६०० | ५४०० | ५१०० | ६६०० | ५२०० | ५००० | ५६०० | ४९०० | ४८०० |
| ७ | वरिष्ठ सम्वाददाता, भाषा सम्पादक, व्यङ्ग चित्रकार, अनुवादक | ८६०० | ५९०० | ५६०० | ७६०० | ५७०० | ५४०० | ६१०० | ५४०० | ५३०० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | सहायक सम्पादक,<br>भाषा सम्पादक,<br>फोटो पत्रकार,<br>व्यङ्ग चित्रकार, | ९६०० | ६२०० | ५७०० | ८६०० | ६००० | ५५०० | ६४०० | ५७०० | ५४०० |
| ९ | उपसम्पादक,<br>वरिष्ठ भाषा सम्पादक,<br>वरिष्ठ फोटो पत्रकार,<br>वरिष्ठ भाषा सम्पादक,<br>वरिष्ठ व्यङ्गचित्रकार | १०६०० | ६४०० | ५९०० | ९६०० | ६२०० | ५७०० | ६६०० | ५९०० | ५६०० |
| १० | सह सम्पादक,<br>प्रमुख समाचारदाता | १२१०० | ६६०० | ६१०० | ११९०० | ६४०० | ५९०० | ६८०० | ६१०० | ५८०० |
| ११ | सम्पादक | १४१०० | ७१०० | ६६०० | १३१०० | ६९०० | ६४०० | ७८०० | ६६०० | ६३०० |
| १२ | प्रधान सम्पादक | | | | | | | | | |

**पत्रपत्रिकाको पद वर्गीकरण तथा न्यूनतम पारिश्रमिक निर्धारण**

**क्षेत्रीय मिडिया**

| तह | पद | | क | | | ख | | | ग | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रशासनिक | प्राविधिक | दैनिक र सूचनामूलक साप्ताहिक तथा पाक्षिक म्यागेजिन | साप्ताहिक तथा अन्य पाक्षिक म्यागेजिन | मासिक | दैनिक र सूचनामूलक साप्ताहिक तथा पाक्षिक म्यागेजिन | साप्ताहिक तथा अन्य पाक्षिक म्यागेजिन | मासिक | दैनिक र सूचनामूलक साप्ताहिक तथा पाक्षिक म्यागेजिन | साप्ताहिक तथा अन्य पाक्षिक म्यागेजिन | मासिक |
| १ | कार्यालय सहयोगी | | ४५०० | ४४०० | ४२०० | ४४०० | ४२०० | ४१०० | ४२०० | ४१०० | ४००० |
| २ | | | ४७०० | ४६०० | ४३०० | ४६०० | ४३०० | ४२०० | ४३०० | ४२०० | ४१०० |
| ३ | | | ५००० | ४८०० | ४५०० | ४८०० | ४५०० | ४४०० | ४५०० | ४४०० | ४३०० |
| ४ | कार्यालय सहायक | सहायक अपरेटर, पेष्टर | ६१०० | ५१०० | ४८०० | ५६०० | ४९०० | ४६०० | ५१०० | ४६०० | ४५०० |
| ५ | वरिष्ठ कार्यालय सहायक | कम्प्युटर अपरेटर, वरिष्ठ प्रेस हेल्पर, वरिष्ठ पेष्टर | ७१०० | ५२०० | ५००० | ६१०० | ५००० | ४७०० | ५४०० | ४७०० | ४६०० |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | अधिकृत | कम्प्युटर अधिकृत, प्रेस अपरेटर, प्रेस क्यामराम्यान | ७६०० | ५४०० | ५१०० | ६६०० | ५२०० | ५००० | ५६०० | ४९०० | ४८०० |
| ७ | वरिष्ठ अधिकृत | वरिष्ठ कम्प्युटर अधिकृत, वरिष्ठ प्रेस अपरेटर, वरिष्ठ प्रेस क्यामराम्यान | ८६०० | ५९०० | ५६०० | ७६०० | ५७०० | ५४०० | ६१०० | ५४०० | ५३०० |
| ८ | सहायक निर्देशक | | ९६०० | ६२०० | ५७०० | ८६०० | ६००० | ५५०० | ६४०० | ५७०० | ५४०० |
| ९ | उप निर्देशक | | १०६०० | ६४०० | ५९०० | ९६०० | ६२०० | ५७०० | ६६०० | ५९०० | ५६०० |
| १० | निर्देशक | | १२१०० | ६६०० | ६१०० | ११९०० | ६४०० | ५९०० | ६८०० | ६१०० | ५८०० |
| १३ | प्रमुख कार्यकारी | | | | | | | | | | |

**पत्रपत्रिकाको पद वर्गीकरण तथा न्यूनतम पारिश्रमिक निर्धारण**

**स्थानीय मिडिया**

| तह | पद | क | | | ख | | | ग | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | **सम्पादन** | **दैनिक र सूचनामूलक साप्ताहिक तथा पाक्षिक म्यागेजिन** | **साप्ताहिक तथा अन्य पाक्षिक म्यागेजिन** | **मासिक** | **दैनिक र सूचनामूलक साप्ताहिक तथा पाक्षिक म्यागेजिन** | **साप्ताहिक तथा अन्य पाक्षिक म्यागेजिन** | **मासिक** | **दैनिक र सूचनामूलक साप्ताहिक तथा पाक्षिक म्यागेजिन** | **साप्ताहिक तथा अन्य पाक्षिक म्यागेजिन** | **मासिक** |
| ४ | कनिष्ठ सम्वाददाता | ५६०० | ४९०० | ४६०० | ५१०० | ४६०० | ४५०० | ४६०० | ४५०० | ४४०० |
| ५ | सहायक सम्वाददाता | ६१०० | ५००० | ४७०० | ५४०० | ४७०० | ४६०० | ४७०० | ४६०० | ४५०० |
| ६ | सम्वाददाता, सहायक भाषा सम्पादक, फोटो पत्रकार, व्यङ्ग चित्रकार | ६६०० | ५२०० | ५००० | ५६०० | ४९०० | ४८०० | ४८०० | ४७०० | ४६०० |
| ७ | वरिष्ठ सम्वाददाता, भाषा सम्पादक, व्यङ्ग चित्रकार, अनुवादक | ७६०० | ५७०० | ५४०० | ६१०० | ५४०० | ५३०० | ५३०० | ५२०० | ५१०० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | सहायक सम्पादक,<br>भाषा सम्पादक,<br>फोटो पत्रकार,<br>व्यङ्ग चित्रकार, | ८६०० | ६००० | ५५०० | ६४०० | ५७०० | ५४०० | ५४०० | ५३०० | ५२०० |
| ९ | उपसम्पादक,<br>वरिष्ठ भाषा सम्पादक,<br>वरिष्ठ फोटो पत्रकार,<br>वरिष्ठ भाषा सम्पादक,<br>वरिष्ठ व्यङ्गचित्रकार | ९६०० | ६२०० | ५७०० | ६६०० | ५९०० | ५६०० | ५६०० | ५५०० | ५४०० |
| १० | सह सम्पादक,<br>प्रमुख समाचारदाता | ११‌१०० | ६४०० | ५९०० | ६८०० | ६१०० | ५८०० | ५८०० | ५७०० | ५६०० |
| ११ | सम्पादक | १३१०० | ६९०० | ६४०० | ७८०० | ६६०० | ६३०० | ६३०० | ६२०० | ६१०० |
| १२ | प्रधान सम्पादक | | | | | | | | | |

## पत्रपत्रिकाको पद वर्गीकरण तथा न्यूनतम पारिश्रमिक निर्धारण

### स्थानीय मिडिया

| तह | पद | | क | | | ख | | | ग | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रशासनिक | प्राविधिक | दैनिक र सूचनामूलक साप्ताहिक तथा पाक्षिक म्यागेजिन | साप्ताहिक तथा अन्य पाक्षिक म्यागेजिन | मासिक | दैनिक र सूचनामूलक साप्ताहिक तथा पाक्षिक म्यागेजिन | साप्ताहिक तथा अन्य पाक्षिक म्यागेजिन | मासिक | दैनिक र सूचनामूलक साप्ताहिक तथा पाक्षिक म्यागेजिन | साप्ताहिक तथा अन्य पाक्षिक म्यागेजिन | मासिक |
| १ | कार्यालय सहयोगी | | ४५०० | ४३०० | ४२०० | ४३०० | ४२०० | ४१०० | ४२०० | ४१०० | ४००० |
| २ | | | ४६०० | ४४०० | ४३०० | ४४०० | ४३०० | ४२०० | ४३०० | ४२०० | ४१०० |
| ३ | | | ४८०० | ४६०० | ४४०० | ४६०० | ४४०० | ४३०० | ४४०० | ४३०० | ४२०० |
| ४ | कार्यालय सहायक | सहायक अपरेटर, पेष्टर | ५६०० | ४९०० | ४६०० | ५१०० | ४६०० | ४५०० | ४६०० | ४५०० | ४४०० |
| ५ | वरिष्ठ कार्यालय सहायक | कम्प्युटर अपरेटर, वरिष्ठ प्रेस हेल्पर, | ६१०० | ५००० | ४७०० | ५४०० | ४७०० | ४६०० | ४७०० | ४६०० | ४५०० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | वरिष्ठ पेष्टर | | | | | | | | |
| ६ | अधिकृत | कम्प्युटर अधिकृत, प्रेस अपरेटर, प्रेस क्यामराम्यान | ६६०० | ५२०० | ५००० | ५६०० | ४९०० | ४८०० | ४८०० | ४७०० | ४६०० |
| ७ | वरिष्ठ अधिकृत | वरिष्ठ कम्प्युटर अधिकृत, वरिष्ठ प्रेस अपरेटर, वरिष्ठ प्रेस क्यामराम्यान | ७६०० | ५७०० | ५४०० | ६१०० | ५४०० | ५३०० | ५३०० | ५२०० | ५१०० |
| ८ | सहायक निर्देशक | | ८६०० | ६००० | ५५०० | ६४०० | ५७०० | ५४०० | ५४०० | ५३०० | ५२०० |
| ९ | उप निर्देशक | | ९६०० | ६२०० | ५७०० | ६६०० | ५९०० | ५६०० | ५६०० | ५५०० | ५४०० |
| १० | निर्देशक | | ११९०० | ६४०० | ५९०० | ६८०० | ६१०० | ५८०० | ५८०० | ५७०० | ५६०० |
| १३ | प्रमुख कार्यकारी | | | | | | | | | | |

## रेडियोको पद वर्गीकरण तथा न्यूनतम पारिश्रमिक निर्धारण

| | सम्पादन | क | ख | ग |
|---|---|---|---|---|
| ४ | कनिष्ठ सम्वाददाता | ६६०० | ६१०० | ५६०० |
| ५ | सहायक सम्वाददाता | ७६०० | ७१०० | ६१०० |
| ६ | सम्वाददाता, कार्यक्रम निर्माता, कार्यक्रम सञ्चालक, समाचारवाचक, भाषा सम्पादक | ८१०० | ७६०० | ६६०० |
| ७ | वरिष्ठ सम्वाददाता | ९१०० | ८६०० | ७६०० |
| ८ | सहायक सम्पादक, कार्यकारी कार्यक्रम निर्माता | १०१०० | ९६०० | ८६०० |
| ९ | उपसम्पादक | ११९०० | १०६०० | ९६०० |
| १० | सहसम्पादक/प्रमुख समाचारदाता | १३१०० | १२१०० | ११९०० |
| ११ | सम्पादक | १६१०० | १४१०० | १३१०० |
| १२ | प्रधान सम्पादक | | | |

## रेडियोको पद वर्गीकरण तथा न्यूनतम पारिश्रमिक निर्धारण

| तह | प्रशासनिक | प्राविधिक | क | ख | ग |
|---|---|---|---|---|---|
| १ | कार्यालय सहयोगी | | ४७०० | ४६०० | ४५०० |
| २ | | ड्राइभर | ४९०० | ४७०० | ४६०० |
| ३ | | | ५२०० | ५००० | ४८०० |
| ४ | कार्यालय सहायक | प्राविधिक | ६६०० | ६१०० | ५६०० |
| ५ | वरिष्ठ कार्यालय सहायक | वरिष्ठ प्राविधिक | ७६०० | ७१०० | ६१०० |
| ६ | अधिकृत | जुनियर इन्जिनियर | ८१०० | ७६०० | ६६०० |
| ७ | वरिष्ठ अधिकृत | सहायक इन्जिनियर | ९१०० | ८६०० | ७६०० |
| ८ | सहायक निर्देशक | इन्जिनियर | १०१०० | ९६०० | ८६०० |
| ९ | उपनिर्देशक | वरिष्ठ इन्जिनियर | ११११०० | १०६०० | ९६०० |
| १० | निर्देशक | | १३१०० | १२१०० | ११११०० |
| १३ | प्रमुख कार्यकारी निर्देशक वा प्रवन्ध निर्देशक | | | | |

## टेलिभिजनको पद वर्गीकरण तथा न्यूनतम पारिश्रमिक निर्धारण

| तह | सम्पादन | क | ख |
|---|---|---|---|
| ४ | कनिष्ठ सम्वाददाता | ६६०० | ६१०० |
| ५ | सहायक सम्वाददाता | ७६०० | ७१०० |
| ६ | सम्वाददाता, कार्यक्रम निर्माता, कार्यक्रम सञ्चालक, समाचारवाचक, भाषा सम्पादक | ८१०० | ७६०० |
| ७ | वरिष्ठ सम्वाददाता | ९१०० | ८६०० |
| ८ | सहायक सम्पादक, कार्यकारी कार्यक्रम निर्माता | १०१०० | ९६०० |
| ९ | उपसम्पादक | ११११०० | १०६०० |
| १० | सहसम्पादक/प्रमुख समाचारदाता | १३१०० | १२१०० |
| ११ | सम्पादक | १६१०० | १४१०० |
| १२ | प्रधान सम्पादक | | |

## टेलिभिजनको पद वर्गीकरण तथा न्यूनतम पारिश्रमिक निर्धारण

| तह | प्रशासनिक | प्राविधिक | S | V |
|---|---|---|---|---|
| १ | कार्यालय सहयोगी | | ४७०० | ४६०० |
| २ | | ड्राइभर | ४९०० | ४७०० |
| ३ | | | ५२०० | ५००० |
| ४ | कार्यालय सहायक | प्राविधिक | ६६०० | ६१०० |
| ५ | वरिष्ठ कार्यालय सहायक | वरिष्ठ प्राविधिक | ७६०० | ७१०० |
| ६ | अधिकृत | जुनियर इन्जिनियर | ८१०० | ७६०० |
| ७ | वरिष्ठ अधिकृत | सहायक इन्जिनियर | ९१०० | ८६०० |
| ८ | सहायक निर्देशक | इन्जिनियर | १०१०० | ९६०० |
| ९ | उप निर्देशक | वरिष्ठ इन्जिनियर | ११११०० | १०६०० |
| १० | निर्देशक | | १३१०० | १२१०० |
| १३ | प्रमुख कार्यकारी निर्देशक वा प्रवन्ध निर्देशक | | | |

स्ट्रिन्जरले पठाएका समाचार प्रकाशन र प्रसारण भएमा प्रति समाचार देहाय बमोजिम न्यूनतम पारिश्रमिक दिनुपर्नेछ।

| मिडियाको किसिम | राष्ट्रिय | क्षेत्रीय | स्थानीय | कैफियत |
|---|---|---|---|---|
| पत्रपत्रिका | १०० | ७५ | ५० | |
| रेडियो | ८० | ६० | ४० | |
| टेलिभिजन | ३०० | २०० | | |

आंशिक काम गर्नेका हकमा मासिक पारिश्रमिकको प्रति घण्टाको हिसाबले हुन आउने रकममा ३० प्रतिशत थप गरी दिनुपर्नेछ। यसो गर्दा कुन पदमा काम लगाइएको हो, नियुक्तिपत्रमा सो उल्लेख गर्नुपर्नेछ।

# ९. सिफारीश कार्यान्वयनका शर्त

देहायका शर्तहरु अनिवार्य रुपमा पालना गर्दै लागू हुने गरी श्रमजीवी पत्रकार सम्बन्धी ऐन २०५१ (पहिलो संशोधन २०६४) को दफा ११ बमोजिम न्यूनतम पारिश्रमिक निर्धारण हुन सिफारिस गरिएको छः

(क) अघिल्लो परिच्छेदमा निर्धारित न्यूनतम पारिश्रमिक भन्दा घटी दरमा कुनै पनि श्रमजीवी पत्रकार, कर्मचारी तथा कामदारलाई काममा लगाउन पाइने छैन ।

(ख) समान कामकालागि लैगिक आधारमा पारिश्रमिकमा विभेद गर्न पाइने छैन ।

(ग) चौध वर्षमुनिका केटाकेटीलाई काममा लगाउन निषेध गरिएको छ । १४ वर्षमाथि १८ बर्षमुनिका नाबालकलाई जोखिमपूर्ण काममा लगाउन हुदैन र दैनिक ६ घण्टा तथा साप्ताहिक ३६ घण्टाभन्दा बढी काममा लगाउनु हुदैन ।

(घ) दैनिक ८ घण्टा र साप्ताहिक ४८ घण्टा कार्य समय हुनेछ । प्रत्येक हप्ता १ दिन अनिवार्य विदा दिनु पर्नेछ ।

(ङ) दैनिक कार्य समय ८ घण्टाभित्रैबाट आधा घण्टा खाजा खाने समय दिनुपर्नेछ ।

(च) श्रमजीवी पत्रकार, कर्मचारी तथा कामदारको मञ्जुरीविना अतिरिक्त समय काममा लगाउनु हुदैन । निजको मञ्जुरीले अतिरिक्त समय काममा लगाउदा दैनिक बढीमा ४ घण्टा र हप्ताको २० घण्टा भन्दा बढी लगाउन पाइने छैन ।

(छ) अतिरिक्त समय काममा लगाउदा साधारण ज्यालादरको डेढी दरमा अतिरिक्त समय भत्ता दिनुपर्नेछ ।

(ज) मञ्जुरीले साप्ताहिक विदाको दिनमा वा सार्वजनिक विदाको दिनमा काममा लगाउनु पर्ने भएमा त्यसरी काममा लगाउदा साधारण ज्यालादरको दोब्बर दरमा अतिरिक्त समय भत्ता दिनुपर्नेछ ।

झ) महिला श्रमजीवीहरुलाई मञ्जुरी विना बिहान ६ बजेदेखि साँझ ६ बजेको समय बाहेक काममा लगाउन हुदैन । तर मञ्जुरीले काममा लगाउँदा निजहरुको उचित सुरक्षाको प्रवन्ध गर्नु पर्नेछ ।

(ञ) श्रमजीवी पत्रकार, कर्मचारी वा कामदारले काम सुरु गर्ने समय व्यवस्थापकले तोकिदिए बमोजिम हुनेछ ।

(ट) कुनै सञ्चार प्रतिष्ठानले दिइरहेको पारिश्रमिक न्यूनतम पारिश्रमिकभन्दा बढी रहेछ भने खाइपाइ आएको प्रचलित पारिश्रमिक घटाउन पाइने छैन ।

(ठ) सञ्चार प्रतिष्ठानको प्रकृति, कामको प्रकार, जिम्मेवारी एवं स्थानीयता समेतको आधारमा श्रमजीवी पत्रकार, कर्मचारी वा कामदार तथा व्यवस्थापन पक्षको दुई पक्षीय सहमतिद्वारा महंगी भत्ता, खाजा भत्ता, टेलिफोन सुविधा, यातायात भत्ता वा यस्तै अन्य भत्ता निर्धारण गरी लागू गर्न सक्नेछन् ।

(ड) प्रत्येक सञ्चार प्रतिष्ठानले श्रमजीवी पत्रकार, कर्मचारी वा कामदारको सेवा, शर्त एवं सुविधा सम्बन्धी विनिमय तर्जुमा गरी कार्यान्वयन गर्न समेत नेपाल सरकारबाट सञ्चार प्रतिष्ठानलाई निर्देशन दिनुपर्ने छ ।

(ढ) श्रमजीवी पत्रकार सम्बन्धी ऐन बमोजिम लागू गरिने न्यूनतम पारिश्रमिक सम्बन्धी व्यवस्था कार्यान्वयनको अनुगमन गर्न सुदृढ संस्थागत संयन्त्र बनाउनु अत्यन्त जरुरी छ ।

(ण) यस समितिले प्रतिवेदनमा निर्देशित गरे बमोजिम सबै सञ्चार प्रतिष्ठानले ऐनको दफा ३ (१) बमोजिम पदको वर्गीकरण गरी लागू गर्न सञ्चार प्रतिष्ठानलाई नेपाल सरकारले निर्देशन दिनुपर्छ ।

## १०. सुझाव

श्रमजीवी पत्रकार ऐन २०५१ (पहिलो संशोधन २०६४) लाई सहज रूपमा कार्यान्वयन गर्न गराउन सरकारले देहायबमोजिमको व्यवस्था गर्नु आवश्यक ठानी यी सुझावहरू प्रस्तुत गरिएको छः

- हाल सूचना विभागको महानिर्देशकलाई जिम्मेवारी तोकिएकोमा सर्वोच्च अदालतले समेत छुट्टै प्रेस रजिष्ट्रार नियुक्त गर्न आदेश दिएको हुँदा तत्काल प्रेस रजिष्ट्रार नियुक्त गरी चुस्त किसिमले कानुन कार्यान्वयनको प्रवन्ध मिलाइनु पर्दछ ।
- सञ्चारमाध्यमहरूको नयाँ वर्गीकरण नभएसम्मका लागि सबै सञ्चार प्रतिष्ठानलाई आफू कुन श्रेणीमा बस्न चाहने हो, त्यसको स्वघोषणा गर्ने मौका दिनुपर्छ ।
- राज्यले वितरण गर्नुपर्ने विज्ञापन समानुपातिक आधारमा उपलब्ध गराउने गरी राष्ट्रिय विज्ञापन नीति बनाउनुपर्छ । तर, स्थानीय सरोकारका विज्ञापन स्थानीय सञ्चारमाध्यमलाई दिनैपर्ने अनिवार्य व्यवस्था गर्नुपर्छ ।
- ऐनले सञ्चार प्रतिष्ठानमा व्यवस्थापकीय तथा प्रशासकीय कार्यको अन्तिम निर्णय गर्ने अधिकार प्राप्त व्यक्तिबाहेकका सबैलाई कर्मचारी र कामदारको कोटीमा राखेको छ ।

नेपालका सन्दर्भमा यसरी अलग जिम्मेवारी र तदनुरूप न्यूनतम पारिश्रमिक तथा सेवा-सुविधा दिएका निकै कम मात्र प्रतिष्ठान छन् । अधिकांश सञ्चार प्रतिष्ठानमा सम्पादकीय विभाग बलियो छ । तैपनि सम्पादकीय स्वतन्त्रताको ग्यारेण्टी हुनसकेको छैन । अर्कातिर, कामदार र कर्मचारीको संस्थागत स्वरूप बन्न सकेको छैन । कानुन कार्यान्वयन गर्दा यी दुवै अवस्थातर्फ विशेष ध्यान दिनु जरुरी छ ।

- सञ्चार प्रतिष्ठानलाई उद्योगसरहको मान्यता दिनुपर्छ । यसो गरिएमा राष्ट्रिय सञ्चार नीतिअनुसार श्रमजीवीहरूको हक, हित र अधिकारको संरक्षणको लागि थप मार्ग प्रशस्त हुनसक्छ ।
- सञ्चार प्रतिष्ठानमा कार्यरत श्रमजीवीहरू र उनीहरूले विद्युतीय सञ्चारमाध्यममा उत्पादन गर्ने कार्यक्रमहरूको अभिलेख राख्ने निकायको अभाव रहेकोले सूचना तथा सञ्चार मन्त्रालय वा सूचना विभाग वा प्रेस काउन्सिल वा प्रेस रजिष्ट्रार कसैप्रति अभिलेख पठाउनुपर्ने दायित्व निर्धारण गर्ने र त्यस्तो दायित्व पूरा भए-नभएको अनुगमन गर्ने अधिकारयुक्त निकाय हुनुपर्छ । तर, यस्तो निकायले सञ्चारमाध्यमबाट प्रसारण हुने विषयवस्तुमा नियन्त्रण गर्ने अवस्था भने हुनुहुँदैन ।
- पूर्णकालीन र अल्पकालीन समय काम गर्ने श्रमजीवी पत्रकार, कर्मचारी वा कामदारहरूको सेवा-सुविधाका बारेमा भिन्न ढङ्गबाट सोच्नु जरूरी हुन्छ । ठूलो सङ्ख्यामा रहेका स्ट्रिन्जर, स्वतन्त्र पत्रकार र स्तम्भकारलाई प्रदान गरिनुपर्ने सेवासुविधाका बारेमा सञ्चार प्रतिष्ठानको भूमिका के-कस्तो रहेको छ भन्ने प्रति समेत सरकारले ध्यान दिनुपर्छ ।
- प्रतिवेदन कार्यान्वयन भए नभएको निरन्तर अनुगमनकालागि स्थायी प्रकृतिको संयन्त्रलाई जिम्मेवारी तोकी क्रियाशील बनाइनुपर्छ । यस्तो संयन्त्रलाई स्थानीय तहमा समेत उपस्थित भइ प्रतिवेदन कार्यान्वयनको अख्तियारी दिइनुपर्छ ।
- एफ.एम. रेडियोलाई सामुदायिक, सार्वजनिक र व्यवसायिक मान्यता दिई तिनीहरूको अलग-अलग वर्गीकरण गरिनुपर्छ । त्यस्तो मान्यता प्रसारण इजाजत पत्रमा मात्र सीमित नराखी प्रसारणका विषयवस्तु, स्वामित्वको प्रकृति, समुदायको सहभागिता, लगानीको अवस्था, श्रोतामा उनीहरूको पहुँच तथा उनीहरूसम्म श्रोताको पहुँच र सहभागिता जस्ता विभिन्न पक्षहरूको अध्ययनका आधारमा तय गरिनुपर्छ ।
- सञ्चारमाध्यम दर्ता गर्दा वा इजाजत पत्र लिंदा नै छापामाध्यमका हकमा राष्ट्रिय, क्षेत्रीय र स्थानीय, एफ.एम. रेडियोका हकमा सामुदायिक, सार्वजनिक र  व्यावसायिक र

टेलिभिजनका हकमा कुन श्रेणीको सञ्चारमाध्यम सञ्चालन गर्न लागेको हो भन्ने खुलाउने व्यवस्था मिलाइनुपर्छ ।

- एफ.एम. रेडियो तथा टेलिभिजनसँग लिइँदै आएको रोयल्टी र नवीकरण वापत लिइँदै आएको रकम कम गर्नुपर्छ ।
- केवल टेलिभिजन तथा इन्टरनेट सर्भिस प्रोभाइडर (आइएसपी) को पनि कानुनी दायरा स्पष्ट गरी समाचारमूलक वेबसाइट (News Portal) मा कार्यरत श्रमजीवीहरूका हकमा पनि यो कानुन कार्यान्वयन गर्नुपर्छ ।
- श्रमजीवी पत्रकार ऐन कार्यान्वयन नगर्ने नगराउने सञ्चार प्रतिष्ठानहरूलाई राज्यले उपलब्ध गराउने सुविधाबाट वञ्चित गर्नुपर्छ ।

# अनुसूची १

## न्यूनतम पारिश्रमिक निर्धारण समिति– २०६४ का पदाधिकारी

| | | |
|---|---|---|
| अध्यक्ष | - | सुरेश आचार्य, काठमाण्डौं |
| सदस्य | - | नारायणप्रसाद रेग्मी, सहसचिव, सूचना तथा सञ्चार मन्त्रालय |
| सदस्य | - | विष्णुप्रसाद लम्साल, सहसचिव, श्रम तथा यातायात व्यवस्था मन्त्रालय |
| सदस्य | - | धर्मेन्द्र झा, सभापति, नेपाल पत्रकार महासङ्घ (०६५ वैशाख २२ सम्म विष्णु निष्ठुरी) |
| सदस्य | - | महेन्द्र शेरचन, प्रकाशक, राजधानी दैनिक |
| सदस्य | - | गोपाल बुढाथोकी, सम्पादक/प्रकाशक, साँघु साप्ताहिक |
| सदस्य | - | शीतल साह, स्टेशन म्यानेजर, रेडियो जनकपुर |
| सदस्य | - | विनोद ढुङ्गेल, नेपाल एफ.एम. |
| सदस्य | - | विष्णु शर्मा, स्वतन्त्र पत्रकार |
| सदस्य | - | विष्णु रिजाल, सम्पादक, बुधवार साप्ताहिक |
| सदस्य | - | स्नेह सायमि, अर्थ तथा श्रम विशेषज्ञ, नयाँ पत्रिका दैनिक (नियुक्त हुँदा हिमाल मिडियासँग आवद्ध) |
| सदस्य | - | नीमबहादुर बुढाथोकी, कम्प्युटर अपरेटर, जनदिशा दैनिक, नेपालगन्ज |
| सदस्य-सचिव | - | श्रीधर गौतम, प्रेस रजिस्ट्रार (०६४ फागुनदेखि, यसअघि क्रमशः मुकुन्दप्रसाद आचार्य, पशुपतिप्रसाद पौडेल र वसन्तकुमार चित्रकार) |

# अनुसूची २

# राजधानी बाहिर भएका अन्तरक्रिया कार्यक्रमहरू

**स्थान : धनगढी, कैलाली**
**मिति : २०६४ चैत**
**सहभागी क्षेत्र : महाकाली र सेती अंचल**
**समितिका तर्फबाट सहभागीः सुरेश आचार्य/गोपाल बुढाथोकी**

**यज्ञराज भण्डारी, खप्तड एफएम**

- कानुन कार्यान्वयन गर्दा आम्दानीको स्रोत हेर्ने कि ?
- कामका आधारमा स्थायी गर्दा सबैभन्दा राम्रो हुनसक्छ
- आंशिक काम गर्नेलाई करारमा राख्न पाउनुपर्छ।
- न्यूनतम तलब समाचार/कार्यक्रमका आधारमा तोकिनुपर्छ
- पत्रकारको न्यूनतम योग्यता तोकिनुपर्छ। विदाको तलब के गर्ने- दिने कि नदिने ? प्रष्ट हुनुपर्छ।

**विनोद थापा, रामारोशन एमएम**

- श्रमजीवी हुँदा ऐन छिटो लागू होस् भन्ने लाग्थ्यो, अहिले आफैँले कार्यान्वयन गर्नुपर्दा नियुक्ति-पत्र दिन डराएका छौँ।
- काम गरेपछि पारिश्रमिक दिनुपर्छ। तर, यसलाई व्यवहारमा उतार्न गाह्रो छ।
- बाँच्न पुग्ने ज्याला सबैले पाउनुपर्छ।
- राष्ट्रिय, क्षेत्रीय र स्थानीय आधारमा मिडियाको वर्गीकरण गर्ने प्रस्ताव सकारात्मक छ।
- आंशिक, नियमित र स्वयंसेवक को-को हुन्, तोक्नुपर्छ।
- मिडियालाई राज्यले के दिने भन्ने पनि प्रस्ट हुनुपर्छ।

**बलराम पाण्डे सहसचिव, नेपाल पत्रकार महासंघ**

- लगानीको आधारमा तलव तोक्नु पर्छ।
- मिडिया दर्ता गर्दा नै निश्चित रकम धरौटी राख्न लगाउनुपर्छ।
- विज्ञापनमा अस्वस्थ प्रतिस्पर्धा समाप्त गर्न न्यूनतम दर तोकिनुपर्छ।
- एउटै पत्रकारले कति मिडियामा काम गर्न पाउँछन् ? स्पष्ट हुनुपर्छ।

**खेम भण्डारी, अभियान दैनिक/कञ्चनपुर एफ एम**

- सुरुमै स्थायी गर्न सकिदैन। शुरुमा २ वा ३ वर्ष प्रशिक्षार्थीका रुपमा नियुक्ति गर्न पाउनुपर्छ।
- न्यूनतम पारिश्रमिक तोक्दा जीविका चल्नुपर्छ।
- पत्रिका निकालेर वा मिडिया चलाएर समाज सेवा मात्रै गरेको होइन। चलाउन नसक्नेले बन्द गरे हुन्छ।

- मिडियालाई उद्योगका रुपमा विकास गर्नुपर्छ ।
- मिडिया चलाउन संभव छ कि छैन ? विचार गरेर शुरु गनर्सुपर्छ । काम लगाएपछि दाम दिनुपर्छ ।
- विज्ञापनमा अस्वस्थ प्रतिस्पर्धा छ, ३० हजारको विज्ञापन ३०० मा प्रकाशन/प्रसारण भएका छन् । यसलाई हामी आफैंले नियन्त्रण गर्नुपर्छ ।

**रामदास चौधरी, अध्यक्ष, घोडाघोडी एफएम**

- कानुन लागू गर्दा मिडिया क्षेत्र  नै पछि पर्ने अवस्था नआओस
- मिडिया धेरै भए जनतालाई धेरै सूचना पाउने आधार र माध्यम हुनेछन्
- मिडियामा लगानी गर्न हिच्किचाउने अवस्था आउला कि ?
- राष्ट्रिय, क्षेत्रीय र स्थानीय आधारमा गरिने वर्गीकरण उपयुक्त छ ।
- कामका आधारमा पारिश्रमिक दिने व्यवस्था गरिनुपर्छ ।

**मातृका तिमिल्सिना, कैलाली हटलाइन**

- न्यूनतम पारिश्रमिक राजधानीमुखी हुनुहुदैन ।
- हामी पेशालाई निरन्तरता दिन सम्पादक/प्रकाशक भएका छौं । सम्पादक/प्रकाशकका आफ्नै समस्या छन् ।
- राज्यले दिने विज्ञापनमा मोफसलका लागि छुट्टै नीति हुनुपर्‍यो ।
- व्यावहारिक बनाउन स्थानीय समस्या बुझ्नुपर्छ
- राष्ट्रिय, क्षेत्रीय र स्थानीय आधारमा गरिने वर्गीकरण उपयुक्त छ ।

**गौतम रोकाया, विम्ब साप्ताहिक, डोटी**

- विज्ञापनको स्रोत छैन । कार्यालयको शुभकामना दिने २००–३०० रुपियाँ मात्रैको हुन्छ ।
- पत्रिका किनेर पढ्दैनन्, २०० ग्राहक पनि छैनन ।
- स्थानीय कार्यालयले राजधानीका अखबार किन्छन्, स्थानीयलाई बजेट छैन ।
- सरकारले अनुदान थप गर्नुपर्छ ।
- विज्ञापन नीति स्पष्ट हुनुपर्‍यो, स्थानीय विज्ञापन स्थानीय मिडियालाई नै दिने नीति बनाउनुपर्छ ।
- पत्रकारको ज्यानको जोखिमबाट सुरक्षाका लागि के हुने ? परिवारको के हुने ? प्रस्ट हुनुपर्‍यो ।

**धनबहादुर शाह, सेती समाचार**

- - कानुनलाई चरणबद्ध लागू गर्नुपर्छ ।
- - लगानीलाई आधार बनाउन सकिन्छ ।
- - सरकारी मिडिया र टेलिभिजन च्यानलबाट सुरु गर्नुपर्छ ।
- - लागू गर्न सक्ने टिक्छन्, नसक्ने बन्द हुन्छन् ।

**केशव बोहरा**

- 'क' वर्गमा पर्नेमा लागू गर्न थाल्नुपर्छ ।
- साना अखबार पत्रकार उत्पादन गर्ने संस्था मात्रै हुन् ।
- स्थानीयमा सम्भव छैन
- मिडिया दर्ता गर्दा भौतिक पूर्वाधार निश्चित हुनुपर्छ ।
- १० लाखमाथिको कामको सूचना/विज्ञापन ठूला अखबारमा जाने प्रवृत्ति रोक्नुपर्छ ।

**लोकसरी कुवर, प्रकाशक, मर्निङ बेल**

- तलब तोकेकाले १ हजार ५ सय मात्रै विज्ञापन ल्याए तर कमिसनमा काम गर्नेले १८  हजारको विज्ञापन ल्याए ।
- नाम छाप्नका लागि पनि पत्रकार भएर आएका छन्, उनीहरुलाई कसरी तलब दिन सकिन्छ ?

**हेमन्त पौडेल, सुदूर सन्देश दैनिक, सम्पादक/प्रकाशक**

- कार्यान्वयन गर्न हच्केको अवस्था देखियो
- राज्यले स्थानीय मिडियालाई टिकाउन स्थानीयस्तरका विज्ञापन प्रकाशन/प्रसारण गर्न दिनुपर्छ
- तोक्नुअघि कार्यान्वयन हुने अवस्था सिर्जना गर्नुपर्छ ।
- समितिले पहिले नै तर्साएर मिडिया आउन नदिने काम गर्नुहुँदैन ।
- मिडियामा बढेको आकर्षणलाई निरुत्साहित पार्न खोजेको त होइन ?

**लक्की चौधरी, हमार पहुरा**

- विज्ञापनमा विभेदकारी नीति छ ।
- भाषा नबुझेका कारण सरकारी कार्यालय ग्राहक बनेका छैनन् ।
- म आफैले एक पैसा पाएको छैन, रिपोर्टरलाई थोरथोर दिएको छु ।
- वर्गीकरणको आधार फरक हुनुपर्छ ।
- जनजाति प्रोत्साहन गरेको अनुभूति भएको छैन ।

**मोहन बुढा ऐर, कान्तिपुर**

- पेशालाई निरन्तरता दिने नाममा सम्पादक/प्रकाशक भएका धेरै छन् ।
- राष्ट्रिय अखबारमा समाचार पठाएर बाँच्ने आधार छैन । बाँच्न सक्ने गरी न्यूनतम पारिश्रमिक निर्धारण हुनुपर्छ ।

**लोकेन्द्र विष्ट, दिनेश एफएम**

- चलाउन नसक्नेले बन्द गरे पत्रकारले अर्को विकल्प खोज्थे ।
- पत्रकार बन्न केही योग्यता नचाहिने कुरा घातक हो ।

- काठमाडौंमा दर्ता हुने सबै राष्ट्रिय, कैलालीमा किन नहुने ?
- राज्यले मेरो जिल्लाको मेरै जिल्लाका अखबारमा छापिने विज्ञापन दिनुपर्छ
- नियुक्ति पत्र जरुरी छ ।
- पद वर्गीकरण ५–७ तह गरौं, खरदारबाट सुरु होस् ।

**पीआर चटौत**

- सबैभन्दा पीडित निमुखा श्रमजीवी हुन् ।
- पारिश्रमिक पाउने भनिएकाले पनि नपाएको कसले हेर्ने ?
- उपचारको व्यवस्था हुनुपर्छ ।

**दुर्गा देवकोटा**

- समाचार लेखेकै आधारमा पैसा पाएको छैन ।
- आफैले चलाउँदा पनि एक पैसा लिएको छैन ।

**विक्रम गिरी, कान्तिपुर, दार्चुला**

- पत्रकारले कार्ड मात्रै पाएको छन् ।
- फोन-फ्याक्स त पाउनु पर्‍यो ।
- पत्रकारलाई पारिश्रमिक नदिने संस्कार काठमाडौंबाटै सुरु भएको हो ।
- मिडियाको कारोबारमा पारदर्शिता छैन ।

**राम धामी, हिल टाइम्स डडेल्धुरा**

- मिडियाको आर्थिक स्रोत हुनुपर्छ ।
- राहदानी हराएको सूचना छाप्न पनि काठमाडौं जानुपर्छ ।

**जगत साउद, रेडियो नेपाल**

- मिडियामा भएको लगानी पारदर्शी हुनुपर्छ ।
- प्रकाशक/सम्पादक आफैंले पैसा नपाएको गुनासो गर्छन्, विज्ञापनबाट आएको रकम कहाँ जान्छ ?

**राजेन्द्र अवस्थी**

- स्थानीय मिडियालाई सूचना विज्ञापन कसरी उपलब्ध गराउने ?

**देवराज सावद**

- स्थानीयतामा जोड दिनुपर्छ
- मिडिया खोल्दा अरु व्यवसायजस्तै आधार माग्नुपर्छ
- तलबको आधार लगानीलाई मान्नुपर्छ ।

**दीर्घराज उपाध्याय**

- श्रमजीवीले बढी लिन खोज्ने र प्रकाशकले कम दिन चाहने अवस्था छ
- भएका मिडिया बन्द गर्नुपर्छ भन्नेमा म सहमत छैन ।
- काठमाडौंमा लाखौंको विज्ञापन दिन तयार हुनेहरु यहाँ ३०० दिन हिच्किचाउँछन् ।
- मिडियामा संघीय सोच जरुरी छ ।
- स्थानीय विज्ञापन राष्ट्रिय मिडियामा जान रोक्नुपर्छ

**नरेन्द्र भट्ट, बैतडी सन्देश**

- वर्गीकरणको आधार स्थानीय हुनुपर्छ ।
- विज्ञापन स्थानीय मिडियाले नै पाउनुपर्छ ।

**शंकर थापा, डोटेली आवाज**

- पारिश्रमिक निर्धारण जरुरी छ
- योग्यता र दक्षताका आधारमा पद वर्गीकरण हुनुपर्छ ।

**हेमकर्ण विक**

- प्रतिस्पर्धाको युगमा प्रतिस्पर्धा गर्न पाउनुपर्छ ।
- मिडियालाई व्यावसायिक कसरी बनाउने ?
- साप्ताहिकले विज्ञापन कसरी पाउने ?

**सुरेश आचार्य**

- बन्द गराउने उद्देश्य होइन, निरुत्साहित हुनुपर्ने कारण छैन ।
- स्थानीय विज्ञापन दिइनुपर्छ र अस्वस्थ प्रतिस्पर्धा हटाइनुपर्छ ।
- पत्रकार अदक्ष भएर काम चल्दैन, दक्ष नै हुनुपर्छ ।

**स्थान : विराटनगर, मोरङ**
**मिति : २०६४ चैत ६**
**सहभागी क्षेत्र : कोशी अंचल**
**समितिका तर्फबाट सहभागी : विनोद ढुंगेल/स्नेह सायमी**

**शेखर रेग्मी, अन्नपूर्ण पोष्ट, विराटनगर :**

- कार्यान्वयन फितलो हुन्छ कि ? कार्यान्वयन नै हुँदैन कि ? आशंका छ ।
- कार्यान्वयनका लागि दवाव दिनु जरुरी छ ।
- तलब माग्दा निकालेको अवस्था छ ।
- परिवारलाई पाल्न सक्ने रकम पारिश्रमिक दिनुपर्छ । यसअन्तरगत

- बच्चालाई बोर्डिङमा पढाउने,
- कपडा किन्न सक्ने,
- खान/बस्न पुग्ने ।

- नेपाल राष्ट्र ब्याङ्कको सुविधासँग मिल्ने पारिश्रमिक र सुविधा पत्रकारहरूलाई दिनुपर्छ ।
- यो प्राविधिक पद भएकोले निजामतिभन्दा बढी हुनु जरुरी छ ।

**विजयकुमार पाठक, विराटदर्पण साप्ताहिक**

- कार्यान्वयन गर्न सकिन्छ कि सकिँदैन भन्नेमा तपाई समितिका मान्छेहरू नै अन्योलमा हुनुहुन्छ ।
- कार्यान्वयनका लागि तपाईहरूले दबाब दिनुपर्छ ।
- प्रेस काउन्सिलको वर्गीकरणमा पुष्पराज गर्तौलाको *पुष्पाञ्जलि* 'क' वर्गमा परेको र विराटनगरकै *उद्घघोष* दैनिक 'ख', 'ग' मा परेकोबाट पनि पत्रिकाको वर्गीकरणका आधारमा पत्रकारलाई सुविधा र पारिश्रमिक तोक्ने कुरा कति अमिल्दो खालको हुनेछ भन्ने प्रष्ट छ ।

**मोहन भण्डारी, उद्घोष दैनिक, विराटनगर**

- पत्रिकाको श्रेणी विभाजन गर्दा व्यावहारिक हुनुपर्छ ।
- श्रमजीवीले नै पत्रिका चलाएको अवस्था छ ।
- हुनसक्ने ठाउँमा कानून लागू गर्नुपर्छ ।
- काठमाडौंमा बसेर तोकेको पारिश्रमिक लागू हुन सक्दैन ।
- श्रेणी विभाजन क्षेत्रीय आधारमा गर्नुपर्छ । त्यसका लागि
  - भूगोल
  - अर्थतन्त्र आदिलाई हेर्नुपर्छ ।
- पत्रिकाका लागि स्रोतसाधनको वितरण सरकारले गर्नुपर्छ ।
- श्रमजीवी पत्रकार ऐन र यो समितिको हालत सामाजिक सुधार ऐनको जस्तो नहोस् ।
- हामी पत्रकारलाई कुन वर्गमा राख्ने- मजदूर कि अधिकृत ?

**केशव घिमिरे, औजार दैनिक, धरान**

- पत्रकारहरूका लागि विमाको व्यवस्था हुनुपर्छ ।
- काठमाडौं केन्द्रित चिन्तनका आधारमा पारिश्रमिक तोकिनु हुँदैन ।
- जिल्लाको विज्ञापन जिल्लाकै पत्रिकालाई देऊ भनेर काठमाडौंमा पत्रिका चलाएर बसेकाहरूले भन्न सक्छन् ?
- कति कमाउने सञ्चालकले पत्रकारलाई कति दिन्छ भन्ने कुरा समितिले हेर्नुपर्छ । 'ग' श्रेणीको दैनिकले मासिक ६ हजार सरकारबाट लिन्छ तर उसले पत्रकारलाई कति दिन्छ भन्नेसम्म हेर्नुपर्छ ।
- समितिको सिफारिश कार्यान्वयन भए/नभएको हेर्न समितिले नै एउटा अनुगमन समिति पनि बनाउनुपर्छ ।
- अहिले सञ्चालक नवधनाढ्य हुने र त्यो सञ्चारमाध्यमका पत्रकार गरीव हुने अवस्था छ ।

- प्रेस काउन्सिलको वर्गीकरणमा पर्नका लागि 'चिया-नास्ता' गराए पुग्ने गरेको अवस्था छ । त्यसको विश्वसनीयता छैन । काउन्सीलको वर्गीकरणलाई कुनै आधार नबनाइयोस् ।

**विजय खतिवडा, उद्घोष दैनिक, विराटनगर**

- पत्रकारहरूका लागि कुन खालको पारिश्रमिक र सुविधा तोक्ने भन्ने कुरा गर्दा खाली स्थानीय कुरा मात्र गर्नु हुँदैन । पत्रकारिताको धेरै विकास भइसक्यो । तसर्थ अन्तर्राष्ट्रिय मापदण्ड पनि हेर्नुपर्छ ।

**बन्धु पोखरेल, उदघोष दैनिक, विराटनगर**

- वर्गीकरणको प्रक्रिया अप्ठ्यारो भएकोले यसले पत्रकारहरूका लागि पारिश्रमिक, सेवा र सुविधा तोक्दा अप्ठ्यारो पार्छ ।
- अब दर्ता गर्दा नै आफ्नो पत्रिका राष्ट्रिय हो कि स्थानीय भनेर खुलाउने व्यवस्था गरिनुपर्छ । त्यसो गरेमा पत्रकारहरूका लागि पारिश्रमिक, सेवा र सुविधा तोक्दा सजिलो हुन्छ ।
- सूचना विभागको सूचना केन्द्रको काम आएको पैसा बाँड्नेबाहेक केही पनि छैन ।
- स्थायी निकाय भए पनि प्रेस काउन्सिलको वर्गीकरणको समयावधि विहेको लगन जस्तो भयो । त्यसो हुन नदिन
  - पत्रिका दर्ता गरेदेखि नै काउन्सिलले वर्गीकरण गर्नुपछ ।
  - वर्गीकरणको लागि पत्रिकाले निवेदन दिएपछि त्यसको ३५ दिनभित्र प्रक्रिया थाल्नुपर्ने कानुनी व्यवस्था हुनुपर्छ ।
  - अहिले त काउन्सिलले ८० पृष्ठको विवरण भर्न लगाउँछ तर त्यो पक्कै पनि हेर्दैन । हेरेको भए अहिलेको जस्तो वर्गीकरणमा पर्नका लागि 'चिया-नास्ता' गराए पुग्ने अवस्था हुँदैनथ्यो ।
- वर्गीकरण क्षेत्रीय आधारमा गरिनुपर्छ ।
- हामीलाई पनि 'क' वर्गमा पारेर सोही बमोजिमको सुविधा दिएमा काठमाडौंबाट निस्किने पत्रिकाले सरह पत्रकारहरूलाई सुविधा दिन सक्छौं ।
- काउन्सिलको जस्तो सुतेर बसेको अवस्थाले पत्रिका र पत्रकार कसैको हित हुँदैन ।

**राजेश विद्रोही, नेपाल पत्रकार महासंघ, सुनसरी**

- काठमाडौं र मोफसललाई हेर्ने दृष्टिकोण अलग बनाएर मात्र पारिश्रमिक र सुविधा तोक्ने काम गरिनुपर्छ ।
- मोफसलमा पनि सबै एकैनासको नभएर शहर र गाउँ गरेर छुटयाउनुपर्छ ।

**विष्णु पोखरेल, नयाँ पत्रिका, विराटनगर :**

- श्रमजीवी पत्रकार ऐनमा नै यो ऐन लागू गर्नु नपर्ने कुरा पनि सरकारले तोक्न सक्ने अवस्था रहेछ । यही बहानामा सरकारले मोफसलका पत्रपत्रिकामा लागू गर्नु पर्दैन भनेर तोकिदियो भने लागू नै नहुने पो हो कि ?
- पत्रिकाले पत्रकारलाई नियुक्ति पत्र दिँदैनन् । काम गरेकाले नदिने र अर्को काम नै नगरेको पत्रिकाको नियुक्ति पत्र लिनुपरेको अवस्था छ ।
- समितिले पारिश्रमिक तोक्दैमा पाइन्छ भन्ने विश्वास छैन ।

- कहिल्यै बजारमा ननिस्केका वा सूचना विभागका कर्मचारीले आफ्नो नाममा दर्ता गराएका पत्रिकाले वर्गीकरणमा परेर सरकारी पैसा खाएका छन् ।
- पत्रकारिता नपढेका व्यक्तिले पत्रकारिता गर्न नपाइने व्यवस्था होस् ।
- पत्रिकाका वितरणका आधारमा वर्गीकरण गरियोस् ।
- उद्योगको रुपमा दर्ता हुने तर तलब सुविधा नदिने गरेका छन् ।
- तलब दिन नसक्नेले मिडिया चलाउनु हुँदैन, बन्द गर्नुपर्छ ।
- धेरै एफ.एम. दर्ता गरेर युवाहरूलाई भ्रम छर्ने र अन्ततः बेरोजगार जमात उत्पादन गर्ने गरेका छन् । यस्तो गर्न बन्द गर्नुपर्‍यो । यदि त्यसो होइन भने
    - कि स्वयम्सेवा गर् भन्नुपर्‍यो
    - कि त ब्ल्याकमेलिङ गर् भन्नुपर्‍यो ।

**गोकुल पराजुली, ब्लास्ट टाइम्स, विराटनगर**

- संघीय स्वरुपका आधारमा वर्गीकरण गर्नुपर्छ ।
- तलब दिन नसक्नेले मिडिया चलाउनु हुँदैन, बन्द गर्नुपर्छ ।
- काम गर्नेले तलब पाउनै पर्छ ।
- पत्रकारको तलब निजामती सेवाको सुब्बाको भन्दा कम हुनुहुँदैन । कारण- तालिमका लागि पनि एसएलसी उत्तीर्ण गरेको प्रमाणपत्र पेश गर्नुपर्छ ।
- कर्मचारी, मजदुर र पत्रकारहरूको तह वर्गीकरण अलग-अलग किसिमले गर्नुपर्छ ।
- पत्रकारहरूलाई स्थायी गर्ने प्रक्रिया थालिहाल्नुपर्छ । यो क्रम कम्तीमा सम्वाददाताबाट सुरु गरिनुपर्छ ।

**सन्तवीर लामा, ब्लास्ट टाइम्स, धनकुटा**

- मिडियाको तलबमान तोक्दा यी कुराहरूमा ध्यान दिइनुपर्छ -
    - कारोबार
    - लगानी
    - जनशक्ति
    - मिडियाकाका शाखाहरु
    - मासिक आय
- यसो गरेमा धेरै/अनावश्यक मान्छे राख्ने तर तलब नदिने प्रवृत्ति घट्छ र तलब लिने बेलामा झगडा हुने स्थिति बन्द हुन्छ ।

**भगीश्वर लिम्बू (मनोज सुब्बा), ब्लाष्ट टाइम्स, तेह्रथुम**

- सम्पादक र सम्वाददातालाई एकै ठाउँमा राखेर कुरा गर्दा अप्ठ्यारो भयो । यसो नगरियोस् ।
- अहिले परिचयपत्रसमेत दिएका छैनन्, समितिले तलब नै तोकेपछि त कामबाटै निकाल्लान् भन्ने डर भयो ।

**विक्रम लुईटेल, नेपाल समाचारपत्र, विराटनगर**

- एफ. एम. मा कुनै तलब तोकिएको छैन ।
- समाचार सबै रेडियोको फेसन भएको छ । तसर्थ प्रति समाचार २० रुपियाँको दरले पैसा पाउनका लागि पत्रकारहरूले समाचार पठाउने गरेका छन् । यसले गर्दा कतिपय अवस्थामा आतंक नै सिर्जना भएको पनि छ । यदि उनीहरूको तलब तोकिदिने हो भने यो अवस्थाको अन्त्य हुने थियो ।
- राहदानी हराएको सूचना *उदघोष*ले किन पाएन ? किन *नयाँ पत्रिका*ले पायो ?
- पत्रकारहरूको पारिश्रमिकसँगै समितिले मिडिया टिकाउने सुझाव पनि दिनुपर्छ ।

**टेकेन्द्र अधिकारी, उदघोष दैनिक, विराटनगर**

- दर्ता गरिएका पत्रिका फेरि दर्ता गर्नुपर्छ । त्यसपछि तलब, कार्यक्षेत्र आदि खुलाएर भन्नुपर्ने व्यवस्था गरिनुपर्छ ।
- आफू कुन श्रेणीको पत्रिका हो भन्ने कुरा पत्रिकाको व्यवस्थापनले नै घोषणा गर्ने प्रावधान राखियोस् ।
- 'सञ्चार प्रतिष्ठान' हुनका लागि आवश्यक मापदण्ड तोकियोस् ।

**कुमार अधिकारी, खुलस्त साप्ताहिक, विराटनगर :**

- स्थानीय विज्ञापन स्थानीय सञ्चारमाध्यमलाई नै उपलब्ध गराइयोस् ।
- काठमाडौंबाहिरका सञ्चारमाध्यमलाई सुविधा दिइयोस् ।

**महेन्द्र बिष्ट, गोरखापत्र दैनिक, विराटनगर**

- देशभरिका सञ्चार प्रतिष्ठानलाई ३ श्रेणीमा वर्गीकरण गरियोस्–
    - ठूला गृह - काठमाडौमा आधारित दैनिक
    - काठमाडौँ बाहिरका 'क' वर्ग
    - गृहविहीन मिडिया
- ऐन लागू गर्दा पत्रिका नै बन्द नहोस् भन्ने कुरामा समितिले ध्यान दिनुपर्छ ।
- राजाको शासनमा लोकतन्त्रको पक्षमा भूमिका निर्वाह गरेका पत्रिका बन्द हुने स्थिति नआओस् । अन्यथा काठमाडौंबाहिरका धेरै पत्रिका बन्दा हुने खतरा छ ।
- स्थानीय विज्ञापन स्थानीय सञ्चारमाध्यमलाई नै उपलब्ध गराइयोस् ।

**किशोर कार्की, ब्लाष्ट टाइम्स, धरान**

- ऐन लागू गर्दा पत्रिका नै बन्द नहोस् भन्ने कुरा गलत हो ।
- कारण- ऐनले पत्रकारहरूको अधिकार मात्र होइन, कर्तव्य पनि तोक्छ ।
- सञ्चारमाध्यमको वर्गीकरण गर्दा निम्न कुराहरूमा ध्यान पुऱ्याउनुपर्छ -
    - भौगोलिक आधार
        - केन्द्रीय
        - क्षेत्रीय
        - स्थानीय

        - नगर स्तरीय
        - गाउँ स्तरीय/ग्रामीण
    - त्यो पत्रिका कहिलेदेखि प्रकाशित भएको हो र निरन्तरता छ कि छैन ?
    - लगानीको स्थिति के छ ?
        - एकल स्वामित्व
        - साझेदारी
        - सहकारी
        - सामुदायिक
    - सञ्चारमाध्यम कस्तो प्रकृतिको हो ?
    - कार्यरत पत्रकारको शैक्षिक हैसियत के छ ?
    - सञ्चारमाध्यमको आर्थिक कारोबार कस्तो छ ?
- स्टिन्जरको पनि पारिश्रमिक तोकिनुपर्छ ।

**शिवबहादुर कार्की, दर्शन दैनिक, विराटनगर :**

- कति पत्रपत्रिका आवश्यक छ भन्ने पनि विचार गरौं ।
- मिडिया बचाउन राज्यले लगानी गर्नुपर्छ ।
- पत्रकारहरूको हकमा श्रम ऐन पनि लागू भएको छैन ।
- श्रमजीवी पत्रकार ऐन पनि सरकारले एकैचोटी सबै ठाउँमा लागू गराउन सक्दैन तसर्थ क्रमिक रुपमा लागू गराउनु पर्छ ।
- यसलाई तीन चरण गरेर लागू गराउन सकिन्छ ।
    - काठमाडौंबाट शुरु गर्नु पर्छ ।
    - काठमाडौंमा पनि सबै ठाउँमा एकै चोटी कठिन हुन्छ ।
    - काठमाडौंबाहिर (मोरङबाट शुरु गरौं)
- सुझावहरू कार्यान्वयन नभएकोले आशंका बढेको छ । तसर्थ कार्यान्वयन गर्नुपर्छ ।

**प्रह्लाद गुरागाई, एभिन्यूज टेलिभिजन, विराटनगर :**

- टेलिभिजन बढेका छन् तर सम्वाददाताले नै क्यामरा किन्ने, मर्मत गर्ने, डीभी खरीद गर्ने गर्नुपर्छ ।
- पैसा नदिने वा कम दिने गरेका कारण समाचारको गुणस्तर नभए पनि संख्या बढाउनु परेको अवस्था छ ।

**अमृता बुढाथोकी, कञ्चनजंघा एफएम, तेह्रथुम**

- ऐन लागू भएपछि स्थानीय व्यक्तिलाई सम्वाददाता नै नराख्ने स्थिति आउनसक्छ ।
- इच्छुक र सक्षम महिलालाई सम्वाददाताको काम दिएर महिला र श्रमको एकसाथ सम्मान गर्न सकिन्छ ।

**गंगा बराल, विजयपुर साप्ताहिक, सुनसरी**

- विज्ञापन वितरणमा समानताको सिद्धान्त लागू गरियोस् ।
- पारिश्रमिक निर्धारण समितिले पत्रिकालाई विज्ञापन एजेन्सीसँग सम्पर्क पनि गराओस् ।
- वर्गीकरणको लागि स्थानीय सहभागिता हुनुपर्छ ।

**शिवबहादुर कार्की, दर्शन दैनिक, विराटनगर**

- पत्रपत्रिका दर्ता र सिफरिश गर्दा पत्रकार महासंघको सहभागिता हुनुपर्छ ।

**प्रेस काउन्सिल नेपालसँगको कार्यक्रम**
**स्थान : जलेश्वर, महात्तरी**
**मिति : २०६४ चैत १६**
**सहभागी जिल्लाः धनुषा, महोत्तरी, सिन्धुली, सर्लाही र सिरहा**
**समितिका तर्फबाट सहभागीः सुरेश आचार्य र शीतल शाह**

**कृष्णाचन्द्र झा, महोत्तरी**

- साना मिडिया हाउस आफैं अस्तित्वको संकटमा छन् । आफैं सम्पादक, प्रकाशक र सम्वादाता भएको अवस्थामा ऐन कसरी लागू होला ?
- ठूला मिडिया हाउस र एफएम स्टेशनबाट लागू गर्न थाल्नुपर्छ ।
- मोफसलका सन्दर्भमा विवेकपूर्ण निर्णय होस् । न्यूनतम पारिश्रमिकका नाममा किन बन्देज लगाउने ? सहमतिका आधारमा दिन पाउनुपर्छ ।
- कि लागू नहोस्, हुन्छ भने मनपरी लागू गर्न नदिइयोस् ।

**वृजकुमार यादव, धनुषा**

- कार्यक्रम सञ्चालक करारमा राख्न पाउनुपर्छ ।
- एउटै मान्छे धेरै मिडियामा काम गर्छ भने कुनमा कस्तो खालको नियुक्ति दिने ?
- भूगोलको आधारमा वर्गीकरण ठीक हुदैन ।

**राजेश कर्ण, धनुषा**

- राष्ट्रिय, क्षेत्रीय र स्थानीय आधारमा वर्गीकरण गर्नु हुदैन, क्षमता र अवधिका आधारमा गर्नुपर्छ ।
- साइजका आधारमा गर्न सकिन्छ ।
- विज्ञापनको न्यूनतम दर कायम हुनुपर्छ ।
- आयको ८० प्रतिशत जनशक्तिमा लगानी गर्नुपर्छ ।
- पत्रकार, कर्मचारी वा कामदारलाई अनुशासनहीन भनेर हटाउने आधार स्पष्ट हुनुपर्छ । जथाभावी आरोपित गरेर हटाउने खतरा ऐनमा
- पत्रकार, कर्मचारी वा कामदारलाई अनुशासनहीन भनेर हटाउने आधार स्पष्ट हुनुपर्छ । जथाभावी आरोपित गरेर हटाउने खतरा ऐनमा छ ।
- वौद्धिक मात्रै नभइ प्राविधिक पेशा पनि भएकाले प्राध्यापक भन्दा कम तलव, सुविधा राख्न हुन्न ।
- आंशिक काम गर्नेको छुट्टै व्यवस्था गर्नुपर्छ ।

**रवीन्द्र उप्रेती, महोत्तरी**

- असीमित काम गर्ने भएकाले अरु पेशासँग तुलना गर्न हुदैन ।

**दीनेश्वर गुप्ता, सिरहा**

- स्थानीय निकायमा ग्राम सञ्चार गृह बनाउनुपर्छ।
- स्थानीय विज्ञापन स्थानीय मिडियालाई नै दिनुपर्छ।

**अशोक रौनियार, अध्यक्ष नेपाल पत्रकार महासंघ,**

- लागू त गर्ने तर नाफा नै हुदैन भने तलव कसरी दिने ?

**स्थान : बुटवल, रुपन्देही**
**मिति : ०६४ चैत २३**
**सहभागी क्षेत्र : लुम्विनी अञ्चल**
**समितिका तर्फबाट सहभागिता :सुरेश आचार्य र विष्णु शर्मा**

**विनोद पहाडी**

- श्रमजीवीको सम्मान भए मिडिया मौलाउँछ।
- हचुवाका भरमा हुने लगानी रोकिन्छ।

**यमलाल भूसाल/नेपाल समाचारपत्र**

- निजामती कर्मचारीको आधारमा वर्गीकरण हुनुपर्छ।
- एसएलसी नगरेका हकमा १० वर्षको अनुभवलाई मान्यता दिनुपर्छ।

**डा. ईश्वर गौतम/ अध्यक्ष, जनसंघर्ष दैनिक**

- मिडिया हाउसमा लागू हुने भएकाले यो प्रकाशकको पनि कानुन हो।
- काम गर्नेको उत्पादकत्व बढाउन आवश्यक छ। पारिश्रमिकले काम गर्दा उत्प्ररणा बढाउँछ।
- मिडिया हाउस सार्वजनिक सम्पत्ति नै हुन। उनीहरुलाई संरक्षण गर्ने भूमिका राज्यको पनि हुनुपर्छ। कानुनले राज्यको दायित्व कम गरेको छ।
- मिडिया हाउसले तवल दिन नसक्ने स्थितिमा पुगे भने के गर्ने भन्नेतिर सोचिएको छैन।
- उत्पादनका आधारमा दरबन्दीको व्यवस्था गरिनुपर्छ।
- आर्थिक संरचना हेरिनुपर्छ। अनुदान र विज्ञापन नीति आवश्यक छ।
- न्यूनतम पारिश्रमिक मात्र दिएर पुग्दैन, बोनसको व्यवस्था पनि गरिनुपर्छ।
- कामदारहरुको स्वामित्व कसरी गराउन सकिन्छ भन्ने पनि सोच्नुपर्छ। एउटै परिवार हो भन्ने आधारमा काम गर्ने वातावरण बनाउन समितिले मद्दत गर्नुपर्छ।
- पत्रकारको योग्यता र अनुभवको आधारमा पद वर्गीकरण गर्नुपर्छ।

**मानबहादुर बिश्वकर्मा, अध्यक्ष, लुम्विनी दैनिक**

- राजधानी र मोफसलका लागि अलग अलग मापदण्ड निर्धारण गरिनुपर्छ।

- प्रकाशकले नाफाका लागि लागनी गरेको भन्ने भ्रमबाट मुक्त हुनुपर्छ । हाम्रो घरखेत जाने अवस्था आइसकेको छ ।

**नोर्बु लामा, अध्यक्ष, मेचीकाली दैनिक**

- रुपन्देहीमा ढाँटेर छलेर कुनै हालतबाट क वर्गमा परेका अखवार छन् । ३५००-६००० बीच तलव दिएका छौं । सरकारले पनि मिडियालाई सहयोग गर्नु पऱ्यो ।
- प्रकाशन गृहको छुट्टै सुझाव लिइयोस् । कानुन अझै अधूरो छ । व्यवस्थापनको पक्षलाई कानुनले समेटेको छैन ।

**झपेन्द्र गहिरे, उपाध्यक्ष, मुक्तिनाथ रेडियो**

- विज्ञापन नीति नहुदा ऐन कार्यान्वयन गर्ने अवस्था छैन ।
- रेडियोमा सामुदायिक र व्यापारिक बीच कुनै भिन्नता छैन ।
- मिडियाको वर्गीकरण जनशक्ति, कारोवार र वितरणका आधारमा गरियोस् ।
- जिविस, नगरपालिका जस्ता स्थानीय सरकारबाट मिडियालाई सहयोगको व्यवस्था गरिनुपर्छ ।
- ४५००-५००० रुपैयाँभन्दा कम नहुने गरी पारिश्रमिक तोकिनुपर्छ ।
- बीचको तलव व्यवस्थापकले नै तोक्न पाउनुपर्छ ।

**शशी पौडेल, अध्यक्ष, रेडियो लुम्बिनी**

- निश्चित पारिश्रमिक तोकिएको छ ।
- राहतकोष बनाएर काम गर्नेको छ र संस्थाका तर्फबाट ५ प्रतिशत हाल्ने गरिएको छ ।
- थप व्यवभार बेहोर्ने अवस्था छैन ।
- धनजमानीमा ऋण लिएर तलव खुवाउने गरेका छौं ।
- प्रकाशन प्रसारण बन्द हुने अवस्था छ ।

**माधव नेपाल, स्टेशन म्यानेजर, बुटवल एफएम**

- पत्रिका वा रेडियो जागीर खुवाउनका लागि कसैले खोल्नु पर्दैन ।
- कमाउन नसके बन्द गर्नोस्, काम गर्ने बेरोजगार हुन्छन् भनेर चिन्ता गर्नु पर्दैन ।
- सात पत्रिकाका सातैवटा प्रेस छन् ।
- हरेकले २०/३० लाख लगानी गरेका छन् ।
- काम गर्नेकालागि मात्रै किन लगानी गर्न नसक्ने ?
- मिडियालाई व्यवसायिक रुपमा चलाउने हो भने निश्चित तलव दिनैपर्छ ।
- तलव दिन नसक्नेले कसका लागि चलाएको हो भनेर प्रष्ट भन्नुपर्छ ।
- पत्रकार बढाउन जरुरी छैन ।

**वालकृष्ण चापागाई, सम्पादक, दैनिक जनसंघर्ष**

- प्रकाशकले नाफा कमाउन सकून्, पत्रकार व्यावसायिक बन्न सकून् ।
- विज्ञापन कमण्डलु थापे जस्तो हुन थालेको छ ।
- मिडियाभित्र पत्रकारले व्यवस्थापकले चलाउँछ भनी ठान्ने व्यवस्थापक पत्रकारलाई जागीर दिएको छु भन्ने जस्तो देखिएको छ ।
- सरकारको अधिकृतभन्दा दोव्वर तलव हुनुपर्छ ।
- हिजो प्रतिष्ठा र पैसा कमाउन मिडियामा लगानी गरौं भनियो, आज असल र सभ्य नागरिक पनि मिडियामा लगानी गरौं भन्ने नारा बनाएका छौं ।

**निमबहादुर रिजाल, अध्यक्ष, नेपाल पत्रकार महासंघ, अर्घाखाची**

- पत्रिका व्यापारी जस्ता र पत्रकार कर्मचारी जस्ता भएका छन् ।
- पार्टीका मुखपत्र चलाउने पनि पत्रकार भएका छन् ।
- 'क' वर्गमा पर्ने पनि तिनै अखवार छन् ।
- 'क' वर्ग र राष्ट्रिय मिडियामा कानुन लागू गर्नुपर्छ ।
- १८/२० वर्षदेखि स्ट्रिंगर भएर काम गर्नेहरुको रोजीरोटीको ग्यारेण्टी छैन ।

**भेषराज पाण्डे, अध्यक्ष, नेपाल पत्रकार महासंघ, कपिलवस्तु**

- विज्ञापन नीति छैन, कपिलवस्तुका साप्ताहिकले राहदानी हरमाएका सूचना छापेका छन् ।
- राजधानीका मिडियामा जिल्लाबाट पठाएको विज्ञापन छापिएको भए त्यही विज्ञापन छापेर उनीहरुले एक लाख लिए हामीले ५००० लिने गरेका छौं ।
- पत्रकारिता मर्यादित बनाउन पनि ध्यान दिनुपर्‍यो ।
- बुटवलका मिडियाका प्रेस अरु भन्दा महंगो छपाइ शुल्क लिन्छन्, पत्रकारलाई चाहिं किन तवल दिंदैनन् ?

**भगवान भण्डारी, अध्यक्ष, नेपाल पत्रकार महासंघ, पाल्पा**

- कानुन कार्यान्वयन गर्न त्रिपक्षीय भूमिका हुन्छ ।
- पत्रकार जति सरकार तयार छ कि छैन ?
- कानुन लागू गर्न उत्प्रेरित गर्ने वातावरण तयार गर्नुपर्छ ।
- समनुपातिक आधारमा विज्ञापन दिनुपर्छ ।
- स्थानीय विज्ञापन स्थानीय मिडियामै आउनुपर्छ ।
- साप्ताहिक अववारमा समस्या बढी छ ।

**केपी भूसाल, स्टेशन म्यानेजर, सिद्धार्थ एफएम**

- टिक्ने अवस्था छैन भनिन्छ, तर नयाँ नयाँ खुलेका छन् ।
- एक डेढ करोड लगानी गर्दा काम गर्नेलाई तलव किन छुट्याइदैन ?

- पत्रकारले नचाहिदो सम्झौता गरेका छन् ।
- व्यवस्थापकले नालायकलाई पनि सम्पादक बनाएका छन् ।
- एउटा पत्रकार चारवटा मिडियामा काम गर्छ, कहाँ स्थायी नियुक्ति दिने ?
- व्यक्तिगत स्वार्थ पूरा गर्न लगानी गरिएका छन् । कामदारप्रति चासो छैन ।
- लगानीलाई पारदर्शी बनाउनुपर्छ ।

**जगदीश शर्मा, पाल्पा**

- काम गर्नेलाई तलव दिनै नसकिने अस्थिा छैन ।
- लाखौं करोडौं लगानी गर्नेले भीखमंगा कुरा गर्नु भएन ।
- रुपन्देहीका लगानीकर्ताले पत्रकारको शोषण गरेका छन् ।
- पाल्पामा त्यो अवस्था छैन ।
- पत्रकारले पनि योग्यता र क्षमता अनुसार बार्गेनिङ गरौं ।
- समानुपातिक विज्ञापन नीति अनिवार्य छ ।

**नवराज भूसाल, उपाध्यक्ष, नेपाल पत्रकार महासंघ, गुल्मी र रेसुंगा एफएम**

- मिडिया हाउसको कारोवारमा तलवको लागि निश्चित रकम छुट्याउनुपर्छ ।
- स्थानीय तहमा विज्ञापन उपलब्ध गराइनुपर्छ ।
- पत्रकार बन्न के गर्नुपर्छ, कुनै निश्चित प्रावधान तोकिनु पर्‍यो ।
- व्यावसायिक सोच राख्यो भने कमण्डलु लिनु पर्दैन ।

**भरत केसी, प्रेस चौतारी रुपन्देही**

- कानुन लागू हुनपर्छ तर हतारमा लागू नगरौं ।
- विज्ञापन नीति पहिले आउनुपर्छ ।
- स्थानीय उद्योग प्रतिष्ठानका विज्ञापन राजधानीका मिडियालाई मात्र दिन हुँदैन ।

**कृष्णबहादुर कार्की, अध्यक्ष नेपाल पत्रकार महासंघ, नवलपरासी**

- १८ वटा पत्रिका निस्के तर सबै मरे ।
- अब फेरि कानुन लगाएर मार्ने काम गर्नु हुदैन ।

**इन्दिरा अर्याल, रेडियो लुम्विनी**

- तलव निजामती कर्मचारीका सार्थ कामको भार र जोखिम समेत जोडेर निर्धारण गरिनुपर्छ । तवलका साथै सेवा सुविधा प्रष्ट हुनुपर्छ ।
- पद वर्गीकरण काम, योग्यता र अनुभवका आधारमा तय हुनुपर्छ ।
- मिडिया वर्गीकरण सामुदायिक, व्यापारिक र सार्वजनिकका आधारमा अलग अलग हुनुपर्छ ।

- विज्ञापन नीति समानुपातिक र स्थानीय अलग अलग हुनुपर्छ ।

**वसन्तराज खनाल, मेचीकाली दैनिक**

- मिडिया धेरै आउनु स्पभाविक हो ।
- टिक्न सक्ने चल्छन् ।
- कुनै मिडिया जन्म्यो भन्दैमा बचाउनै पर्छ भन्ने छैन ।
- पत्रकारले दयाको भीख भन्दा हैसियत बढाउनु जरुरी छ ।

**शिवजी गायक, स्टेशन म्यानेजर, रेडियो जागरण**

- व्यवस्थापक र कामदार दुबै पक्षको पीडा समायोजन गरेर जानुपर्छ ।
- समितिले केही त तोक्ला, तिर्न सक्ने चल्छन्, नसक्ने बन्द हुन्छन् ।
- रेडियो कार्यक्रम चलाउनेलाई मासिक रुपमा नभइ श्रमको मूल्य दिने व्यवस्था गर्नु पर्छ ।
- सामान्य मजदूरले पाउने ज्याला नपाउने अवस्थाको अन्त्य हुनुपर्छ ।

**तूफान न्यौपान, रेडियो जागरण**

- काम गर्नेले तलव पाउनु पर्‍यो ।
- बेरोजगार हुने त्राश देखाएर शोषण गर्न भएन ।

**अमृता अनमोल, कान्तिपुर**

- स्ट्रिंगरले काम गर्ने समय र बिदा कसरी पाउने ?

**मोहन चापागाई, अध्यक्ष नेपाल पत्रकार महासंघ, रुपन्देही**

- मिडिया पुनर्संरचन जरुरी छ- विज्ञापनबारे, काम गर्नेबारे र मिडिया संस्था आफैं ।
- श्रमजीवी पत्रकार ऐन कार्यान्वयन गर्ने जिल्ला रुपन्देही हो भनेर देखाउन हामी तयार हौं ।

**स्थान : पोखरा, कास्की**
**मिति : २०६४ बैशाख ३०**
**सहभागी क्षेत्र – गण्डकी र धौलागिरी**
**समितिका तर्फबाट सहभागी : सुरेश आचार्य/गोपाल बुढाथोकी**

**घनश्याम खड्का, म्याग्दी**

- योग्यता पनि तोकिनुपर्छ ।
- प्राध्यापककै तहमा निर्धारण हुनुपर्छ ।

**बद्रीबिनोद प्रतीक, पूर्व केन्द्रीय उपसभापति, नेपाल पत्रकार महासंघ,**

- लोक सेवा, न्याय परिषद् वा प्राध्यापक सरह तलव तोकिनु पर्छ ।

- पद अनुसारको योग्यता खुलाइनुपर्छ ।
- मजदुरले पनि सीपका आधारमा पाउँछ ।
- राज्यले दिएको सुविधा कटौती नगर्ने गरी स्थानीय, क्षेत्रीय र राष्ट्रिय वर्गीकरण स्वीकार्न सकिन्छ ।

**विश्वबन्धु भण्डारी, तनहू**

- सानो ठाउँका समस्या फरक छन् ।
- एक रुपताका निम्ति लागु गर्नुपर्छ, समानताका आधार बनाइनु पर्छ ।
- विज्ञापन समान रुपमा वितरण हुनुपर्छ ।

**माधव शर्मा, अध्यक्ष, मेची महाकाली मिडिया सोसाइटी**

- पैसा कति भन्दा पनि व्यावहारिक हुनुपर्‍यो ।
- साना स्वतन्त्र पत्रिकाले जनअधिकार रक्षा गरेका छन् ।
- माडेकरण गरेर मिडिया कसरी टिक्छ ?
- ठूलासंग कर लिऔं, सानालाई अनुदान बढाउँ ।

**कृष्णप्रसाद बास्तोला, सम्पादक, आदर्श समाज, पोखरा**

- वर्गीकरणको आधार ठीक लाग्यो ।
- राजधानीका ‘क’ वर्गका लागि न्यायाधीश सरह हुनुपर्छ ।
- क्षेत्रीय ‘क’ वर्गलाई–प्राध्यापक सरह हुनुपर्छ ।
- स्थानीय ‘क’ वर्गलाई सरकारको निजामती कर्मचारी सरह हुनुपर्छ ।
- कामदारलाई श्रम ऐन सरह हुनुपर्छ ।

**रामजी भट्टराई, लमजुङ**

- रेडियो वर्गीकरण क्षमता होइन, लोकप्रियताका आधारमा हुनुपर्छ
- पत्रिकाको वर्गीकरण गर्दा दैनिक र साप्ताहिक अलग गरिनुपर्छ
- शिक्षकले पत्रकारको काम गर्छ, उसलाई के गर्ने ?
- योग्यता पनि महत्वपूर्ण पाटो हो ।

**हरिनारायण गौतम, बागलुङ**

- योग्यता र सीप निर्धारण गर्ने अधिकार मिडियालाई दिनुपर्छ
- चार तह भए पुग्छ- रिपोर्टर, डेस्क, सब एडिटर, एडिटर ।
- मुखियाभन्दा तलब कम हुनुहुदैन
- साप्ताहिक, दैनिक, पाक्षिक र मासिकको अलग अलग वर्गीकरण हुनुपर्ने ।
- वर्गीकरणमा चित्त नबुझे पुर्नमूल्यांकनको व्यवस्था हुनुपर्छ ।

**बद्री शर्मा, बागलुङ**

- योग्यताको आधार विशेष ज्ञान, तालिम, अनुभव हो ।
- रिपोर्टर कति वर्षसम्म रहने ?
- अधिकृत तहबाट शुरु गर्नुपर्छ ।
- कानुन लागू गरेपछि संस्थागत बन्ने प्रक्रिया शुरु हुन्छ ।
- स्थानीय विज्ञापन स्थानीय मिडियालाई हुनुपर्छ ।
- विज्ञापन शुल्क सरकारी हुनुपर्छ ।
- पत्रिका, रेडियो दर्ता दिंदा नै कानुन कार्यान्वयन हुन्छ, हुदैन भन्ने विचार गर्नुपर्छ ।

**भोला शर्मा, पर्वत**

- भोकै सुते पनि पत्रकार मर्यादित छ, पारिश्रमिक निर्धारण गरेपछि अमर्यादित हुन्छ । पत्रकारको कद घटाउने काम नहोस् ।
- बौद्धिक पेशा हो, प्राध्यापकभन्दा कम गर्न हुन्न ।
- तह थोरै राख्नु पर्छ ।

**रामकृष्ण ज्ञवाली, पोखरा**

- पत्रिका दर्ता गरेर ठूलो मान्छे बन्ने प्रवृत्ति रोक्नुपर्छ ।
- युवालाई अलमल्याउने काम मात्र भएको छ ।
- सिन्के चाउचाउ दर्ता गर्न अध्ययन हुन्छ, मिडियाले किन गर्न नपर्ने ?
- खरदार, मुखिया होइन फरक ढंगमा निर्धारण होस् ।
- विज्ञापनमा अस्वस्थ प्रतिस्पर्धा रोकियोस् ।
- राज्यले सुविधा दिएर प्रकाशकलाई लगाम लगाउनु पर्छ ।

**डम्बर अधिकारी, लमजुङ**

- ठूला प्रकाशन, प्रसारणमा लागू गरे ५० प्रतिशत समाधान आफैं हुन्छ ।

**सुष्मा पौडेल,**

- तलब बताउने अवस्था छैन ।
- जथाभावी दर्ता रोक्नु पर्छ ।
- अन्यथा विवरण माग्नुपर्छ ।
- घाटा भए पनि पारिश्रमिक दिनुपर्छ ।

**नारायण भट्टराई, पोखरा**

- आम्दानी नभई कसरी पारिश्रमिक दिने ?
- विज्ञापनमा अस्वस्थ प्रतिस्पर्धा रोक्नुपर्छ ।
- प्रहरी, सेना, कम्पनीका आधारमा होइन, हाम्रो आफ्नै ढंगमा तलव निर्धारण हुनुपर्छ ।
- सञ्चय कोष, विदा, औषधोपचारको व्यवस्था हुनुपर्छ
- सरकारले मिडियालाई सपोर्ट गर्ने नीति बनाउनु पर्छ ।

**विभु भुसाल, हिमालय टाइम्स**

- १० हजारभन्दा कम हुनुहुदैन ।
- दैनिक गाडी भाडामा १०० र खाजामा ५० खर्च हुन्छ । खाने र कोठा भाडा लगायतका खर्च कसरी धान्ने ?
- चलाउन नसक्नेले नचलाए हुन्छ

**विष्णु भण्डारी**

- अनुभव, शैक्षिक योग्यता, सीप, समयका आधारमा पद वर्गीकरण र तलव निर्धारण हुनुपर्छ
- लगानीका आधारमा मिडिया वर्गीकरण गर्नुपर्छ ।
- खुल्ला समाजमा सञ्चालनको अधिकार सबैले पाउनु पर्छ ।
- कम्तिमा १५,००० बाट शुरु हुनुपर्छ ।
- योग्यता, अनुभवका आधारमा पद वर्गीकरण पाचवटा हुनुपर्छ ।

**लक्ष्मण गुरुङ, रेडियो गण्डकी**

- ऐन कार्यान्वयनको अवस्था छैन ।
- नयाँ मिडियालाई समेत ध्यानमा राखेर कानुन बनाउनुपर्छ ।
- मिडियाको स्तर निर्धारण गरेर त्यस अनुरुप लागु गर्नुपर्छ ।
- विज्ञापन दर निर्धारण गर्नुपर्छ ।

**रुद्र भट्ट, पोखरा**

- सुझाव सुन्ने कि अवधारणा बनाएर आएको त हैन ?

**राज गुरुङ, अध्यक्ष, रिपोर्टर्स क्लव, कास्की**

- पियन सरहको तलव छैन ।
- ३ हजार गाडी भाडा नै लाग्छ ।
- १० हजार न्यूनतम तवल हुनुपर्छ ।
- तलब दिन नसक्नेले बन्द गर्नुपर्छ ।

- मिडिया वर्गीकरण संघीय आधारमा गरिनुपर्छ ।

**टंक खनाल**

- दिगोपन कसले खोजी दिने
- १० हजार न्यूनतम तवल हुनुपर्छ ।
- जिल्ला बाहिर रिपोर्टर भत्ताको व्यवस्था हुनुपर्छ ।
- आफ्नो घर पनि नबनाउने, अर्काको बन्न पनि नदिने प्रवृत्तिको अन्त्य गरिनुपर्छ ।
- एक व्यक्ति एक रोजगारको व्यवस्था गरिनुपर्छ ।

**माधव रेग्मी**

- व्यवस्थापकहरु बन्द हुन्छ भन्नेतिर चिन्ता नगर्नुस् ।
- राम्रो तलब भए रिपोर्टिङ पनि राम्रो हुन्छ ।
- मान र शान बढ्छ, तलब चाहिं नदिने राम्रो रिपोर्टिङ खोजेर हुँदैन ।
- पत्रकारको अवस्था कहाँ, के छ भनेर किन सोचिँदैन ?

**ओम प्रकाश, स्याङजा**

- सेवा प्रवेशमा योग्यता अनिवार्य गरिनुपर्छ ।
- शैक्षिक योग्यता, तालिम, अनुभवलाई व्यवस्थित गर्ने गरी पद वर्गीकरण गरिनुपर्छ ।
- न्यूनतम निर्धारण अघि मिडिया ग्रेडिङ गरेर जनशक्ति पनि निर्धारण गर्नुपर्छ ।
- विज्ञापन दर तोक्नुपर्छ र स्थानीय मिडियामा स्थानीय विज्ञापन दिनुपर्छ ।
- सुरुवात पारिश्रमिक सहसचिव सरह हुनुपर्छ ।

**किशोरजंग थापा, अध्यक्ष, नेपाल पत्रकार महासंघ, गोरखा**

- सुरुमा काम गर्न उत्साहित, पैसाको कुरै हुँदैन ।
- पहिले नै यति नदिई काम गर्दिन भन्न सक्नुपर्‍यो ।
- विज्ञापनको चिन्ता पत्रकारको होइन ।
- दर्ताका आधार बनाउनु पर्‍यो, प्रमाणपत्र  र ५०० रुपैयाँमा छाड्नुभएन ।
- दर्ता गर्दा धरौटी राख्न लगाउन सकिन्छ ।
- मिडियाको विक्री  सबैको एकै छैन । काठमाडौंको तलब गोरखाले दिन सक्दैन ।
- सामुदायिक रेडियोमा जनसहभागिता छ, पत्रकार कम छन् ।

**नारायण कार्की, अध्यक्ष, नेपाल पत्रकार महासंघ, कास्की**

- विशुद्ध श्रमजीवीको भनेर छुट्याउन गाह्रो छ ।
- श्रमजीवी, व्यवस्थापक, लगानीकर्ता एउटै छन् ।

- समाचार संकलनको न्यूनतम खर्च पनि पाएका छैनन् ।
- परिवार, कसरी पाल्ने ?
- चरणवद्ध कार्यान्वयन गरिनुपर्छ ।
- संस्थालाई बलियो बनाउने र बचाउने कुरा पनि हुनुपर्‍यो ।
- विज्ञापन नीति उदार हुनुपर्‍यो ।
- स्थानीय विज्ञापन स्थानीय मिडियालाई दिनुपर्छ ।

**पवनरमण खनाल, सञ्चालक, रेडियो गोरखा**

- प्रतिष्ठान व्यवसायिक हुनुपर्‍यो ।
- एउटा व्यक्ति, धेरै मिडियाले गर्दा गुणस्तर छैन ।
- कभरेज, बिक्रीवितरणका आधारमा पारिश्रमिक निर्धारण हुनुपर्छ ।
- दर्ता गर्दा व्यवस्थापन ढाँचा तयार गराउनैपर्छ ।
- विज्ञापन नीति प्रष्ट हुनुपर्छ ।

**केशवराज पराजुली, कास्की**

- प्रजातान्त्रिक पद्धतिका विरुद्ध निरंकुशता लाद्ने काम नहोस् ।
- जुम्लालाई अरुसँग तुलना गर्न सकिदैन ।
- कानुनको कार्यान्वयन मिडिया नियोजन होइन, प्रायोजन बनोस् ।

**त्रिभुवन पौडेल**

- अनुभव, दक्षता, योग्यताका आधारमा पद वर्गीकरण होस् ।
- व्यवस्थापन ठीक भए सानाको पनि गुणस्तर बढ्छ र श्रम शोषण हुदैन ।
- न्यूनतम १० हजार तलव हुनुपर्छ ।

**विनु पोखरेल**

- मालिकहरु आफ्ना सन्तानलाई पत्रकारितामा लगाउनु हुन्छ कि हुन्न ?
- उर्जाशील उमेरमा अल्मल्याउने काम सञ्चार माध्यमले गरेको छ ।
- न्यूनतम मापदण्ड बनाऔं ।
- जो पनि पत्रकार बन्ने र उर्जा पनि समाप्त बनाउने काम नगरौं ।

**रवीन्द्र बास्तोला, पोखरा**

- अहिले दिइने पारिश्रमिक अपुग छ ।
- तलब तोकेर मात्र हुदैन, हात पनि लाग्नु पर्‍यो ।
- तलब तोक्दा क्षमतावानको अवमूल्यन नहोस् ।

- तलव सरकारी सेवा भन्दा कम हुनुहुदैन ।
- स्थानीय तहको जस्तो दिन सक्दैनौं भनेर पार पाइदैन ।
- स्वयंसेवक भएर तलब मागेका कारण पत्रकार कमजोर भएका हुन् ।
- सम्पादक, प्रकाशक सबैको न्यूनतम योग्यता निर्धारण हुनुपर्छ ।
- दर्ता गर्दा एक वर्षको लागि चलाउने खर्च धरौटी गराउनुपर्छ ।

**दुर्गा भण्डारी**

- जीवनयापन हुने खालको पारिश्रमिक दिनुपर्छ ।
- स्वयंसेवक भएर मञ्च पाउनुभएको छ ।
- आफै पाउँदिन कसलाई दिने ?

**कमल पौडेल**

- तलब तोक्दा मिडिया बन्द हुन्छ भन्ने चिन्ता छ ।
- १० हजार खान सक्ने भएर मात्र मिडिया चलाउनुपर्‍यो ।

**भवानी शर्मा, पर्वत**

- पारिश्रमिक घाटा, नाफाका आधारमा दिने होइन ।
- शुरु राजधानीबाट गर्नुपर्छ ।
- तोकेअनुसार दिनुपर्छ ।

**प्रेमनारायण न्यौपाने, आदर्शसमाज दैनिक**

- नसक्नेले कम दिनुस् । बन्दै गर्ने किन ?
- विज्ञापनमा अडान लिनुस् ।
- पत्रिका बचाउने चिन्ता गर्नुस्, पत्रकार बचाउने चिन्ता गर्नु पर्दैन ।
- अहिलेसम्म नाफा, घाटा कसले सार्वजनिक गरेको छ ?

**रमेश पौडेल, पोखरा**

- दिइएको पारिश्रमिक अत्यन्त न्यून छ ।
- पत्रकारलाई थोरै दिए पनि हुन्छ भन्ने मान्यता छ ।
- वर्गीकरण क्षेत्रगत आधारमा गरौं ।
- जनताका सेवा मात्रै होइन, व्यक्तिका लागि नै काम गरेको हो ।

**पुण्य पौडेल, सम्पादक, पोखरापत्र**

- सिर्जना समेतलाई ध्यानमा राखेर पारिश्रमिक तोकिनुपर्छ ।

- कानुनले बन्द हुने होइन, व्यवस्थित गर्ने मात्रै हो । डराउनु पर्दैन ।

**स्थान : वीरगंज, पर्सा**
**मिति : २०६४ जेठ १४**
**सहभागी क्षेत्र – नारायणी अञ्चल र सर्लाही जिल्ला**
**समितिका तर्फबाट सहभागी : सुरेश आचार्य/विनोद ढुंगेल/शीतल साह**

**जनक अर्याल, पारदर्शी, चितवन**

- पद वर्गीकरण- सहायक सम्वादाता, सम्वाददाता, वरिष्ठ सम्वाददाता, उप सम्पादक, सहसम्पादक र सम्पादक हुनुपर्छ ।
- तलव- ५,००० देखि १५,००० बीच हुनुपर्छ ।
- स्थानीय वित्रापन स्थानीय मिडियामा दर तोकेर दिने नीति हुनुपर्छ ।
- ठूला संस्थालाई दिइने विज्ञापनको कम्तीमा १० प्रतिशत स्थानीयले पाउनुपर्छ ।

**राम सदा, फोटो पत्रकार, वीरगञ्ज**

- फोटो पत्रकारले बढी खतरामा काम गर्नु पर्छ । त्यसैले न्यूनतम १५ हजार तलव हुनुपर्छ ।

**दिनेश थपलिया, हाम्रो एफएम, चितवन**

- बजार सिथितिको मूल्यांकन गरिनुपर्छ ।
- लामो बिदाको तलव दिन सम्भव छैन, विचार गर्नुपर्छ ।
- कन्सल्ट्यान्सी मात्र गर्नेलाई कामको आधारमा दिन पाउनुपर्छ । आंशिक र पूर्णकालीनलाइ छुट्याउनुपर्छ ।

**श्रीराम रायमाझी, मेची महाकाली मिडिया सोसाइटी**

- जम्मा २० हजारमा एक महीनाको अखवार नै निस्कन्छ । कसले २० हजार तलव दिन्छ ?
- सहायक सम्पादकले १५ सय र सम्पादकले ४ हजारभन्दा बढी पाएका छैनन् ।

**उज्वल चौलागाई, हेटौडा एफएम**

- तलव प्रस्तावित गरेर छलफल गर्नुपर्थ्यो ।
- रेडियोको पनि वर्गीकरण गर्नुपर्छ ।
- आयको आधारमा न्यूनतम तलव निर्धारण गर्नुपर्छ ।
- न्यूनतम ३००० हुनुपर्छ ।
- आंशिकलाई कति दिने ?
- रेडियो कार्यक्रम बनाउनेका बारेमा पनि प्रष्ट हुनुपर्छ ।

**अमृता मैनाली**

- १५०० देखि २००० रिक्सा भाडा खर्च हुन्छ ।
- एउटा पत्रकारले कतिवटा मिडियामा काम गर्न पाउँछ ।
- न्यूनतम ४हजारदेखि ५ हजारसम्म तलव हुनुपर्छ ।
- पुरुषभन्दा महिलालाई कम दिइन्छ ।
- निष्काशन गर्नेलाई के कार्वाहीको व्यवस्था छ ?

**राज श्रेष्ठ, एभेन्यूज टेलिभिजन**

- सञ्चार गृहलाई सुरक्षित गर्नुपऱ्यो ।
- सजिलो ढंगले दर्ता गर्न दिनु भएन, वितरण र लगानीको सम्भावना हेरिनुपऱ्यो ।
- विज्ञापन समान रुपमा उपलव्ध गराउनुपऱ्यो ।

**गिरिजा अधिकारी, हेटौंडा**

- दर्ता प्रक्रियादेखि नै गलत परम्परा छ । मिडियालाई जगदेखि बलियो बनाउने प्रयास गर्नुपऱ्यो ।
- उद्योग सरह मान्यता दिने हो भने पूर्वाधार खोज्नुपर्छ ।
- विज्ञापनमा समान वितरण हुनुपर्छ । स्थानीय विज्ञापन स्थानीय मिडियालाई दिनुपर्छ ।
- वर्गीकरण फरक आधारमा गर्नुपर्छ ।
- मिडियामा काम गरेर बाच्ने आधार अझै बनेको छैन ।

**शान्ता अधिकारी, चितवन**

- सुझाव संकलन कसका पक्षमा गरिदैछ- मालिकका कि कामदारका ?
- पत्रकारिता रहर हो कि व्यवसाय ?
- फरक खालको वर्गीकरणसँग सहमत छु ।
- पत्रिका निस्कने वातावरण हुनुपऱ्यो ।
- दर्ता गर्दा नै चलाउने आधार खोज्नुपर्छ ।
- १८ घण्टा खटेर ४ हजारमा काम गर्न सकिदैन ।
- सरकारी तलव अनुरुप नै हुनुपर्छ । कम्तीमा ८ हजारबाट सुरु गर्नुपर्छ ।
- दैनिक र साप्ताहिकमा फरक तलवमान बनाउन पर्छ ।

**प्रणयकुमार, गढीमाई एफएम**

- नियुक्तिपत्र माग्दा जागिर नै खाइदिन्छ ।
- दुई वर्ष काम लगाएर पनि तलव दिइदैन ।
- समयमा तवल दिने व्यवस्था पनि हुनुपऱ्यो ।

**श्यामसुन्दर शर्मा, थाहा संसार एफएम**

- आम्दानीको स्रोत भरपर्दो छैन ।
- समानुपातिक आधारमा विज्ञापन दिइनुपर्छ ।
- विज्ञापन प्राधिकरण बनाएर अनुगमनको व्यवस्था गरिनुपर्छ ।
- कार्यक्रम मार्फत दूर सञ्चारको आम्दानी बढाइदिएका छौं, उसले पनि विज्ञापन दिएर सहयोग गर्नुपर्छ ।
- आयस्रोतका आधारमा थप तलव दिने प्रावधान राख्नुपर्छ ।
- सामाजिक विषयका कार्यक्रममा सरकारी अनुदान दिइनुपर्छ ।
- नवीकरणको प्रथा खारेज गर्नुपर्छ ।

**शेखर छत्कुली**

- अचानोको मार खुकुरीलाई के थाहा ? समितिमा सम्पादक, प्रकाशक र सम्वाददाता राख्नुपर्‍यो ।
- पत्रकारको योग्यता तोक्नुपर्छ ।
- वर्गीकरणमा काखी च्याप्ने प्रवृत्ति छ । समितिका प्रतिनिधि रहने व्यवस्था गर्नुपर्‍यो ।
- इन्टरनेट सुविधा दिनुपर्छ ।

**रामकुमार एलन, हेटौडा**

- छापिएका आधारमा निश्चित दरमा दिने व्यवस्था गर्नुपर्छ ।
- दुई मिडियामा काम गरे के आधारमा राख्ने ?

**अनिल तिवारी, रेडियो वीरगञ्ज**

- सम्पादक र प्रकाशक एकै जना हुने श्रमजीवी पत्रकार हो कि होइन ?
- सबैतिर असफल भएपछि पत्रकार हुन आउने चलन छ, योग्यता तोक्नुपर्‍यो ।
- पत्रकारिता नाफाको व्यवसाय मात्र होइन, काम लगाएपछि तलव दिनुपर्छ ।
- समावेशी विज्ञापन नीति हुनुपर्छ ।

**काशीनाथ यादव, प्रेस युनियन, पर्सा**

- विज्ञापनको स्रोत राजधानी केन्द्रित छ ।
- एउटा व्यक्तिले धेरै मिडिया चलाएका छन् ।
- एउटै पत्रकार चार-पाँच वटामा काम गर्छ ।
- जीवन र पेशागत  दुबै सुरक्षा छैन ।
- प्रेस, कम्प्युटर जस्ता आधारभूत संरचना तयार गर्न सुधिा दिनुपर्छ ।
- वितरण र सुविधाका आधारमा तलव तोक्नुपर्छ ।
- एउटा मिडियाले कतिजनासम्मलाई काम दिन पाउने हो ?

**कृष्ण गिरी, अध्यक्ष, नेपमहासंघ, चितवन**

- मिडिया पनि व्यवसाय हो, नाफा घाटा हुन्छ। काम लगाएपछि जे भए पनि तलब दिनुपर्छ।
- पियनको भन्दा एकसय रुपैयाँ भए पनि बढी न्यूनतम तलब तोकियोस्।
- योग्यता एसएलसी हो भने त्यसै अनुरुप तोक्नुपर्छ। वर्गीकरणको प्रस्ताव ठीक छ।
- विमा अनिवार्य गर्नुपर्छ।
- घण्टा मात्र काम लगाउने प्रावधान व्यावहारिक छैन।
- आंशिक र समाचारमा आधारित पारिश्रमिक पनि तोक्नुपर्छ।

**पवन तिवारी, प्रतीक दैनिक**

- पहिला तलब दिने अवस्था हेर्नुपर्‍यो।
- विज्ञापनको अस्वस्थ प्रतिस्पर्धा रोक्नुपर्छ।
- घाटामा नभएका मिडियाले न्यूनतम ६ हजार दिनुपर्छ।
- गैरपत्रकारलाई पत्रकार बनाउने प्रवृत्ति रोक्नुपर्छ।

**भानुभक्त आचार्य, हेटौंडा**

- दैनिक एक डलर भन्दा कम कमाउने गरिब हुन् भन्ने विश्व बैंकको भनाइ छ, पत्रकारलाई गरिबको कोटीमा राख्न भएन।

**विभा लुईटेल, एभेन्यूज टीभी**

- न्यूनतम तलब ५ हजार हुनुपर्छ।
- समयमा तलब दिनुपर्छ।
- महिला र पुरुषको समान तलब हुनुपर्छ।

**भोजराज भट्टराई, बारा**

- मिडिया बढेपछि श्रमजीवी पत्रकार संकटमा छन्।
- प्रेस काउन्सिलमा पुगेपछि वर्गीकरणमा पर्ने नीति खारेज हुनुपर्‍यो।
- आफै मालिक र आफैं श्रमजीवी भएका मिडियामा कसरी लागू गर्ने ?
- ट्रक किनेर ट्रिप सरकारले व्यवस्था गरोस् भन्न मिल्छ ?
- दैनिक, सानप्ताहिक, पाक्षिकको अलग वर्गीकरण हुनुपर्छ।

**सुरेशचन्द्र अधिकारी, चितवन**

- साहु पोस्ने नाममा श्रमिकको शोषण नहोस्।
- घाटा नाफाको हिस्सेदार मालिक आफैं बन्ने हो, घाटामा गएकाले तलब छैन भन्न पाइदैन।
- मिडियाको गुणस्तर बढाउनेबारे पनि सोचियोस्।

- योग्यता र दक्षता पनि निर्धारण हुनुपर्छ ।
- मिडियालाई आवश्यकता अनुसार पद निर्धारण गर्न दिनुपर्छ ।

**अशोक तिवारी, सत्य सन्देश**

- सम्वाददातालाई परिचय पत्र दिएको छ, तलव त कसरी दिने र ?

**ध्रुव अधिकारी, इन्द्रेणी एफएम**

- पत्रकार भनेको को हो ? परिभाषित हुनुपर्‍यो ।
- पहिलो राजा दोस्रो रानी, तेस्रो युवराज चौथो हामी, भन्नेहरु पत्रकार छन् ।
- संस्था बचाउने कि तलव दिने ?

**रामनिवास देहाती**

- सामाजिक कार्यक्रममा सरकारी अनुदान चाहियो ।
- जीवन विमा हुनुपर्‍यो ।

**गुरुप्रसाद गौतम, अध्यक्ष नेपाल पत्रकार महासंघ, बारा**

- स्रोत-साधनको पर्याप्त उपयोग हुन सकेको छैन ।
- बारामा ९८ गाविस र ४०० स्कूल छन्, एउटै सूचना अखवारमा आउँदैन ।

**रामकुमार, सर्लाही**

- अखवार निकाल्ने बेला पेज तयार गरेर तस्कर खोज्ने चलन छ ।
- मिडियालाई सुविधा दिनुपर्‍यो ।
- सम्वाददाताको न्यूनतम ६ हजार हुनुपर्छ ।

**गोविन्द देवकोटा, स्टेशन म्यानेजर, नारायणी एफएम**

- पत्रकारिता ग्ल्यामरको क्षेत्र बनेको छ ।
- बजार सानो छ, विज्ञापन कम छ तर मिडिया धेरै छन् ।
- रेडियोले रोयल्टी तिर्नुपर्छ, तर विजुली र टेलिफोनमा सुविधा छैन ।
- अस्वस्थ प्रतिस्पर्धाले गर्दा सबै ढल्ने अवस्थामा छन् ।
- विज्ञापनमा न्यूनतम मापदण्ड कायम हुनपर्‍यो । नवीकरण मिनाहा होइन, शून्यमा झार्नुपर्‍यो ।

**शत्रुघन नेपाल, अध्यक्ष नेपाल पत्रकार महासंघ, पर्सा**

- इजाजत लिन घूस दिन तयार हुने, अहिले नवीरकरण मिनाहा माग्ने ?
- बन्ध्याकरण नगरेपछि सन्तान धेरै हुनु स्वभाविक हो, सन्तान धेरै भएपछि समस्या बढ्नु स्वभाविक हो ।

**राममणि दाहाल, अध्यक्ष, नेपाल पत्रकार महासंघ, मकवानपुर**

- मिडिया चलाएपछि तलव दिनैपर्छ ।
- न्यूनतम चार हजार दिनुपर्छ ।
- सबै राज्यले दिने हो भने उसले रेडियो नेपाल र नेपाल टेलिभिजन चलाइ रहनै परेन ।
- कर पनि नतिर्ने सुविधा पनि माग्ने गलत कुरा हो ।
- पत्रकारले पनि तलव नदिनेकहाँ किन काम गर्ने ?

**माधव न्यौपाने हेटौडा**

- मिडियालाई पहिला पारदर्शी बनाउनुपर्छ । नाफा कमाउनेले बोनस पनि पनि बाँड्नुपर्छ ।

**सुनिल खड्का**

- मिडियाको प्रकृति अनुसार पद र तलवको आधार पनि फरक गर्नुपर्छ ।

**प्रताप विष्ट, केन्द्रीय सदस्य, नेपमहासंघ**

- मिडिया कसका लागि चलाएको भन्ने प्रष्ट हुनुपर्‍यो ।
- श्रम लिएपछि पारिश्रमिक दिनैपर्छ ।
- भौतिक पूर्वाधारको खोजी गर्नु जरुरी छ ।
- अस्वस्थ प्रतिस्पर्धाले गर्दा वीरगञ्जका अखवारमा विज्ञापन देखिएन, समाचारभित्रै विज्ञापन परेको छ ।
- खेत खान खोजेको होइन, बाली खोजेको हो । खेतमा कति फल्यो भन्ने थाहा पाउनुपर्छ ।
- मोफसलमा विज्ञापन दिने नीति बनाउनुपर्छ ।

**दीपेन्द्र चौहान, रेडियो वीरगञ्ज**

- हामीले ६ देखि ९ हजारसम्म तलव दिएका छौं । स्ट्रिन्जरको न्यूनतम तोक्नुपर्‍यो ।
- हक अधिकार मात्र होइन, कर्तव्य र दायित्वको पनि कुरा गर्नु पर्‍यो ।
- उद्योगले विजुलीमा छुट पाउँछ, मिडियाले किन नपाउने ?

**ईश्वरचन्द्र गौतम, पूर्व केन्द्रीय उपसभापति, नेपमहासंघ**

- विज्ञापन समानुपातिक आधारमा दिनुपर्छ ।
- अनुदान तेब्बर गर्नुपर्छ ।
- मजदूरलाई तलव दिनसक्नु हुन्न भने मिल बन्द गर्नुस् ।
- योग्यता र अनुभवको आधारमा पद वर्गीकरण र तलव निर्धारण हुनुपर्छ ।
- न्यूनतम ८ हजारभन्दा कम गर्न हुदैन ।

**स्थान : झापा**
**मिति : २०६४ जेठ १७**
**सहभागी क्षेत्र - मेची अञ्चल**
**समितिका तर्फबाट सहभागी : सुरेश आचार्य**

**मदन ढकाल/सम्पादक, पूर्वाञ्चल दैनिक**

- पियनको भन्दा कम तलव लिएर मुख्य सचिवको हैसियत सम्झेर काम गरेका छन् ।
- विज्ञापनमा अस्वस्थ प्रतिस्पर्धा बढेको छ ।
- स्थानीय सरकारी विज्ञापन स्थानीय मिडियालाई उपलव्ध गराउनुपर्छ ।
- आत्मसम्मानको पेशा हो
- सम्पादकलाई १० देखि १५ हजार रुपैया तलव दिनुपर्छ ।
- पद वर्गीकरण ५/६ वटा गरे पुग्छ ।
- समान आधारमा वर्गीकरण गर्न हुदैन । राजधानी, क्षेत्र, अञ्चल र जिल्लाको अलग हुनुपर्छ ।

**गोपाल काफ्ले, झापा**

- ७/८ वटा वर्गीकरण हुनुपर्छ । सम्पादक तहमा प्रधान सम्पादक, कार्यकारी सम्पादक, सम्पादक, सह सम्पादक र उप सम्पादक र समाचारदातामा प्रमुख समाचारदाता, समाचारदाता र स्ट्रिङ्गर ।
- विज्ञापनमा एकरुपता हुनुपर्छ ।
- वर्गीकरणको प्रस्ताव ठीक छ तर दैनिक र साप्ताहिकको पनि फरक वर्गीकरण हुनुपर्छ ।

**केशव आचार्य, सम्पादक**

- पद वर्गीकरण दैनिक, साप्ताहिक, पाक्षिकमा फरक फरक हुनुपर्छ । तलव पनि फरक हुनुपर्छ ।
- स्ट्रिङ्गरको न्यूनतम ५ हजार रुपैयाँ तलव हुनुपर्छ ।
- सञ्चार माध्यमको वर्गीकरण सुगम र दुर्गमका आधारमाा गरिनुपर्छ ।

**सटेन्द्र जवेगू, अध्यक्ष, नेपाल पत्रकार महासंघ, इलाम**

- ५ हजार न्यूनतम तलव हुनुपर्छ ।
- सदरमुकाम बाहिर निस्कनेको वर्गीकरण अलग गरिनुपर्छ ।
- छापाखाना खोल्न सहुलियत दिनुपर्छ ।
- काम गरिरहेका हकमा फेरि नियुक्ति प्रक्रिया शुरु हुन्छ कि कसरी शशुरु गरिन्छ ?
- ऐन कार्यान्वयन हुनेमा आशंका छ ।

**तीर्थ सिग्देल**

- वर्गीकरणको आधार संघीयताका आधारमा सोचिनुपर्छ ।
- पद वर्गीकरण दैनिक र साप्ताहिकमा फरक हुनुपर्छ । ५/७ वटा भए पुग्छ ।

- एउटा पत्रकारले कतिवटासम्ममा काम गर्न पाउँछ ?

**राजेन्द्र चौलागाई, दमक एफ एम**

- रेडियोमा कानुन कार्यान्वयनले थप जटिलता ल्याउँछ ।
- आर जेलाई कसरी पारिश्रमिक दिने ? नवीकरणको चिन्ता गरेर बस्नुपर्छ ।
- आर जे को योग्यता कति मान्ने ? व्यवहारिक देखिदैन ।

**वसन्त रिमाल**

- एउटै पत्रकार एकैपटक सम्पादक र रिपोर्टर हुनसक्छ कि सक्दैन ?

**राजेन्द्र गौतम**

- पदको वर्गीकरण तस्नवटा भए पुग्छ- सम्पादक, सहसम्पादक र सम्वाददाता
- बाँच्न पुग्ने गरी तलव दिनु पर्छ, दिन नसक्नेले बन्द गरेहुन्छ ।
- दर्ता दिंदै चल्ने नचल्ने आधार खोजिनु पर्छ ।
- स्ट्रिङ्गर राख्न दिनु हुदैन ।
- मिडिया मार्न तलव दिने होइन, व्यवस्थित गर्न कानुन लागू गर्ने हो ।

**खगेन्द्र अधिकारी, अध्यक्ष, नेपाल पत्रकार महासंघ, ताप्लेजुङ**

- पत्रकार बन्न योगयता तोक्नु पर्‍यो, त्यसै आधारमा न्यूनतम पारिश्रमिक तोक्नुपर्छ ।
- सञ्चार माध्यमको वर्गीकरण पत्रपत्रिकाको दैनिक र साप्ताहिक अलग गर्नुपर्छ । रेडियोको सामग्रीका आधारमा गर्नुपर्छ ।

**अशोककुमार पाठक**

- पत्रकारिताको जनशक्ति बढेको छ तर स्वयमसेवीहरु बढीछन् । पत्रकारले मिडिया जोगाइदिएका छन् तर न तलव पाउँछन्, न पाउनेको तलव बढेको छ ।
- पत्रकारिता व्यवसाय गरेर पहिचान बनाएका छन्, पावर प्रयोग गरेका छन्, तर पत्रकारले प्रतिफल पाएका छैनन् ।
- आम्दानी हुदा दिने नत्र नदिने हुन सक्दैन । काम लगाएपछि पे पनि गर्नुपर्छ ।

**लीला बराल**

- पियन बराबरको तलव दिने धभन्यो भने पनि समितिलाइ कलंक लाग्छ ।
- कानुन लागू भएर मिडिया बन्द भयो भने पनि कलंक लाग्छ । दर्ता गर्दै कानुन लागू गर्न बाध्य गरिनुपर्छ
- विज्ञापनमा राजधानी र मोफसलमा भएको भेदभाव हटाउनु पर्छ ।
- तलव नपाएको गुनासो गर्दै हिंड्दा पत्रकारको प्रतिष्ठा र मर्यादा घटेको छ ।
- कसले कति पाइराखेको छ, हामी आफैं पारदर्शी छैनौं ।

- पद वर्गीकरण ५, ७ वटा भए हुन्छ ।
- रेडियोका आर. जे. हरुको बारेमा अलगै सोच्नुपर्छ ।

**धर्मप्रसाद पौडेल, पाथिभरा, ताप्लेजुङ**

- इच्छुकलाई काम दिइने छ, पारिश्रमिक दिइने छैन भनेर शुरुमै भन्नुपर्‍यो ।

**सुलभ दयाराम दाहाल**

- पारिश्रमिक जीविकोपार्जन हुने गरी दिनुपर्‍यो ।
- पत्रकारको जीवन सुरक्षा हुनुपर्‍यो ।
- मिडिया वर्गीकरण संघीय आधारमा हुनुपर्‍यो । सुगम र दुर्गमको अलग वर्गीकरण हुनुपर्छ ।
- राज्यले दिने सुविधा वर्गीकरणका आधारमा दिइनु पर्छ ।
- विज्ञापन तलदेखि माथिसम्मका मिडियाले पाउने अवस्था हुनुपर्छ ।

**डम्बर थापा, अध्यक्ष, अर्जुनधारा प्रकाशन**

- निजी क्षेत्रको मान्यताका आधारमा आउनु पर्‍यो । मिडिया र पदको वर्गीकरण र तलव आफैं निर्धारण हुन्छ ।
- राज्यले दिने सुविधा प्रष्ट हुनुपर्‍यो ।
- शोषण भएको छैन, समझदारीमा चलेको छ ।
- मिडियाले उद्योग सरहको मान्यता पाउनु पर्‍यो ।

**गञ्जबहादुर दाहाल**

- कानुन लागू गर्ने भनेको व्यवस्थित गर्ने मात्रै हो । कोही आत्तिनु वा फुर्किनु पर्दैन ।
- लिने बढी दिने कमको मानसिकता देखियो ।
- विज्ञापन अधिकार हो भनेर स्थापित गरिनुपर्छ ।
- आवश्यकता अनुसार पद वर्गीकरण गर्न पाउनुपर्छ ।
- मिडिया वर्गीकरण राजधानी र मोफसल, पहाड र तराईको अलग अलग हुनुपर्छ ।

**कृष्णप्रसाद उप्रेती, अध्यक्ष, जनसंसद प्रकाशन**

- एफ एममा ५५  कर्मचारी छन् । पत्रकार र आर जेबीच विभेद छ । तर तलव पाएका छन् । खर्च ८-१० हजार हुन्छ, तलव ३-४ हजार पाउँछन् ।
- प्रकाशन र प्रसारणको फरक तलव तोकिनुपर्छ ।
- प्रावि तहका शिक्षकको भन्दा कम तलव हुनु हुदैन ।
- राज्यले पत्रकारलाई पनि सुविधा दिनुपर्छ ।

**माया पकवाल**

- कमाइले चिया खान पुग्दैन, तलव कसरी दिने ?
- समान विज्ञापन दिनुपर्‍यो ।

**प्रेम ओझा, पाचथर**

- सहकारी, व्यक्ति वा कम्पनी कसले चलाएको हो, त्यस आधारमा वर्गीकरण गरिनुपर्छ ।
- मिडियाले सामाजिक दायित्वका हिसावले काम गरेको छ । तलव कसरी खुवाउने ?
- दर्तालाई नियन्त्रण गर्नुपर्‍यो ।

**रोहित भट्टराई, इलाम**

- पदवर्गीकरणको आधार:
  - प्रधानसम्पादक- सहसचिव वा उपसचिव सरह
  - सम्पादक- अधिकृत सरह
  - कार्यकारी सम्पदक- सुब्बा सरह
  - सम्वाददाता- मुखिया सरह
- मिडिया वर्गीकरण वितरणका आधारमा हुनुपर्छ ।
- स्टेशन म्यानेजरलाई ५ हजारभन्दा कममा काम गर्न लगाउन हुदैन ।
- पत्रकारको तलव बटाएर स्टेशन नवीकरण गर्नु पर्ने अवस्था आए नवीकरण नगर्नोस् ।

**धर्मेन्द्र मामा**

- मिडिया वर्गीकरण एउटै आधारमा गरिनुपर्छ
- पद वर्गीकरण गर्दा योग्यता र अनुभवलाई आधार मानियोस् ।
- सरकारी भन्दा फरक ढंगमा तलव निर्धारण गरिनुपर्छ ।
- स्वयम्सेवकबाट मात्र मात्र चलाउने प्रथा रोक्नुपर्छ ।

**तारामणि सापकोटा**

- संविधानमा नै सञ्चारकर्मीको हक अधिकारको ग्योरेण्टी हुनुपर्छ ।
- मिडिया वर्गीकरणका आधारमा तलवमान कम वेसी गर्नुपर्छ ।
- आम्दानीको ५० प्रतिशत तलवमा खर्च गर्नु पर्छ ।
- पत्रकारको योग्यता तोकिनुपर्छ ।
- तवल दिन नसक्नेले मिडिया बन्द गर्नुपर्छ ।
- सहकारी, निजी र सार्वजनिक गरी तीन खालको मिडिया वर्गीकरण गरिनुपर्छ ।

**लेखनाथ शिकारु, नेपमहासंघ, पाचथर**

- स्थानीय मिडियालाई स्थानीय विज्ञापन अधिकारका रुपमा स्थापित गरेकमात्र कानुन लागु गर्न सकिन्छ ।

**कुमार ओझा, पाचथर**

- सरकारी र निजी मिडिया भन्ने भेद अन्त्य हुनुपर्छ र समान तलव निर्धारण गरिनुपर्छ ।

**कृष्ण हुमागाई, झापा**

- ऐन लागू भइदिए अनावश्यक मान्छे पत्रकार भएर बरालिने थिएनन् ।
- तवल दिन नसक्ने मिडिया आफैं पलायन भएर जान्छन् ।
- केन्द्रीय मियि नीति संघीय आधारमा प्रेस स्वतन्त्रता खोस्न नपाउने खालको हुनुपर्छ ।

**इन्दु पूर्वेली**

- शेयर हाल्न लगाएर काम नगर्ने, जिम्मेवार पदमा बसेर आफू तलव खाने तर काम गर्नेलाई नदिने चलन रोक्नु पर्छ ।
- एउटा समाचार संकलन गर्न ६०- ७० रुपैयाँ लाग्छ, तर २० देखि ५० रुपैयाँ दिइन्छ । यो भएन ।

**मोहनकाजी, अध्यक्ष, नेपाल पत्रकार महासंघ, झापा**

- सही निकास बारे एकमत देखिदैन ।
- स्रोत साधन नभए ऐनले पूर्णता पाउँदैन ।
- मिडियामा लगानी र मिडियामा काम गर्ने दुबै नभए चल्दैन ।
- मिडिया क्षेत्रमा आकर्षण छ । मध्यम मार्गबाट समाधान खोजौं ।
- पूर्वाधार बनाउने समय दिएर केही समयपछि मात्रै कानुन लागू होस् ।

**स्थान : घोराही, दाङ**
**मिति : २०६४ जेठ १८**
**सहभागी क्षेत्र : राप्ती अंचल**
**समितिका तर्फबाट सहभागी : विष्णु रिजाल/निमबहादुर बुढाथोकी**

**किशोरचन्द्र गौतम, गोरक्ष दैनिक, प्रकाशक**

- मैले चाहेर पनि न्यूनतम सुविधा दिन सकेको छैन । व्यवसायिक ढंग नपुगेको पनि हुनसक्छ ।
- दाङमा उद्योग, सरकारी विज्ञापन छैन ।
- आधारभूत रुपमा बाँच्न पुग्ने दिनुपर्छ ।
- राज्यको सहयोग हुनुपर्छ ।
- नाफा कमाउन पत्रकारिता शुरु गरेकै होइन, एक किसिमको नशा लागेर हो, साहु/मालिक भएर होइन ।
- कहाँबाट निस्कन्छ, बाँडौं खाऔं ।

**राजीव के.सी., रेडियो सल्यान, स्टेशन म्यानेजर**

- विज्ञापनमा एकरुपता होस्, सबैलाई ।

**इमानसिंह भारती, रेडियो प्यूठान, स्टेशन म्यानेजर**

- पत्रिकामा कम मान्छे भए पनि हुने तर एफएममा नहुने, हामी ४२ जना छौं ।
- छापा र विद्युतीयका समस्या फरक छन् । विद्युतीयलाई विज्ञापन दिइदैन ।
- पहिला बोल्न पाए हुन्थ्यो भन्छन् तर पछि नमस्कार खान थालेपछि पैसा खोज्छन् ।
- आम्दानीका स्रोत खोजौं ।

**शालिकराम शर्मा, सल्यानी सन्देश पाक्षिक, प्रकाश, सम्पादक**

- नाफा होइन, घाटा छ ।
- सरकारले थप राहत दिनुपर्छ ।

**रमेश गौतम, राप्ती एफएम स्टेशन म्यानेजर**

- समस्या र बाध्यता हामीसँग पनि छन् ।
- दैनिक, साप्ताहिक, पाक्षिक, दुर्गम, सुगम आदि हेर्नुपर्छ ।
- औद्योगिक क्षेत्र भएको- नभएको
- एफएमलाई लोककल्याणकारी विज्ञापन दिनुपर्छ ।
- प्रेस काउन्सिलले एफएमको वर्गीकरण गर्नुपर्दछ ।
- रेडियो व्यवसायिक र व्यापारिक छुट्टाछुट्टै छन् ।
- थोरै दिने तर पैसा दिने गर्नुपर्छ ।
- हामीले राज्यले गर्ने काम गरेका छौं तर राज्यले हामीलाई केही छैन ।
- टेलिफोन र विद्युतमा ५० प्रतिशत छुट दिनुपर्छ ।

**मौसम रोका, रेडियो गणतन्त्र, स्टेशन म्यानेजर**

- दुइटा कुरामा ध्यान पु¥याउनु पर्छ : संस्था कसरी टिकाउने र पत्रकारलाई कसरी बचाउने ?
- बेग्लै पृष्ठभूमिबाट आएको हो । युद्धका बेला पार्टीले चलाएको हो । अहिले समुदायमा हस्तान्तरण गरिएको छ ।
- २२ जना स्टाफ छन्, पारिश्रमिक भनेर दिइएको छैन । खाने, बस्ने व्यवस्था गरिएको छ ।
- सञ्चारमाध्यम टिक्ने मुख्य आधार आर्थिक स्रोत हो । सरकारले सुविधा दिएको छैन ।
- सञ्चारमाध्यमलाई कसरी टिकाउने भन्नेमा ध्यान दिनुपर्छ ।
- रेडियोलाई वाटका आधारमा मात्र वर्गीकरण गर्न सकिदैन ।
- सामुदायिकको आर्थिक स्रोत कम हुन्छ ।
- विज्ञापनको मापदण्ड बनाउनुपर्छ ।
- काम गर्नका लागि बाँच्नैपर्छ । त्यसका लागि चाहिने पारिश्रमिक लिनुपर्छ ।

**शान्ता पौडेल, रेडियो इन्द्रेणी**

- विज्ञापनमा समानुपातिक नभएसम्म व्यवस्थापन पक्ष सबल हुँदैन । त्यसका लागि विज्ञापन दिनुपर्छ ।
- पहिला समानुपातिक विज्ञापन लागू गराउनुहोस् त्यसको भोलिपल्ट श्रमजीवी ऐन लागू गरौं ।

**सुदीप गौतम, रेडियो स्वर्गद्वारी**

- समाचार छुट्छ तर पत्रकार थप्न सकिदैन  भन्छ व्यवस्थापनले ।
- मालिक र मजदुर दुवै पत्रकार हुने भएका कारण समस्या छ ।
- कहिले मजदुरका रुपमा मालिकले कुरा गर्छ ।
- लगानीकर्ताहरु सम्पादक हुन पाउने कि नपाउने ? नपाएमा अधिकारका लागि सजिलो हुन्छ ।
- कार्यान्वयनमा ध्यान दिनुपर्छ ।
- पारिश्रमिक बृद्धिको कुरा उठाउनासाथ निकालेमा के गर्ने ?
- सात हजारमा सही गराएर ५ हजार दिने स्थिति आउन सक्छ ।

**नोवेल जीएम, सचिव रेडियो मध्यपश्चिम**

- कति जनसंख्यालाई एउटा एफएम चाहिन्छ ? सरकारले जथाभावी लाइसेन्स दिएको छ ।
- दक्षता ? दक्ष हुनुपर्छ कि पर्दैन ? दक्ष र सिकारुमा फरक हुन्छ । पत्रकार हो कि होइन भनेर छुट्याउने निकाय छैन ।
- दुइ महिना र १० वर्ष पुराना पत्रकारको स्तर एउटै हुँदैन ?
- सिक्न आएकोले तलब दावी गर्न मिल्दैन ।
- श्रमजीवीलाई १५ देखि २० प्रतिशत मुनाफा दिन सकिन्छ ।

**नारायण तर्ताल, प्रधान सम्पादक, गणतन्त्र दैनिक**

- पहुँचका आधारमा राज्यले विज्ञापन दिन्छ ।
- मिडियालाई स्तरीय बनाउनु पर्छ ।
- श्रमको मूल्य पाउनु पर्छ ।
- राज्यको अवधारणा पहिला आएर गोष्ठी गष्रेको भए राम्रो हुन्थ्यो ।
- राम्रो उत्पादन गर्न सकेमा फाइदामा जान सकिन्छ ।

**प्रदीप पाण्डे संवाददाता, नयाँ पत्रिका**

- वर्गीकरणमा नपरुन्जेल के गर्ने, नखाने ?
- नियुक्ति छैन श्रमजीवीको अधिकांश ।
- विज्ञापन छैन ।

**नरेन्द्र के.सी.**

- निःशर्त पारिश्रमिक पाउनुपर्छ ।
- लगानीलाई आधार बनाऔं ।
- टावर बनाउन पैसा छुट्याउने अनि पत्रकारको पैसा नछुट्याउने ?
- निजामति कर्मचारी र पत्रकारको तुलना हुँदैन ।
- निजामतीको भन्दा माथि तलब हुनुपर्छ ।
- सामुदगायिक र व्यापारिकको फरक गर्नुपर्छ ।
- आफ्ना कार्यकर्तालाई मात्र राखेमा बेग्लै हो ।
- जिल्लाका रिपोर्टरहरुलाई तलब तोक्नु पर्छ ।
- सिमा र अवधि तोक्नुपर्छ ।
- अर्को सञ्चार प्रतिष्ठानमा जाँदा सेवा गणना हुनुपर्छ ।
- नियुक्तिपत्र दिनुपर्छ ।
- नियमित विदा दिनुपर्छ, साप्ताहिक, बार्षिक ।

**सरिता सुवेदी**

- पत्रकारिताको आधार के हो ? पत्रकार कसरी बन्न सकिन्छ ?
- पीडितलाई क्षतिपूर्ति हुन्छ कि हुँदैन ?
- मिडिया हाउसले महिलालाई विभेद गरेको छ । ३३ प्रतिशत को कुरा छ ।

**शारदा शर्मा, पत्रकार महिला मञ्च**

- महिला पत्रकारको अवस्था झन् गाह्रो छ ।

**देवीराम पुछारी**

- व्यवस्थापक र पत्रकारको दुरी बढाउनु हुँदैन ।
- अधिकार पाउनुपर्छ, नियुक्ति पत्र, परिचयपत्र हुनुपर्छ ।
- एकै ठाउँ राख्दा कुरा खुलस्त हुन सक्दैन ।
- प्रिन्ट मिडिया भन्दा एफएममा समस्या छ ।
- एनटेना, मिक्सचर, टाउरको बजेट हुन्छ तर पत्रकारको किन छुट्याउन नसक्ने ?

**पुरन शर्मा, रेडियो गणतन्त्र**

- अहिलेसम्म तलब बुझेको छैन, भविष्यमा पनि बुझ्ने छैन ।
- राज्यका स्रोत साधनमा पहुँच हुनुपर्छ ।
- एफएमलाई विज्ञापन छैन ।

- नवीकरण दस्तुर मिनाह हुनुपर्छ ।
- संस्थालाई दिने समय अनुसार तलब दिनुपर्छ ।
- उमेर र अनुभव होइन, क्षमता अनुसार दिनुपर्छ ।
- प्रमाणपत्रका आधारमा तलब दिनुहुन्न वाटका आधारमा वर्गीकरण गर्नुहुँदैन । बरु राज्यले सर्वे गरोस् ।
- व्यवसायिकलाई विज्ञापन दिनुहुँदैन, लोककल्याणकारी विज्ञापन समानुपातिक विज्ञापन दिनुपर्छ, राजधानीलाई मात्र होइन ।
- नियुक्तिपत्र दिनुपर्छ ।

**देवीका जीएम**

- श्रमजीवीको पीडा सुन्ने कार्यक्रम हो कि व्यवस्थापकको हो ?
- मालिक, मजदुर, कर्मचारी, भाषामा परिवर्तन गर्नुपर्छ ।
- एक दुइ वगर्षदेखि काम गरे पनि पैसा पाइएन ।
- रेडियो देउखुरीमा एक वर्षदेखि काम गर्दा पनि काम पाइएन, बार्षिकोत्सवमा २५ रुपैयाको प्रमाणपत्र पनि दिइएन ।
- एक छाक खाने अन्नको गेडा पनि हुनुहुन्न ।
- कुरा गर्दा उहाँहरु तपाई भर्खर आउनु भएको छ बैनी, हाम्रो कति पीडा छ भन्नुहुन्छ ।
- मिडिया हाउसमा महिला पत्रकारका लागि सुत्ने व्यवस्था छैन, पुरुषले पो जहाँ सुते पनि हुन्छ ।
- पैसा दिन्छौं भन्ने तर माग्न जाँदा अहो बनी आज त पैसा छैन भनिन्छ ।

**भुवन देवकोटा**

- श्रमजीवी पत्रकार बलेनीको ढुंगो हो ।
- पत्रकार हटाउदा अरु कोही बोल्दैन किन ?
- सञ्चारमाध्यम खोल्न दिनुहुँदैन भन्ने कुरा गलत हो, खेदजनक छ ।
- पैसाको ग्यारेन्टी हुनुपर्छ, नियुक्तिपत्र हुनुपर्छ ।
- तलबभन्दा पहिला पेशा र नियुक्तिपत्र हुनुपर्छ ।
- स्थापित, सिकारु, प्रकाशक सबै एकै ठाउँमा छन् यस्तो राम्रो हुँदैन ।
- मरुभूमिमा पानी परेको छ ।
- रहरले मिडिया खोलने, अनि पैसा छैन भन्ने ?

**राधेश्याम गुप्ता**

- देउखुरी एफएमको टावरले तिनाउ एफएम सुनिन छोड्यो ।
- सबै एफएम सुन्न पाउनु पर्छ । मेरो विज्ञापन खत्तम भयो ।

**गणेश ओली**

- तलबको व्यवस्था गर्नुपर्छ ।
- कम्तिमा सुब्बा तहको तलब होस्, बढीमा सचिवसम्म, टिएडिए, यातायात आदि व्यवस्था गरियोस् ।
- मिसन र व्यवसायिक गरी विभाजन गर्नुपर्छ ।
- कस्तालाई लगानी गर्न दिने ? व्यवस्था गर्नुपर्छ ।
- नाफाका लागि सञ्चारमाध्यम नै अपनाउनु पर्छ ।

**के.एल. पीडित**

- पत्रकारका पीडा बुझ्ने कि मालिकका ?
- प्रकाशकहरु जग्गा किन्न, घर बनाउन र गाडी किन्न सक्नु हुन्छ तर पत्रकारलाई किन तलब दिन सक्नुहुन्न ?
- नेपालका सन्दर्भमा कति तलब आवश्यक हुन्छ ?
- फलानालाई यति र फलानालाई उति भन्नुहुँदैन ।

**सन्तोष सुवेदी**

- ऐन कार्यान्वयन हुनुपर्छ अनि सबै समाधान हुन्छ ।
- बढीभन्दा बढी सञ्चारमाध्यम हुनुपर्छ ।
- विज्ञापन छैन भन्ने अनि पत्रिका खोल्ने ?
- राजधानी र मोफसलमा फरक हुनुपर्छ ।
- लगानी बढी छ भने तलब पनि बढी हुनुपर्छ ।
- श्रमजीवीका समस्याबारे मालिकले बोलेको खोइ ?
- बढीमा सही गराएर कम पैसा दिने खतरा छ ।
- निकालेमा कसले के ग्यारेन्टी दिने ?
- कार्यान्वयन हुनुपर्छ भाषण मात्रै किन ?

**शरद अधिकारी**

- मालिकसँग किन अन्तरक्रिया ?
- प्रमाणपत्र भए मात्रै हुन्छ ? नालायक भएमा निकाल्नुहोस् ।
- समाजले अनुमोदन गरेको छ, किन चाहियो शैक्षिक प्रमाणपत्र ?
- मिडिया धेरै भए भन्न सामन्ती मानसिकता हो ।
- जन्मेको बच्चालाई आमाको पेटमा फर्काउन सक्नु हुन्छ ?
- राज्यले शिक्षा, स्वास्थ्यसँगै सञ्चारमा पनि लगानी गर्नुपर्छ ।

**लीला शाह**

- भाँडा माभ्ने महिला, नोकर्नीले पाउने जति पनि तलब छैन ।
- ६ महिनापछि निःशर्त तलब दिनुपर्छ ।
- नियुक्ति परिचयपत्र दिनुपर्छ ।

**लोकराज अर्याल**

- पत्रकारको भावना बुभ्रोस् ।
- गमला पत्रकार र गोरु पत्रकारबीच विभेद हुनुपर्छ ।

**बसन्धुरा गौतम**

- स्थापित पत्रकार घर, परिवार पाल्न सक्नेलाई भनिन्छ । हामी अनुभवी मात्रै छौं । सुत्केरी भएको ४५ दिनभित्रै काम गरेकी छु । तर छोरीलाई फ्रक किन्ने पैसा छैन ।
- ७ वर्षमा नियुक्ति पाएको छैन ।
- परिचयपत्रमा म्याद पनि लेखिन्न ।

**हेमराज शर्मा**

- परिवार पाल्न पुग्नुपर्छ । ४ जनालाई त पाल्नुपर्‍यो नि ?
- साभ्रा सोचाइ होस् ।

**उदय जीएम**

- पत्रकारले ढुंगा खाँदैनन् ।
- बाँच्नका लागि आवश्यक पैसा होस्, आत्महत्या नगरुन ।
- मिडिया हाउस र पत्रकारको समस्या समायोजन गर्नुपर्छ ।
- काठमाडौंका सम्पादक र प्रमुख संवाददाताको जति तलब हाम्रो हुनुपर्छ भन्दैनौं तर खान पुग्नुपर्छ ।
- हाम्रा पनि कमजोरी छन्, नियुक्तिपत्र लिन सक्दैनौं ।

**अमर क्षितिज भण्डारी**

- श्रमिकको व्यवस्था गरेर मात्र संस्था चलाउनुपर्छ ।
- पेशाको ग्यारेन्टी हुनुपर्छ आ^०नै समाचार बनाउन सक्छन् । कि सक्दैनन् ?
- महासंघले पत्रकारका समस्याबारे छलफल गराएको छैन ।

**गजेन्द्र बोहरा**

- श्रमजीवी सम्पादक र मालिक सम्पादक मालिकले होइन श्रमिकले तलब निर्धारण गर्नुपर्छ ।
- पारिश्रमिक निर्धारण हुनुपर्छ ।

**हस्तबहादुर के.सी.**

- महासंघले गर्छ कि गर्दैन ? यो कुरा उठेन गर्नुपर्छ ।
- सञ्चारमाध्यम रोक्नुपर्छ भन्नु सामन्तवाद हो ।
- लेखकको कदर छैन, स्तम्भकारलाई सम्मान गर्नुपर्छ ।
- लगानीकर्ताहरु सम्पादक बन्नु हुँदैन ।

**टीकाराम उदासी**

- एउटा मात्र गर्न पाउनुपर्छ कि चारवटामा ?
- एउटै तलब हुनुपर्छ ।

**तुल्सीराम सुवेदी**

- केही गर्ने भावनाका साथ आएका छौं
- पत्रकारिताको पढाइ जिल्ला जिल्लामा हुनुपर्छ ।

**परशुराम शर्मा, प्रेस युनियन**

- प्रेंस युनियन, चौतारी जस्ता संस्थामा छलफल गराउनुपर्थ्यो, सजिलो हुन्थ्यो ।

**सुदर्शन रिजाल, प्रेस चौतारी, दाङ**

- नियमावली छैन, बनाउनुपर्छ ।
- पत्रकारको श्रमशोषण हुनुहुँदैन ।
- नियुक्ति हुनुपर्छ ।
- पारिश्रमिक अनुसारको नियुक्ति पनि दिन सकेका छैनन् ।
- कान्तिपुरदेखि रोल्पा आवाजसम्म तलब आउनुपर्थ्यो ।

**हिरामणि दुःखी, क्रान्तिकारी पत्रकार संघ**

- दुवै पक्षका कुरा उठे, राम्रो हो ।
- दशैंका बेला मात्र निस्किने पत्रिका छन् ।
- पत्रिकाहरु पत्रकार उत्पादन गर्ने इन्स्टिच्यूट बनेका छन् ।
- कर्मचारीसँग तुलना गर्नुहुँदैन ।
- राज्यको धारणा स्पट छैन ।
- जीवनयापनको ग्यारेन्टी हुनुपर्छ ।

**टीकाराम रेग्मी, दाङ**

- श्रमको सम्मान गर्ने सरकार नबन्दासम्म श्रमको सम्मान हुँदैन ।

- नियुक्तिपत्र मात्र ठूलो कुरा होइन ऐन कार्यान्वयन हो ।

**उत्तम हमाल, अध्यक्ष, नेपाल पत्रकार महासंघ, सल्यान**

- पेशागत र व्यक्तिगत सुरक्षामा जोड दिनुपर्छ ।

**खेम बुढा, अध्यक्ष, नेपाल पत्रकार महासंघ, रोल्पा**

- रोल्पाका पत्रकार धेरै पछाडि छन् ।
- न्यूनतम पारिश्रमिक कति हुन्छ भनिएन ।
- साझा सम्झौता हुनुपर्छ ।
- आठ घण्टाभन्दा बढी काम लगाए ओ टी दिनुपर्छ ।
- सरकारी स्केलमा ३, ५ वा १० प्रतिशत बढाउनुपर्छ ।

**सुशील पोखेल, अध्यक्ष, नेपाल पत्रकार महासंघ, प्यूठान**

- व्यवहारिक हुनुपर्छ, कार्यान्वयन हुनुपर्छ ।
- प्यूठानमा समस्या छ, पत्रकार समस्यामा छन् ।

**रामप्रसाद पौडेल, सल्लाहकार, नेपाल पत्रकार महासंघ, दाङ**

- नियुक्तिपाउनु पर्‍यो, प्राथमिकता दिनुपर्छ ।
- राससमा काम गरेको २२-२३ वर्ष भयो । तर प्रत्येक वर्ष अर्को मन्त्री आउँदा पाइन्छ कि पाइदैन भन्ने समस्या हुन्छ ।

**सुशील गौतम, पूर्व अध्यक्ष नेपाल पत्रकार महासंघ, दाङ**

- लोकप्रिय कुरा गर्न सकिन्छ । सिर्जनाको मोल गाह्रो छ ।
- अहिलेसम्म ऐन किन कार्यान्वयन हुन सकेन ?
- अव्यवहारिक ऐन बन्यो कि ?
- प्रकाशक र सम्पादकको दोहोरो भूमिका छ दुवै चिजलाई सम्बोधन गर्नुपर्छ । सञ्चारमाध्यम र पत्रकार ।

**सविन प्रियासन**

- जिल्ला न्यायाधीशको जति तलब हुनुपर्छ ।
- कार्यान्वयन नभए आन्दोलनमा उत्रिनेछौं ।

**प्रताप रेग्मी, अध्यक्ष, नेपाल पत्रकार महासंघ, दाङ**

- म युगबोधको मालिक होइन, श्रमजीवी हुँ । तर, यहाँका कुरा सुन्दा पत्रिकामा लगानी गर्नु मेरा बाउ बाजेको अपराध हो कि जस्तो लाग्छ ।
- नियुक्ति-पत्र र न्यूनतम तलब व्यवस्था गर्न सक्छौं दाङमा ।

**स्थान : नेपालगंज, बाँके**
**मिति : २०६४ जेठ १९**
**सहभागी क्षेत्र : भेरी र कर्णाली**
**समितिका तर्फबाट सहभागी : विष्णु रिजाल/निमबहादुर बुढाथोकी**

**मेघराज ओली, प्रकाशक, सम्पादक मध्यपश्चिम दैनिक**

- श्रमजीवी ऐन लागू हुनुपर्छ ।
- पत्रिकाको स्तर बृद्धिका लागि ऐन लागू हुनुपर्छ ।
- प्रेस काउन्सिलको वर्गीकरण असमान छ, प्रक्रिया अलग अलग हुनुपर्छ ।
- राजधानी र मोफसलमा एउटै तलब सम्भव छैन ।
- राज्यले सुविधा दिनुपर्छ ।
- मोफसलका पत्रिकालाई समाप्त नगरियोस् ।
- श्रमजीवी पत्रकारको अवस्था मुक्त कमैयाजस्तो नहोस् ।
- नेपालगञ्जका दैनिकले वर्षमा १ लाखको विज्ञापन छाप्छ भने काठमाडौंको दैनिकले १० करोड ।
- पारिश्रमिक दिन सक्छौं कि सक्दैनौं भनेर पहिला सोचौं ।
- वर्गीकरणका बेला काउन्सिलले कस्न सक्छ ।
- पूर्णकालीन र पार्ट टाइमरको कति ?

**तुला अधिकारी, बागेश्वरी एफएम स्टेशन म्यानेजर**

- ऐनमै संशोधन आवश्यक छ, व्यवस्थापकलाई पनि समेट्यो ।
- यति चाहिन्छ भनदा हचुवा हुन्छ कि ?
- तलबको स्केल कसरी आयो ?

**सुनिल गुप्ता, पश्चिम सरोकार दैनिक सम्पादक, प्रकाशक**

- मोफसलमा ऐन अव्यवहारिक छ,
- सरकारको नीति नै अलग हुनुपर्छ- मोफसलको ।
- नेपालगञ्जमा कार्यकारी सम्पादकको तलब ४ हजार छैन ।
- तहगत विभाजन नहुन्जेल पत्रकारितामा शुद्धता हुँदैन । गुणस्तर हुँदैन ।
- कम्प्यूटर नजान्ने पत्रकार छन्, आफ्नो समाचार शुद्ध लेख्नुपर्छ ।

**निरज गौतम, रासस**

- प्रकाशनगृह र श्रमजीवी दुवैलाई मर्न नदिने नियत देखियो ।
- ऐन खुकुलो रुपमा लागू गराउनु पर्छ ।
- नयाँ सञ्चारमाध्यमका लागि अलग्गै ऐन चाहिन्छ ।

- सरकारी कर्मचारीलाई जस्तो तलब सम्भव हुँदैन ।
- अब संघीय शासनको अवधारणामा पत्रिका चल्नुपर्छ, ऐन पनि त्यही अनुरुप हुनुपर्छ ।
- सिफारिस गर्दा संघीयतामा ध्यान दिनुपर्छ ।

**सम थापा, एभिन्यूज टिभी**

- यस्ता कार्यक्रम थुप्रै भएका छन् ।
- मुक्त कमैयाभन्दा पत्रकारको अवस्था खराब छ ।
- तलब निर्धारण होला तर कसरी खुवाउने ?
- पत्रकार प्रतिष्ठित भनिन्छ तर पैसा ?
- मिडियाको बजार जनशक्ति, कति चाहिन्छ ?
- आर्थिक स्रोत ? कति सञ्चारगृह चलाउन सकिन्छ ?
- सयवटा चलाउन सकिन्छ भने १ हजारवटा किन खोल्न दिने ?
- सञ्चारमाध्यम खोल्दा (क) संचारकर्मी, (२) आर्थिक स्रोत खुलाउनुपर्छ, खोज्नुपर्छ सरकारले लिनुपर्छ ।
- सुब्बा तहको कम्तिमा हुनुपर्छ, श्रीमती, छोराछोरी पाल्न पुग्छ कि पुग्दैन ?
- नेपाली उत्पादनको विज्ञापन मोफसललाई पनि दिनुपर्छ । नाफाको ५ प्रतिशत अनिवार्य विज्ञापन दिनुपर्ने कानुनी व्यवस्था गर्नुपर्छ ।
- निष्काशन गरेमा पत्रकार कहाँ जाने ?

**कल्पना पौडेल**

- केन्द्रमा ऐन राम्रो छ तर मोफसलकाले सक्छन् कि सक्दैनन् ?
- धेरै समय दियौं तर तलब मागेनौं भने प्रकाशक व्यवस्थापक खुशी हुन्छन् । तर तलब मागेमा रिसाउँछन् ।
- काम माग्न जाँदा दक्षता जाच्नुपर्छ । आफ्ना कर्मचारीलाई दक्ष बनाउन सम्बन्धित संस्थाको काम हो ।
- लागू गर्छु भन्दैमा लागू हुँदैन, व्यवहारिकता हेर्नुपर्छ ।

**कृष्ण अधिकारी**

- पत्रकारको दयनीय अवस्था हुनुमा कानुनले व्यवस्थापकलाई छुटदिएका कारण हो ।
- प्रेस चलाउनका लागि पत्रिका दर्ता गरिन्छ ।
- मोफसलका लागि लोककल्याणकारी विज्ञापन बन्द गर्नुपर्छ ।
- पत्रकारलाई नियुक्ति पत्र दिइदैन । त्यसो भएमा सूचना विभागको सुविधा बन्द गर्नुपर्छ ।
- एउटै घरमा तीनवटा दर्ता भएका छन् ।
- पान पसलभन्दा पत्रिका खोल्न सजिलो भयो ।
- दश वर्ष भयो 'क' वर्गको पत्रिकामा काम गरेको तर मेरो अवस्था दयनीय छ ।

- सुरुमा काम गर्दा एक वर्ष तलब पाएन भने त्यसलाई विचार गर्नुपर्छ ।
- लगानीकर्ताका लागि न्यूनतम मापदण्ड निकाल्नुपर्छ ।
- राजनीतिक पार्टीले चलाउने सञ्चारमाध्यमलाई अलग मापदण्ड हुनुपर्छ ।

**विष्णु शर्मा, अध्यक्ष, नेपाल पत्रकार महासंघ दैलेख**

- नेपालमा पत्रकारिता सुरु भएको १ सय ६ वर्षपछि दैलेखमा पत्रिका शुरु भयो ।
- ३ वटा साप्ताहिक छन्, तीपनि बन्द हुने अवस्थामा छन् ।
- वर्गीकरणमा समावेश गरिनुपर्छ, गरिएको छैन ।
- सोमबारको पत्रिका बिहीबारसम्म निस्किन्छ ।
- विज्ञापन दिइदैन, जिल्लामा, दिनैपर्दा ३०० पाइन्छ ।
- न गाडी नियमित छ न प्लेन चल्छ । टेलिभिजनमा समाचार कसरी पठाउने ?
- विकटका समाचार ढिलो आएमा पनि स्पेस दिनुपर्छ ।

**सूर्यमणि गौतम, काक्रेविहार दैनिक, संचालक**

- मिडियामा अनियन्त्रित भीड छ, नियन्त्रण हुनुपर्छ ।
- मोफसलमा आर्थिक संकट छ ।
- विज्ञापनमा राजधानीको वर्चश्व छ ।
- ६०-६५ प्रतिशत पत्रिका किन बन्द छन् ?
- आर्थिक रुपमा प्रेस सशक्त नभएसम्म ऐन लागू हुन सक्दैन ।
- सरकारी विज्ञापन नीति परिमार्जन गर्नुपर्छ ।
- मोफसललाई पनि समानुपातिक विज्ञापन दिनुपर्छ ।
- पत्रिका निस्किन्छ कि निस्किदैन भन्ने अनुगमन हुनुपर्छ ।
- निजी कम्पनीले पनि मोफसलका पत्रिकालाई विज्ञापन दिन बाध्य बनाउनु पर्छ ।

**गणेश कञ्चन भारती**

- प्रतिवेदन बुझाउँदा संघीय अवधारणालाई ध्यानमा राखोस् ।
- मोफसलको पनि मोफसललाई ध्यान दिनुपर्छ ।
- पत्रकारितालाई विज्ञापन नदिएकै कारण पूर्वाग्रही समाचार लेखिन्छ । त्यसको नियन्त्रण खोइ ?
- ऐनमा महिला पत्रकारका परिवारको परिभाषा ठीक छैन ।

**कलेन्द्र सिजुवाल, सुर्खेत**

- पारिश्रमिक बाहेकका बुँदा त कार्यान्वयन हुन्थ्यो नि त ।
- छैठौं तह भनिए पनि मलाई राससमा त्यो सुविधा दिइएको छैन, स्टेन्जर नै छु ।

- समितिको सिफारिस कार्यान्वयन हुन्छ वा हुँदैन ?
- ३३०० तलब दिन सक्छ कि सक्दैन ?

**जीवन शाही, कालिकोट**

- हप्ता दुइहप्तामा पत्रिका पुग्दछन्, सञ्चारकर्मी नै छैनन् ।
- कर्णालीमा कार्यक्रम किन राखिदैन ?
- कालिकोटमा काम गर्छौं अनि सुर्खेत आएर छाप्छौं । तर विज्ञापन पाउदैनौं ।
- ३ सयको विज्ञापनका लागि नयाँ वर्ष वा दशैं हुनुपर्छ ।
- प्रेसमा पनि हामीलाई ढिलाइ गरिन्छ ।
- अभिभारा साप्ताहिक एक वर्षदेखि जेनतेन प्रकाशित छ ।
- राज्यको आँखाको पट्टि खुल्ने कि नखुल्ने ?
- नयाँहरुलाई हेर्ने दृष्टिकोण परिवर्तन हुनुपर्छ ।

**ठाकुरसिंह थारु**

- म अपडेट हुनुपर्छ, पत्रिका पढ्नुपर्छ, खानुपर्छ परिवार पाल्नुपर्छ ।
- काउन्सिलमा माकुराको जालो छ ।
- समाचार छापिंदा सातसय, एक हजार पाउछु तर मेरो टाउको फुट्यो भने तीस हजारको उपचार कसले गर्छ ?
- लक्की चौधरीले समाचार लेखेर ४सय पायो । तर टाउकामा सात टाँका लागे ।

**पूर्णलाल चुके**

- मैले सकेसम्म पारिश्रमिक दिइरहेको छु । तर, पत्रिका कसरी टिकाउने भन्ने समस्या छ ।

**अक्षरी पोखरेल**

- स्थानीय विज्ञापन, स्थानीय सञ्चारमाध्यमलाई नै दिनुपर्छ ।
- राहदानी हराएको सूचना छपाउन पनि काठमाडौं जानुपर्छ ।
- क्षमता अभिवृद्धिमा राज्यले ध्यान दिनुपर्छ ।
- महिलाले पारिश्रमिकपाउन झन् गाह्रो भएको छ ।
- केन्द्र र मोफसलका पत्रिकाको आकार एउटै हुन सक्दैन ।

**अजय गुप्ता**

- महिनावारीमा राख्यो भने अफिसबाट फोन गरेर मात्र फर्किन्छन् ।
- औपचारिक कार्यक्रममा मात्र समाचार आउँछ ।

- दैनिकले कम्तीमासमाचारदातालाई २ हजार, सम्पादकलाई कम्तीमा ३ हजार र अरु कर्मचारीलाई १५सय दिनुपर्छ ।
- पारिश्रमिक निर्धारण वाहियात र खराब कुरा हो । मोफसलमा लागू हुँदैन ।
- कुनैकुनै दिन प्रधानन्यायाधीशको भन्दा बढी तलब खान्छौं नभए औसतमा यिनभन्दा कम छ ।
- जसले जति दिन्छ, त्यति नै ठीक हुन्छ ।

**बालकृष्ण ओली, बर्दिया**

- राजधानी र मोफसलबाट निस्किने पत्रिकाको स्तर निर्धारण गर्नुपर्छ ।
- राज्यले सुविधा दिनुपर्छ ।
- पत्रिका घरघरमै दर्ता भएर समस्या हुँदैन तर व्यवस्थापन मुख्य कुरा हो ।

**दीपा आले**

- पत्रकारको पारिश्रमिक पाउनुपर्छ ।

**रुद्र सुवेदी**

- वर्गीकरणमा विभेद छ । मोफसल र राजधानीमा एउटै आधार हुँदा पनि राजधानी र मोफसलमा विभेद हुन्छ ।

**सुरेन्द्र काफ्ले के.स., प्रेस चौतारी**

- राष्ट्रिय संचारमाध्यमबाटै म टिकेको छु ।
- राज्य निकम्मा भएका कारण सञ्चार बिग्रियो ।

**नरेन्द्रजंग पिटर**

- बजारमा दौडिन सक्ने मात्रै बाच्छ । नांगो तथ्य आएका छन् । बजार क्रूर छ ।

**रेशम विरही**

- दर्ता खारेज गर्न मिल्दैन तर दर्ता प्रक्रियालाई समायोजन गर्नुपर्छ ।
- पत्रिका दर्ता सञ्चालनमा नियमितता छैन ।
- निजामतिको प्राविधिक सरह तलब तोक्नुपर्छ ।
- केन्द्रीय, क्षेत्रीय र स्थानीय स्तर बनाउनु पर्छ ।
- क्रमश बढोत्तरी गर्नुपर्छ ।

**पन्नालाल गुप्ता**

- श्रमजीवीको उपेक्षा हुन्छ, जहाँतहीं ।
- सरकारले मोफसलका पत्रपत्रिका बन्द गर्न खोजेको छ । त्यसतर्फ समितिले ध्यान देओस् ।

- करार असीमित हुनुहुँदैन ।

**जनक नेपाल के.स., नेपाल पत्रकार महासंघ**

- त्रिभुवन चोकमा हरेक बिहान जम्मा भएका मजदुरले दैनिक १८० रुपैयामा काम गर्छन् तर पत्रकारले त्यति पनि पाउँदैनन् ।
- दैनिक ज्याला मजदुरभन्दा बढी पाउनुपर्छ पत्रकारले ।
- ऐन लागू हुन्छ भन्नेमा प्रकाशक, व्यवस्थापक ढुक्क हुनुहोस् ।
- ठूला अखबारले पनि घाटामा छु भनेर पैसा दिँदैनन् ।
- सञ्चारगृहका अहिलेका समस्या कसरी समाधान गर्नुपर्छ भन्ने सुझाव दिनुपर्छ ।

**प्रेम के.सी., के.स. नेपाल पत्रकार महासंघ**

- अब मालिक कुनै हालतमा भाग्न पाउने छैनन् ।
- न्यूनतम पारिश्रमिक तोकिनुपर्छ, ऐन लागू हुनुपर्छ ।
- गणतन्त्र आएकै दिनमा पत्रकार कुटिनु पऱ्यो ।

# अनुसूची ३

# काठमाडौँमा गरिएका अन्तर्क्रिया

**विभिन्न ट्रेड युनयिनका नेताहरुसँगको अन्तरकृया (सौजन्यः श्रम तथा यातायात व्यवस्था मन्त्रालय)**
**स्थान : श्रम तथा यातायात व्यवस्था मन्त्रालय, सिंहदरबार**
**मिति : २०६४ पुस १३**
**समितिका तर्फबाट सहभागी :सुरेश आचार्य, विष्णुप्रसाद लम्साल, गोपाल बुढाथोकी**

**गणेश रेग्मी**

- श्रमजीवीले बाँच्न पुग्ने ५/७/१० हजार, कति हो, निर्धारण गर्नुपर्छ ।
- लगानी, राजश्व र नाफाका आधारमा पारिश्रमिक तय गर्नुपर्छ ।
- श्रम आयोग प्रभावकारी हुँदैछ, श्रम अदालत भत्कँदै छ ।
- बजार मूल्य र आश्रित परिवारसमेतका आधारमा विचार गर्नुपर्छ ।

**दिपक पौडेल**

- श्रकिको पहिले तोकिएको ज्याला पर्याप्त थिएन, त्यो पनि लागू भएन ।
- अन्तर्राष्ट्रिय श्रम सङ्गठनको ११ अभिसन्धि पारित गरिसकेपछि धारा १३१ अन्तर्गत न्यूनतम पारिश्रमिक तोक्नैपर्छ ।
- रोजगारदाता, सरकार र कामदारको त्रिपक्षीय प्रतिनिधित्वका आधारमा समिति बन्नुपर्छ र त्यहाँ धारा ९८ बमोजिम सामूहिक सौदावाजी पनि चल्छ ।

**तारानाथ दाहाल**

- मिडियामा ट्रेड युनियन कमजोर छ ।
- मिडियालाई प्रतिष्ठानको व्याख्या गरिएको छ र उनीहरुले पद वर्गीकरण गरेर सबै पदको न्यूनतम पारिश्रमिक तोक्नुपर्छ ।
- मिडियाको प्रकृति बुझ्ेर ट्रेड युनियन गठन गर्नुपर्छ ।
- सरकार र निजी सबै सञ्चार प्रतिष्ठानमा एउटै कानुन लागू हुने अवस्था सिर्जना गर्नुपर्छ ।

**विष्णुहरि ढकाल**

- न्यूनतम पारिश्रमिक + सेवा-सुविधा प्याकेजमा निर्धारण गर्नुपर्छ ।

**खगेन्द्र खत्री**

- ट्रेड युनियन अधिकार स्थापित गर्नुपर्छ, अन्यथा कानुन कार्यान्वयन गराउन सहज हुँदैन ।
- पदको न्यूनतम मात्रै तोके पुग्छ, पद अनुसार जरुरी छैन ।
- अदक्ष/अर्ध दक्ष/ दक्ष/ उच्च दक्ष गरेर गरिएको वर्गीकरण नै गलत छ ।

- उद्योगलाई विदेशी लगानी, स्वदेशी लगानी र सामान्य लगानीमा विभाजन गर्नुपर्छ ।
- पूर्णकालीनलाई करारमा राख्न पाइँदैन ।

**हेमबहादुर विष्ट**

- रेडियो शोषणको क्षेत्र बनेको छ ।
- पत्रकारको 'लोयल्टी' कुनै मिडिया विशेषमा हुनैपर्छ । दसतिर काम गर्ने प्रवृत्ति अन्त्य गर्नुपर्छ ।

**भरत शाक्य**

- ट्रेड युनियनमा शारीरिक श्रमको कुरा गरिन्छ, तर पत्रकारिता बौद्धिक श्रम हो । यसको मूल्य फरक हुन्छ ।
- रेडियोको प्रकृति फरक हुन्छ । त्यसैले कुनै पद विशेष न्यूनतम तोकेर मात्र पुग्दैन, कार्यक्रम पिच्छे न्यूनतम तोक्न कति सम्भव होला ?

**राजधानीका सम्पादक/प्रकाशकसँगको अन्तरकृया**
**स्थान : अर्किड होटल**
**मिति : २०६४ पुस १८**
**समितिका तर्फबाट सहभागी : समितिका प्रायः सबै**

**गोपाल थपलिया**

- नेपालमा सामान्यतः ठूला, मध्यम र साना तीन खालका मिडिया छन् । केही 'नो हाउस' पनि छन् ।
- सुरुवात ठूला लगानीबाट गर्नुपर्छ ।
- हिजो पञ्चायतकालदेखि प्रजातन्त्रका पक्षमा लड्ने अखवारहरु त्यसै पनि बन्द हुने अवस्थामा छन् । यो कानुन कार्यान्वयन गर्दा बन्दै हुने अवस्थामा पुग्छन् ।

**नारायण सापकोटा**

- श्रमजीवी पत्रकारहरुको न्यूनतम पारिश्रमिक यस प्रकार हुनुपर्दछ :
  - घरभाडा ६,०००।-
  - खाना ५,०००।-
  - यातायात ३,०००।-
  - फोन २,०००।-
  - इन्टरनेट १,०००।-
  - अन्य ४,०००।-
- न्यूनतम २१,००० रुपियाँ तलव तोक्नुपर्छ ।

**एसबी थापा**

- मिडियालाई मालिकले मागी खाने भाँडो बनाएका छन् ।
- रेडियो चलाउन ल्याएको रकम छलेर खाने गरेका छन्

- रेडियो बन्द गर्छु भनेर श्रमजीवी पत्रकारलाई धम्क्याउने र अनियमित प्रसारण गर्ने गर्दा कामको ग्यारेन्टी हुन सकेको छैन ।

**बिन्दुकान्त घिमिरे, महासचिव, प्रेस युनियन नेपाल**

- सञ्चार प्रतिष्ठानले खर्चको ५ प्रतिशत पनि पारिश्रमिकमा लगानी गरेका छैनन् ।

**शिवलाल मल्ल, अध्यक्ष, ब्रोडकाष्टिङ एसोसिएशन अफ नेपाल**

- प्रसारण संस्थाहरु डुब्ने अवस्थामा छन् ।
- सरकारले कानुन बनाएर लागू गर भन्न मात्रै मिल्दैन ।
- सरकार कति सहयोग गर्न तयार छ, ऐनको कार्यान्वयन त्यसमा निर्भर गर्छ ।

**मदनकुमार श्रेष्ठ**

- पत्रिकाको आकारका आधारमा लागू हुने गरी पारिश्रमिक निर्धारण हुनुपर्छ ।
- श्रीमती प्रकाशक, म सम्पादक हुँ । हामी अरु श्रमजीवी पत्रकार वा कामदारभन्दा ६ गुणा बढी काममा खट्छौं । हामी श्रमजीवी हौं कि मालिक ?
- सरकारले सबैलाई समानुपातिक ढङ्गमा विज्ञापन उपलब्ध गराउनुपर्छ ।

**मदन लम्साल**

- जुनसुकै मिडियाले न्यूनतम पारिश्रमिक दिनैपर्छ ।
- वर्गीकरणमा अगाडि पर्न जुन ढङ्गमा दावी गरिएको हुन्छ, त्यही आधारमा पारिश्रमिक दिनुपर्छ ।

**देवप्रकाश त्रिपाठी, अध्यक्ष, साप्ताहिक पाक्षिक राष्ट्रिय सञ्जाल**

- सबै पत्रकार श्रमजीवी हुन, कोही पनि मालिक र श्रमजीवी मात्र छैनन् ।
- मानिस दुई प्रकारका हुन्छन्- पैसा कमाउने र देशका लागि योगदान गर्ने ।
- मान्छेको बुद्धिको मूल्य कति तोक्ने ? ज्यादाभन्दा ज्यादा तोक्नुपर्छ । तर, त्यसो गर्दा संस्था नै मर्‍यो भने के गर्ने ?
- चरणवद्ध लागु गर्नुपर्छ । नाफामुखी ठूला मिडिया हाउस, लगानी र जनशक्ति यसका आधार हुन सक्छन् ।
- साप्ताहिक अखवार नाफामुखी छैनन् । त्यसैले समितिले जति निर्धारण गरे पनि पारिश्रमिक दिने अवस्था छैन । पत्रकारिताबाहेक अरु काम नजान्नेका लागि बचाउने दायित्व कसको ?
- सरकारी विज्ञापन समानुपनतिक ढङ्गमा उपलब्ध नगराएसम्म साप्ताहिकहरु यो कानुन पालन गर्ने अवस्थामा छैनन् ।
- लाइसेन्स दिँदा पैसाका आधारमा मात्र दिइनु हुँदैन, अरु आधार पनि बनाइनुपर्छ ।
- सञ्चार संस्थाको पारदर्शिताको संयन्त्र बनाइनुपर्छ । (प्रतिवादः मदन लम्सालः व्यापारको आधारभूत सद्धान्तविपरीत पारिदर्शिताको कुरा गर्न पाइँदैन ।)

**इन्द्र बानिया**

- विदेशमा बसेर नेपाली मिडियाका लागि काम गर्नेहरुका लागि कस्तो व्यवस्था गर्ने ?

**विष्णुहरि ढकाल**

- यो ट्रेड युनियन अधिकार बुझाउने अभियान हो । पहिला सबै श्रमजीवीलाई अधिकारबारे सजग र सचेत बनाउनुपर्छ ।

**बबिता बस्नेत, अध्यक्ष, सञ्चारिका समूह**

- कमजोरी पत्रकार आफैंमा छ । कोही सुरुमा नामका लागि काम गर्न तयार हुन्छन् । त्यसपछि अधिकार खोज्ने प्रवृत्ति छ ।
- मिडियालाई वर्गीकरण गर्नुपर्छ । त्यो लगानीका आधारमा पनि गर्न सकिन्छ । त्यस अनुसार यसको कार्यान्वयन हुनुपर्छ ।

**प्रभात रिमाल, कान्तिपुर एफएम**

- सरकार आफैं लाइसेन्स बेचेर बसेको छ । कार्यान्वयनको जिम्मेवारी पनि सरकारको हो ।
- व्यवसाय चल्दैन भने बन्द गर्नुपर्छ, पैसा नदिई काम लगाउन पाइँदैन ।
- मिडिया के आाधारमा चलाउने हो, सरकारले लाइसेन्स दिनुअघि त्यसको ग्यारेन्टी खोज्नुपर्छ । धरौटी राख्ने व्यवस्था गर्न सकिन्छ ।

**तीर्थ कोइराला, कान्तिपुर टेलिभिजन**

- लगानीबिना मिडियाको लाइसेन्स दिनु हुँदैन ।
- पारिश्रमिक निर्धारण गर्दा 'रिस्क फ्याक्टर' हेर्नुपर्छ ।
- धान्न नसक्ने व्यवस्थापन चलाइ राख्न जरुरी छैन । सानो लगानी हो भने सानै ढङ्गमा चलाउनुपर्छ ।
- साप्ताहिक-पाक्षिक अखवारका हकमा मिसनका रुपमा देशका लागि गरेको योगदानको कदर हुनुपर्छ ।

**शिव गाउँले, उपसभापति, नेपाल पत्रकार महासंघ**

- कानुन लागू भइसकेको छ । कार्यान्वयनका लागि समिति वाधक छैन । समितिको काम अङ्क तोक्ने मात्र हो ।
- ठूला सञ्चार प्रतिष्ठान व्यापारिक स्वार्थमा चलेका छन् ।
- मिसनसँग जोडिएका अखवार पनि बन्द हुँदा सम्पादक वा सञ्चालकको हैसियत फेरिएको छैन ।
- समितिको कामले मिडिया क्षेत्रमा हलचल ल्याएको छ । यसको मर्ममा प्रवेश गरेर काम गर्न आग्रह गर्दछु ।

**हरिहर विरही**

- कानुन फेरि पनि आदर्श मात्रै हुनु हुँदैन ।
- कानुनको कार्यान्वयनले गलत नियति भोग्ने अवस्था नआओस् ।

- कसैका हक-हितका नाममा मिडिया नै बन्द हुने अवस्था आउन दिनु पनि हुँदैन ।

**स्थान : सूचना विभाग, संचारग्राम**
**मिति : २०६४ पुस २४**
**समितिका तर्फबाट सहभागी : सुरेश आचार्य, गोपाल बुढाथोकी**
**दैनिक पत्रपत्रिकाका सम्पादक र प्रकाशकसँगको छलफल**

**ओम शर्मा, अध्यक्ष, गोरखापत्र संस्थान**

- करारको अलग व्यवस्था छ । कर्मचारी र पत्रकारहरुको अलग वर्गीकरण छ ।
- सम्वाददातामध्ये आई ए उत्तीर्ण गरेकालाई ५००० र बी ए गरेकालाई ७००० दिइने गरेको छ । उपत्यकाकालाई यातायात भत्तासमेत दिइएको छ ।

**विजय चालिसे, सम्पादक, गोरखापत्र दैनिक**

- समस्या सरकारी सञ्चार माध्यमको होइन ।
- नियमावलीमा तोकिए बमोजिमको सेवा, सर्त हामीले उपलव्ध गराएका छौं ।
- उप सम्पादक ( ६ तह) देखि स्थायी नियुक्ति दिएर शाखा अधिकृतभन्दा थप सुविधा दिइएको छ ।
- करारमा जिल्लामा १३१ जना स्ट्रिन्जर र १९ जना उपत्यका स्ट्रिन्जर छन् ।
- जिल्ला करारमध्ये ५ जना वार्षिक, ३ जना त्रैमासिक र एक जना मासिक करारमा छन् ।
- समाचारको ७५ देखि ४५० रुपियाँसम्म र फोटोको १०० रुपैयाँदेखि ३०० रुपैयाँसम्म दिइएको छ । स्ट्रिन्जर हुन आइ ए उत्तीर्ण गरेको हुनुपर्छ । तर, कर्णाली र केही हिमाली जिल्लामा एसएलसी गरे पुग्ने प्रावधान छ ।
- स्थायीलाई एकथरी न्यूनतम र करारलाई अर्कोथरी न्यूनतम गरिनु उपयुक्त हुन्छ ।

**हेमराज ज्ञवाली, अध्यक्ष, कान्तिपुर प्रकाशन**

- ट्रेड युनियनले ३ घण्टा काम गर्ने साइकल ब्वायलाई स्थायी गर्नुपर्ने र न्यूनतम तलब दोब्बर बनाउन माग गरेका छन् । यो सम्भव छैन ।
- ट्रेड युनियनसंग सहमति गरेर काम चलाइराखेका छौं र श्रमजीवी पत्रकारसम्बन्धी नियमावलीलाई पर्खिराखेका छौं ।
- १५ प्रतिशतलाई मात्र करारमा राख्न पाइने कानुनी प्रावधानबारे चासो राखेका छौं । यो व्यवहारिक हुँदैन ।
- सम्पादक तहलाई सुविधामा गाडी उपलव्ध गराएका छौं ।
- नाफाबाट विमा र औषधी भत्तासमेत दिएका छौं ।
- तल्लो तहको मात्र वर्गीकरण गरियोस्, अरु संस्थाले आफैं गर्छ ।

**मदन श्रेष्ठ (मध्यान्ह दैनिक), दैनिक पत्रिका राष्ट्रिय सञ्जाल**

- आकार/ पाठक सङ्ख्या सानो भएका अखवार चलाएका छौं ।

- ५ जना काम गर्ने छन्, उनीहरुले २००० देखि ५०००/- सम्म पाएका छन् ।
- ८ जना साइकल ब्वाइ छन्, उनीहरुलाई १२ सय देखि २ हजारसम्म दिइएको छ ।
- हकरले कमिसनमा काम गरेका छन् ।

**स्नेह सायमी, अध्यक्ष, नयाँ प्रकाशन प्रा लि**

- हामीले रु. २० हजारदेखि ४ हजारसम्म दिएका छौँ ।
- व्यावहारिक पक्षलाई ध्यान दिनुपर्छ ।

**स्थान : साप्ताहिक सञ्जालको कार्यालय, थापाथली**
**मिति : २०६४ पुस २७**
**समितिका तर्फबाट सहभागी : सुरेश आचार्य र गोपाल बुढाथोकी**
**सहभागीहरु- देवप्रकाश त्रिपाठी, परशु घिमिरे, गोपाल बुढाथोकी, किशोर श्रेष्ठ, दामोदर दवाडी, मनऋषि धिताल, सुरेश आचार्य**

- पारिश्रमिक दिने हैसियतमा साप्ताहिक अखवारहरु छैनन् ।
- सरकारी विज्ञापन एउटै बास्केटमा राखेर समानुपातिक रुपमा वितरण गर्नुपर्छ । कानुनको कडाइ साथ पालना गरिनुपर्छ । विचार पत्रकारिता र मिसन पत्रकारिताको संरक्षण गरिनुपर्छ ।
- कार्यान्वयनको आधार
  - पुँजी लगानी र कारोवार रकम
  - चरणवद्ध कार्यान्वयन
    - नाफामा गएका
    - दैनिक र टेलिभिजन
    - एफएम रेडियो
    - साप्ताहिक/पाक्षिक
- मोफसलका लागि पारिश्रमिकको छुट्टै आधार बनाउनुपर्छ ।
- लागू गर्दा निश्चित आधारमा सबैमा लागू गर्ने सरकारको अडान हुनुपर्छ ।
- साँच्चैका पत्रकार र पत्रकारिता जोगाउने काम गर्नुपर्छ ।
- विदेशी लगानीको आधार स्पष्ट हुनुपर्छ । काम गर्ने नेपालीको सङ्ख्या निश्चित हुनुपर्छ । सेवा-सुविधा नेपाली लगानीको भन्दा बढी दिनुपर्छ ।
- आर्थिक प्रशासन नियमावली- २०५६ मा संशोधन गरेर समानुपातिक विज्ञापन नीति लागू गर्नुपर्छ ।
- गोजी पत्रकारिता र ऐजेरु पत्रकारितालाई निरुत्साहित गरिनुपर्छ ।
- भौतिक पूर्वाधारको विकास नगरी गरिने पत्रकारितालाई रोक्नुपर्छ ।

**सञ्चारकर्मीहरुको विविध संगठनहरुसँग आवद्ध पत्रकारहरुसँग भएको अन्तर्क्रिया**
**स्थान : सूचना विभाग, संचारग्राम**
**मिति : २०६४ माघ १० गते**
**समितिका तर्फबाट सहभागी : सुरेश आचार्य, गोपाल बुढाथोकी, वसन्त चित्रकार**

**देवेन्द्र गौतम, सम्पादक समाज नेपाल**

- के, कति कसरी पारिश्रमिक दिनुपर्ने हो सो को आधारशिला तयार गरि सिफारिश गर्ने र त्यसका आधारमा सञ्चार माध्यम आफैंले पारिश्रमिक निर्धारण गर्न सकिने व्यवस्था हुनुपर्छ । यति नै पारिश्रमिक दिनुपर्छ भनेर किटानीका साथ भन्न नमिल्ने र साप्ताहिक पत्रिकामा काम गर्ने सञ्चारकर्मीको पारिश्रमिक तोक्नु व्यावहारिक हुन्छ ।

**तेजप्रकाश पण्डित, नेसनल युनियन अफ जर्नालिस्ट**

- मिडिया पिपुल कसलाई भन्ने हो ? यकिन गर्नुपर्छ ।
- पारिश्रमिक थोरै श्रेणीमा विभाजन गरिदिनुर्छ । श्रेणी अनुसार पारिश्रमिक उल्लेख गर्नुपर्छ । तह बनाई पारिश्रमिक निर्धारण गर्नु हुँदैन ।

**गोपाल थपलिया, प्रधान सम्पादक, छलफल**

- साप्ताहिक पत्रिकामा कार्यरत पत्रकारहरलाई आ-आफ्नो परिस्थिति अनुसार पारिश्रमिक दिंदै आएको र न्यूनतम रु ३३००/- मासिक दिई आएको छु ।
- न्यूनतम पारिश्रमिक निर्धारण गर्दा सञ्चार गृहहरुलाई ठूला, मझौला र साना गरी वगीकरण गर्नुपर्छ । उक्त वर्गिकरण अन्तरगत श्रेणी बनाई छुट्टाछुट्टै पारिश्रमिकको दररेट निर्धारण गर्नुपर्छ ।
- ठूला दैनिक पत्रिकामा काम गर्ने प्रधान सम्पादक र साप्तहिक पत्रिकामा काम गर्ने प्रधान सम्पादकको पारिश्रमिक फरक भए पनि समाजमा उत्ति नै स्तर देखिनुपर्छ ।
- लोकतान्त्रिक पक्षमा क्रियाशील पत्रकारहरुलाई विशेष पारिश्रमिक र सम्मान दिनुपर्छ ।

**विकास रौनियार, नेपाल फोटो पत्रकार सङ्घ**

- फोटो पत्रकार चौबीसै घण्टा कार्यरत रहनुपर्ने भएकोले विशेष सुविधा दिई पारिश्रमिक तोक्नुपर्छ ।
- नेपालमा फोटो पत्रकारहरुले क्यामरालगायतका साधनहरुको व्यवस्था आफैंण्ले गर्नुपर्ने भएकोले त्यसका लागि पनि पारिश्रमिकको व्यवस्था हुनुपर्छ ।
- फोटो पत्रकारहरुलाई शैक्षिक योग्यताका आधारमा भन्दा निजले हासिल गरेको सीप, दक्षता र अनुभवको आधारमा पारिश्रमिक दिनुपर्छ ।
- न्यूनतम पारिश्रमिक रु १६,०००/- प्रति महिना हुनुपर्छ ।

**समीरजङ शाह, नेपाल प्रेस युनियन**

- कार्य समय अवधि अनुसार पारिश्रमिक निर्धारण गर्नुपर्छ ।
- धेरै सञ्चारकर्मीहरु एक मात्र सञ्चार गृहमा कार्यरत रहन सक्ने भएकोले पूर्ण र आंशिक समयावधिमा विभाजन गरी छुट्टा-छुट्टै पारिश्रमिक दर तोक्नुपर्छ ।

**उपत्यका रेडियो प्रसारक मञ्चसँग आवद्व रेडियो सम्पादकहरुसँगको अन्तरकृया**
**स्थान : उपत्यका रेडियो प्रसारक मञ्चको कार्यालय, कमलपोखरी**
**मिति : २०६४ माघ २०**
**समितिका तर्फबाट सहभागीः सुरेश आचार्य, स्नेह सायमी, विनोद ढुंगेल, निमबहादुर बुढाथोकी ।**

- होटलको (स्टार) वर्गीकरण जस्तै एफ. एम. रेडियोको पनि वर्गीकरण हुनुपर्छ । प्रिन्ट र रेडियोको फरक आधारमा वर्गीकरण हुनुपर्छ ।
- हार्डवेयर र सफ्टवेयरमा लगानी गर्न सक्ने तर मानवीय स्रोत साधनमा लगानी नगर्ने प्रवृत्ति हावी छ ।
- निश्चित समय चलाउने पुँजीको ग्यारेन्टी गर्न लगाउनुपर्छ ।
- रेडियोको कामको प्रकृति अनुसार सबैलाई स्थायी गर्न सकिँदैन । कार्यक्रम प्रस्तोता आंशिक मात्रै हुन्छ । तर, आवधिक काम गर्नेले नियमित गर्नेले भन्दा बढी पारिश्रमिक र सुबिधा पाउनुपर्छ । स्वयमसेवा गर्नेहरुबारे पनि सोचिनुपर्छ ।
- १५ प्रतिशत मात्रै करार कम भयो ।
- रेडियो सञ्चालन व्यापार हो कि समाज सेवा ? फरक छुट्याउनुपर्‍यो ।
- पत्रकार वा कामदारको मात्र संरक्षण गरेर पुग्दैन, कामको निरन्तरताको ग्यारेन्टी कसले गर्ने ?
- राम्रा मान्छे ठूला हाउसमा जाने र नराम्रा मात्रै सानाले पाल्ने ठेक्का लिने अवस्था नआओस् ।
- ऐनलाई वैकल्पिक नबनाऔं, कार्यान्वयनको वातावरण पनि बनाऔं ।
- मिडियाको स्रोत-साधनका लागि राज्यको दायित्व पनि हुनुपर्‍यो ।
- कुनै बेला ‘हिट’ भएका कार्यक्रम सधैं ‘हिट’ हुन्छ भन्ने छैन । त्यसका सञ्चालकलाई के आधारमा स्थायी गर्ने ?
- रेडियोको प्रकृति बुझिएन, त्यस अनुरुपको कानुन बनेन, त्यसैले अरु मिडियाभन्दा फरक रुपमा हेरिनुपर्छ ।
- मिडिया ग्रेडिङका आधारमा तलव तोकिनुपर्छ ।
- राज्यको दायित्वबारे सुझावसहितको सिफारिस समितिले गरोस् ।

**प्रेस काउन्सिलले गरेको एफएम रेडियो अन्तर्क्रिया**
**स्थान : होटल मल्ला, लैनचौर**
**मिति : २०६४ चैत ६**
**समितिका तर्फबाट सहभागी : सुरेश आचार्य**

**रघु मैनाली**

- वर्गीकरण गर्दा संस्थागत विकासलाई ध्यान दिनुपर्छ । कुन मिडिया कति वर्षदेखि चलिराखेको छ भन्ने हेर्नुपर्छ ।
    - मुद्दा विचारधीन हुँदा पदमा अर्को नियुक्ति गर्न दिनु हुँदैन ।
    - रचनात्मक पेसा मानेर समयको बन्देज राख्नुपर्छ ।
    - क्षमता विस्तार भएपछि पनि यथास्थानमा राख्न पाइँदैन ।
- क्षमता विकासमा पत्रकार र कामदार आफूले पनि चासो राख्नुपर्छ ।

**विष्णुहरि ढकाल**

- कुनै पनि मिडिया दायित्व पूरा नगरी आफूखुसी बन्द गर्न पाइँदैन ।
- ऐन पालन नगर्ने आफैँ बन्द हुन्छन् । कार्यान्वयनका लागि सहयोग गर्न हामी तयार छौँ ।

**कमला कँडेल/ विराटनगर**

- समुदायलाई नै नीति निर्माणमा राखेका छौँ ।
- सामुदायिक रेडियोमा पनि तलवमान निर्धारण जरुरी छ ।

**चन्द्र न्यौपाने/ स्टेसन म्यानेजर कोसी एफएम**

- २०६३ पुस १ देखि सबैलाई पारिश्रमिक तोकी स्थायी नियुक्ति दिइएको छ ।
- कमाइका आधारमा तलव थपघट गर्न सकिने सर्त राखिएको छ ।
- रेडियोमा लगानी धेरै तर वृत्ति विकासमा निकै कम छ ।

**रीताराज गुरुङ/ नेपाल टेलिभिजन**

- ४/५ महीना सित्तैमा काम लगाउने र त्यसपछि हटाउने चलन छ ।
- न्यूनतम पारिश्रमिक तोकिनै पर्छ ।
- नियुक्तिपत्र अनिवार्य गर्नुपर्छ ।

**मिडिया सोसाइटीका पदाधिकारीसँगको अन्तर्क्रिया**
**स्थान : मिडिया सोसाइटीको कार्यालय**
**मिति : २०६५ बैशाख १६**
**समितिका तर्फबाट सहभागी : सुरेश आचार्य, गोपाल बुढाथोकी, स्नेह सायमी**
**सहभागीहरु : कैलाश सिरोहिया, उज्वल शर्मा, आर के मानन्धर, महेन्द्र शेरचन,**

- समितिको प्रस्ताव भइदिए त्यसमा छलफल गर्न सजिलो हुने थियो ।
- रेडियो र टेलिभिजनमा काम गर्ने प्रकृति फरक छ ।
- समाचारवाचन गर्ने र कार्यक्रम चलाउनेलाई अरु पत्रकारसरह व्यवहार गर्न सकिँदैन ।
- संस्थागत सोच र व्यक्तिगत स्वार्थलाई एकै ठाउँमा मिसाएर हेर्न मिल्दैन ।
- पद वर्गीकरण गर्दा न्यूनतम र अधिकतम पद मात्रै तोकियोस् र ती पदको न्यूनतम पारिश्रमिक निर्धारण गरियोस् ।
- कुनै पनि श्रमजीवीले पाउने अन्तिम पारिश्रमिक दुई पक्षबीच बसेर सहमतिको आधारमा तय गर्न व्यवस्थापनलाई बाटो खोलिदिनुपर्छ ।
- समितिले कसैप्रति पक्षपोषण गर्दैन भन्ने हाम्रो विश्वास छ ।
- सोसाइटीका सबै सदस्यसँग यसबारे छलफल गरेपछि समितिका पदाधिकारीलाई आफैँ खबर गरेर छलफल गर्नेछौं ।

**देशभरका एफ. एम. रेडियो प्रसारकहरुसँगको अन्तर्क्रिया (सौजन्यः इक्वल एक्स्प्रेस)**
**स्थान : वर्ल्ड ट्रेड सेन्टर, त्रिपुरेश्वर**
**मिति : २०६५ असार १०**
**समितिका तर्फबाट सहभागी : सुरेश आचार्य**

**मञ्जु मिश्र (सीजेएमसीजे एफ.एम.)**

- रेडियो वर्गीकरणमा वाट प्रणाली ठीक छ।
  व्यापारिक, सामुदायिक, शैक्षिक र पब्लिक गर्ने हो भने यसभित्र पनि आम्दानी र कारोवारका आधारमा फरक वर्गीकरण गर्नुपर्छ।
- कममा काम गर्न चाहन्छु भन्नेलाई के गर्ने ?
- धेरै ठाउँमाकाम गर्नेलाई कसरी स्थायी नियुक्ति दिने ?

**भरत पोखरेल, बुटवल एफ.एम.**

- कसरी सञ्चालन भइरहेका छन् भन्ने सुनुवाइ हुनसकेको छैन।
- राज्यले दिने सुविधाबारे के गर्नुहुन्छ ?

**बुद्धिबहादुर के.सी., रेडियो नेपाल, धनकुटा**

- रेडियोको कार्यक्रमको प्रकृतिका आधारमा पब्लिक, सामुदायिक र व्यापारिक भनेर वर्गीकरण गर्नुपर्छ।
- एस एल सी उत्तीर्ण गरेपछि तह निर्धारण गर्नुपर्छ।
- पद जे हो, त्यसको न्यूनतम पारिश्रमिक तोक्नुपर्छ।

**रेशम चौधरी, कैलाली**

- पीडक र पीडित को हुन् ? सहरमा खुलेको कि गाउँमा ? प्रस्ट भएन।

**गुणाकर अर्याल, मदनपोखरा**

- व्यापारिक र सामुदायिक भनेर वर्गीकरण हुनुपर्छ।
- सरकार एउटा ऐन पारित र्न सक्दैन, कसरी देशभरि लागू हुन सक्छ ?
- सङ्गीत र समाचार रेडियो चलाउनेबीच भिन्नता खोज्नुपर्छ।
- सरकारले एफएम रेडियोका लागि कति योगदान गरेको छ र उनीहरुले सरकारको कानुन कसरी लागू गर्न सक्छन् ?

**टीपी भूसाल, भैरहवा, सिद्धार्थ एफ.एम**

- रेडियो कुन स्वार्थले खोलेको हो, प्रस्ट गर्नुपर्छ।
- शैक्षिक योग्यताका आधारमा पारिश्रमिक निर्धारण हुनुपर्छ।

**देवराज**

- व्यापारमुखीलाई हेरेर मात्र प्रतिवेदन बनाउनु भएन।

- सामुदायिक र व्यापारिक भनेर नै वर्गीकरण गर्नुपर्छ ।
- कोही स्वयमसेवा गर्न आउँछ भने उसलाई के गर्ने ?

**गोविन्द देवकोटा, नारायणी एफ एम**

- रेडियो वर्गीकरणका लागि राज्यले छुट्टै आयोग बनाउनुपर्छ, प्रेस काउन्सिलको वर्गीकरण न्यायोचित छैन ।

**मीनबहादुर सिंह, बझाङ**

- स्वयंसेवक राखेन भने सामुदायिक रेडियो बन्द हुन्छन् ।
- सामाजिक परिवेश/ भौगोलिक आधार/ सङ्घीयता आदि आधारमा रेडियो वर्गीकरण गर्नेबारे सोच्नुपर्छ ।

**दिनेश थपलिया, हाम्रो एफएम, चितवन**

- एसएलसी मात्रै गरेका स्टेसन मेनेजर छन्, उनीहरुको तलव कति तोक्ने ?
- आंशिकबाट कम काम हुन्छ । उनीहरुलाई उल्टै ५० प्रतिशत थप दिने प्रावधान ठीक छैन ।

**उज्ववल चौलागाइ, हेटौंडा एफ.एम.**

- रेडियो वर्गीकरण गरेर पारिश्रमिक तोक्नुपर्छ ।
- पत्रकारलाई मुखिया साप भन्ने अवस्था नआओस् ।

**अर्जुन गिरी, तुल्सीपुर एफ.एम., दाङ**

- एफ.एम. लाई व्यापारिक, सामुदायिक र पब्लिक भनेर वर्गीकरण गर्नुपर्छ ।
- प्रशासनिक, प्रविधिक र समाचार शाखामा काम गर्नेको फरक वर्गीकरण गर्नुपर्छ ।

**सुरेन्द्रमान प्रधान, पालुङ**

- कार्यक्रमका आधारमा रेडियोको वर्गीकरण गर्नुपर्छ ।
- वाटलाई आधार बनाउनुपर्छ ।
- पत्रकार बचाउने नाममा रेडियो मार्ने काम नहोस् ।
- करारमा धेरै राख्ने व्यवस्था हुनुपर्छ, ५० प्रशित आंशिक राख्न पाउनुपर्छ ।

**योगेन्द्र तिमिल्सिना, टिकापुर एफ. एम.**

- सबैखाले कर खारेज हुनुपर्छ ।
- कार्यक्रम प्रसारणका आधारमा सरकारले अनुदान दिने व्यवस्था हुनुपर्छ ।
- अपलिङ्क गर्नेलाई ठूलो मान्ने परम्परा गलत हो ।

**चन्द्र भण्डारी, कञ्चनजङ्घा**

- सीमा क्षेत्रमा एफएम चलाउनेका समस्या आफ्नै छन् ।

- हाम्रा रेडियोको क्षमता बढाउन माग गर्दा आश्वासन मात्र दिइन्छ । काम हुदैन । यो सरकारको रेडियो बन्द गर्ने नियत त होइन ?
- सरकारको वर्गीकरण मात्रै हामीले किन मान्ने ?

**ऋषिराज लुम्साली, कञ्चनपुर**

- रेडियोको स्थिति कस्तो छ, उसको आम्दानीको आधारमा वर्गीकरण गर्नुपर्छ ।

**विशेषज्ञसँगको अन्तर्क्रिया**
**स्थान : सूचना तथा संचार मन्त्रालय, सिंहदरबार**
**मिति : २०६५ असार ११**
**समितिका तर्फबाट सहभागी : समितिका पदाधिकारीहरु**

**रमेश बडाल**

- पारिश्रमिक निर्धारण
  - तह अनुसार गर्ने कि तल्लो तहको मात्र भन्ने प्रस्ट हुनुपर्छ ।
  - सबै तहको गर्दा न्यूनतम नै अधिकतम पारिश्रमिकमा रुपान्तरण हुने खतरा हुन्छ ।
  - जति धेरै पद बनायो, पुनरावलोकन गर्दा हरेक पटक विवाद आउन सक्छ ।
- श्रमिकका क्षेत्रमा चार वर्ग मात्रै छ र अदक्षको रु. ३३०० र उच्च दक्षको रु. ३६०० मात्र पारिश्रमिक छ ।
- मिडियालाई भौगोलिक आधारमा वर्गीकरण गर्नु उपयुक्त हुन्छ ।
- आंशिकको व्यवस्थाबारे प्रष्ट हुनुपर्छ ।
- पद वर्गीकरणमा धेरै तह राख्दा तलवमान तोके जस्तो हुन्छ ।
- न्यूनतम पारिश्रमिक मात्रै तोक्ने काम गरौं ।
- अदक्ष र दक्ष भन्ने पत्रकारितामा लागू हुदैन ।
- पारिश्रमिकका चार प्रकार छन् :
  - हाड, छाला र आत्मा टिक्न सक्ने ज्याला
  - चार जनाको जीवन बाँच्न पुग्ने ज्याला
  - उचित ज्याला
  - आरामदायी जीवन बाँच्न पुग्ने ज्याला

**डा. नारायण मानन्धर**

- बाँच्न चाहिने रकम न्यूनतम भनेर तोक्नुपर्छ ।
- न्यूनतम तोकेपछि त्यति मात्र दिए पुग्ने भन्ने मान्यता हुनसक्छ ।
- सौदावाजीको अधिकारबारे श्रमजीवीलाई सचेत बनाउनुपर्छ ।
- श्रमिक क्षेत्रमा चिया, कृषि र औद्योगिक क्षेत्रमा अलग-अलग पारिश्रमिक छ ।
- सहज खाका बनाउनुपर्छ ।
- हाल निजामती सेवामा पियन र सचिवको तलव अनुपात १ : ७ छ, यसलाई कम गर्नुपर्छ ।

**चिरञ्जीवी नेपाल**

- पत्रकारको तलब तोक्ने काम निकै कठिन हो ।
- अति उच्च प्रविधिसँग जोडिएको काम भएकाले यो त्यति सहज छैन ।
- सरकार र संस्थानको कर्मचारी जस्तो हुँदैन ।
- कामको प्रकृति, कार्यसम्पादन र आयका आधारमा पारिश्रमिक निर्धारण गर्नुपर्छ ।
- धेरै तह राख्दा गलत सन्देश जान सक्छ ।
- सक्दो कम तह राख्नुपर्छ जति धेरै तह भयो त्यति बढी असन्तुष्टी हुन्छ ।
- मिडियाको वर्गीकरणको आधारसँग सहमत छु । अर्को आधार भौगोलिक पनि हुन सक्छ
- पत्रकारिता प्राविधिक पेसा हो, विशेषज्ञताको कुनै तह हुदैन । यो जटिलतालाई सम्वोधन गर्न सजिलो छैन ।

**राजेन्द्र नेपाल, उपसचिव, सूचना तथा सञ्चार मन्त्रालय**

- तह र पद दुबै वर्गीकरण गर्नुपर्छ ।
- सबै तहको पारिश्रमिक निर्धारण गर्नुपर्छ ।
- छापा माध्यमलाई राष्ट्रिय⁄ क्षेत्रीय⁄ स्थानीय गरेको ठीकै होला, तर हाल यस्तो वर्गीकरण नभएकाले प्रतिवेदन कार्यान्वयनमा वाधा पुग्न सक्छ ।
- एफएम रेडियोलाई सामुदायिक⁄ व्यापारिक रुपमा वर्गीकरण गर्न कानुनी असजिलो छ ।

**सञ्चार प्रतिष्ठान र सङ्घ-संस्थाका प्रतिनिधिसँग गरेको छलफल गरेको छलफल**
**स्थान : साप फाल्चा, बबरमहल**
**मिति : २०६५ असार २१**
**समितिका तर्फबाट सहभागी : समितिका पदाधिकारीहरु**

**राजेन्द्र दाहाल**

- प्रसारण माध्यमलाई राष्ट्रिय, क्षेत्रीय र स्थानीय छुट्याउन सजिलो छैन । छापामा ५० प्रतिशत जिल्लामा पुगकोलाई राष्ट्रिय मानिएको छ ।
- प्रसारण माध्यम पनि अनुगमन गर्नुपर्छ । अनुगमन गर्न अभिलेख चाहिन्छ । काठमाडौं-आधारित भएकाले सम्भव छ तर एउटा रेडियो अनुगमन २ लाख ५० हजारदेखि ३ लाखसम्म लाग्छ ।
- तत्काललाई स्वघोषणालाई आधार मान्नुपर्छ र त्यसको आधार सार्वजनिक गर्नुपर्छ ।
- पद वर्गीकरण गर्दा तह नराखौं, योग्यताको आधारमा आफैं निश्चित भइहाल्छ ।
- पत्रकारितामा सङ्ख्या बढेको छ, गुणस्तर छैन । योग्यता निश्चित गरिनुपर्छ । कम्तिमा १२ कक्षा र ३ महिनाको तालिम अनिवार्य गर्नुपर्छ ।
- अनलाइन पत्रकारिताबारे पनि बोल्नुपर्छ ।
- स्थायी ८५ प्रतिशत + करार १५ प्रतिशत गरिएको छ । कसैले आंशिक मात्र गर्न चाह्यो भने के गर्ने ? त्यसैले स्थायी गर्न बाध्यकारी बनाउनु हुँदैन ।

- सञ्चार गृहले नाफा गर्छ भने निश्चित प्रतिशत कल्याणकारी कोषमा राख्न लगाउनुपर्छ ।

**शुभशङ्कर कँडेल**

- अनुगमन प्रणालीलाई बलियो बनाउनुपर्छ ।
- लेखापरीक्षणलाई अनिवार्य गरिनुपर्छ ।
- सांस्कृतिक साम्राज्यवादलाई मान्यता दिनु हुँदैन ।
- नेटवर्किङ रेडियोसँग स्थानीय रेडियोले प्रतिष्पर्धा गर्न सक्दैन
- टेलिभिजनमा रिपोर्टनर र उत्पादनमा सहायक निर्माता, सह निर्माता, कार्यकारी प्रमुखको पद मिलाएर राख्नुपर्छ ।
- केवल टेलिभिजनले स्थानीय समाचार दिन पाउने कि नपाउने ? दिने गरेको पाइएकाले यसका बारे केही बोल्नुपर्छ ।

**महेन्द्र विष्ट**

- न्यूनतम् पारिश्रमिक तोक्दा खाइपाई आएकोमा नघट्ने गर्नुपर्छ । अन्यथा अन्य सुविधाबाट मेल खाने गराउनुपर्छ ।
- मिडियाको प्रकृतिका आधारमा पारिश्रमिक कम गर्नु हुँदैन
- पद वर्गीकरण गर्दा अरु सङ्गठनमा भइरहेकासँग मेल नखाने स्थिति हुनसक्छ । त्यसैले यति लामो पद वर्गीकरण गर्न हुँदैन ।
- रेडियोको वर्गीकरण पुनरावोलोकन गर्नुपर्छ ।
- पद वर्गीकरण शैक्षिक आधारमा पनि गरियोस् ।
- सबै अवधारणा बजार-केन्द्रित बनाइयो भने धेरै सञ्चारमाध्यम बन्द हुन्छन् ।
- बहुराष्ट्रिय कम्पनीले मात्र सञ्चारमाध्यम चलाउने स्थिति नआओस् ।
- बङ्गलादेशको मोडल उपयुक्त लाग्यो उनीहरुलाई प्याकेजमा सुविधा दिने चलन रहेछ ।

**रामजी दाहाल**

- राष्ट्रिय र स्थानीय दुई वर्ग मात्र राख्नुपर्छ ।
- दैनिक र म्यागेजिन तथा पाक्षिक म्यागेजिनलाई साप्ताहिकमा राख्न हुँदैन
- पाक्षिक अलग वर्ग गर्नुपर्छ ।
- स्टेशन म्यानेजर अलग व्यवस्था गर्नुपर्छ ।
- पत्रपत्रिका/ रेडियो/ टेलिभिजनमा समान गरिएको छ । तर, रेडियो र टेलिभिजनमा बढी मिहिनेत पर्ने भएकाले फरक गर्नुपर्छ ।
- आर्थिक कारोवार पारदर्शी गर्न लगाउनुपर्छ ।
- योगदान गरेका बन्द हुन् भन्ने होइन । उनीहरुको उचित मूल्याङ्कन हुनुपर्छ ।
- सिंहदरबार छिर्न प्रेस पास लिने प्रवृत्तिलाई निरुत्साहित गर्नुपर्छ ।

- पत्रकार बचाउन र पत्रिका टिकाउन काम गर्नुपर्छ ।

**प्रवीण गिरी**

- मुद्रास्फीतिका आधारमा तलवमान तोकिनु पर्छ ।

**माधव शर्मा**

- कमाएकाले राम्रो दिने तर नकमाएकाले बाँच्न पाउने आधार बनाउनुपर्छ ।
- सञ्चार प्रतिष्ठानको सञ्चालक समितिमा श्रमजीवीलाई पनि राख्नुपर्छ ।
- तलव दिन नसक्नेले बन्द गर्नुपर्छ भन्नु भएन ।
- विज्ञापन नीति आएन भने कानुन लागू गर्न सजिलो छैन ।
- लोकतान्त्रिक आन्दोलनमा लागेका मिडियाको अवस्था राज्यले हेर्नुपर्छ ।

**स्नेह सायमी**

- सञ्चालकलाई 'थ्रेट' छ । त्यही भएर ठूला मिडिया छलफलमै आएका छैनन् । उनीहरुले समितिप्रति नकारात्मक धारणा राखेका छन् ।
- दिनुपर्नेले चासो नलिने/लिनुपर्ने मात्र चासो दिएर के गर्ने ?

**मीनबहादुर शाही**

- रेडियोमा राष्ट्रिय र स्थानीय भन्ने हुनु हुँदैन ।
- अवसर र कामका हिसावले त्यो फाइदा होला तर व्यावहारिक हुँदैन ।
- रेडियोले १ प्रतिशत कर तिर्न सक्दैन ।
- लोककल्याणकारी विज्ञापनको हिस्सेदार रेडियो पनि हुनुपर्छ ।

**सहजमान श्रेष्ठ**

- इन्टर्न र स्वयम्सेवीका बारेमा प्रस्ट हुनुपर्छ ।
- सामाजिक मूल्य र बजार मूल्य दुबैका आधारमा तलव र पद वर्गीकरण हुनुपर्छ ।

**सरोज दाहाल**

- बजार नबुझी मिडिया खोल्ने काम निरुत्साहित गर्नुपर्छ ।
- मिडिया खोलेर ठूलो प्रेस टाँगेर हिँड्ने अनि पारिश्रमिक नदिने गर्न पाइँदैन ।
- राज्यले कति सुविधा दियो, पत्रकारले कति पाए ? खोजी हुनुपर्छ ।

**किरण नेपाल**

- मिडियालाई बजार-केन्द्रित बनाउनुपर्छ ।
- व्यावसायिक बनाउने हो भने संरक्षण मात्रै गर्ने किसिमले हेर्नु हुँदैन

- प्रतिव्यक्ति आयभन्दा कम क्षमतामा तलव तोकिनुपर्छ ।
- एउटा समाचारको १०० रुपियाँ भए साप्ताहिकमा काम गर्नेले के ४०० मात्रै पाउने हो ? यो निकै कम भयो ।

**विष्णु निष्ठुरी**

- प्रतिवेदन छिटो कार्यान्वयन हुनुपर्छ ।
- संस्थागत रुप धारण नगरेका मिडिया पनि छन् । इतिहास बोकेकालाई मार्नु हुँदैन ।
- विज्ञापन नीति ल्याउन संयुक्त दवाव दिनु जरुरी छ ।

**गोपाल थपलिया**

- नैतिक पत्रकारिता टिक्नुपर्छ ।
- लोकतन्त्रका लागि लड्नेहरु मरे मरुन् भन्नु हुँदैन ।
- यसलाई सकारात्मक सुरुवातका रुपमा लिनुपर्छ ।

**समीरजङ्ग शाह**

- पारिश्रमिक तोक्नु र दिनुपर्छ ।
- राम्रो गर्नेलाई प्रोत्साहन गर्नुपर्छ ।
- राज्यसँग लिने कुरामा लडौँ ।
- पारिश्रमिक दिँदा मिडिया नै बन्द हुन्छ भन्ने मानसिकताबाट मुक्त हुनुपर्छ ।

**हेमबहादुर विष्ट**

- मानवीय प्रतिष्ठालाई अवमूल्यन गर्न मिल्दैन ।
- व्यावसायिक प्रतिस्पर्धालाई इन्कार गर्न सकिँदैन ।
- समग्र सञ्चार नीति परिमार्जन गर्न लागौँ ।